सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

१७ कात्तिक २०८२, सोमबार (3 Nov 2025, Monday) ■ नेपाल संवत् ११४६ ■ वर्ष १९ ■ अंक १९३ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

जेन-जी विद्रोहपछि ठप्प सवारी लाइसेन्सको सेवा आंशिक खुला

सुरक्षण मुद्रण केन्द्रसँग ६ महिनामा १२ लाख लाइसेन्स छाप्ने गरी सम्झौता भइसक्यो, अहिलेको भन्दा १०० रुपैयाँ सस्तो पर्ने



मिलन विश्वकर्मा/नयाँ पत्रिका

जेन-जी आन्दोलनका कारण यातायात व्यवस्था विभागमातहतका संरचनामा भएको क्षतिपछि रोकिएको सवारी लाइसेन्स सेवा आंशिक रूपमा खुला गरिएको छ। विभागले आइतबार सूचना जारी गर्दै उपत्यकाका चार कार्यालयबाट लाइसेन्स सेवा आंशिक खुला भएको जनाएको छ। सम्भवतः सोमबारदेखि उपत्यकाका कार्यालयहरूले नयाँ लाइसेन्सको आवेदन खुलाउनेछन्।

विभागका सूचना प्रविधि शाखा प्रमुख (निर्देशक) केशव खतिवडाले पहिलो चरणमा काठमाडौं उपत्यकाका चार कार्यालय (एकान्तकुना, राधेराधे, चाबहिल र सानो भन्याङ)बाट आंशिक सेवा सुरु भएको बताए। उनले आगामी दिनमा क्रमशः अन्य कार्यालयबाट पनि सेवा विस्तार गरिने जनाएका छन्।

विभागको सूचनाअनुसार हाललाई नयाँ लाइसेन्सका लागि आवेदन दिने र पुरानो लाइसेन्स नवीकरण गर्न पाउने सेवा सुरु भएको छ। यसबाहेक सवारी दर्ता र नवीकरणका साथै राजस्व भुक्तानीको सेवासमेत सुरु भएको विभागले जनाएको छ। विभागले नयाँ प्रविधिमा आधारित भएर सवारी दर्ता तथा नवीकरण र इम्बोस्ड नम्बर प्लेटसम्बन्धी सेवाबारे भने निर्णय गरेको छैन।

'कात्तिक १६ देखि काठमाडौं उपत्यकाका यातायात व्यवस्था कार्यालयहरूबाट विद्युतीय सवारीचालक अनुमतिपत्र र सवारी दर्ता सेवा आंशिक रूपमा सञ्चालन भएको व्यहोरा जानकारी गराउँछौं,' विभागको सूचनामा छ, 'अन्य यातायात व्यवस्था कार्यालयहरूमा विद्युतीय सवारीचालक अनुमतिपत्र र सवारी

» पृष्ठ २ मा क्रमशः

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

■ यातायात व्यवस्था विभागका सूचना प्रविधि शाखा प्रमुख **केशव खतिवडा** भन्छन्-



आवश्यक तयारी भएपछि सुरक्षण मुद्रण केन्द्रबाट दैनिक २५-३० हजार लाइसेन्स छाप्न सकिन्छ। अहिले करिब २५ लाख चालक लाइसेन्सको पर्खाइमा छन्। तर, अहिले हामीसँग १२ लाख लाइसेन्स छाप्न पुग्ने बजेट छ। तसर्थ, ६ महिनामा १२ लाख लाइसेन्स छाप्ने गरी सम्झौता भएको छ। यद्यपि, तीन महिनाभित्रै १२ लाख लाइसेन्स छाप्न सकिने देखिन्छ। आवश्यक बजेट व्यवस्था गरेर बाँकी लाइसेन्स छाप्ने प्रक्रिया पनि अघि बढ्छ। अब पहिलाजस्तो लाइसेन्सकै लागि वर्षौं कुर्ने अवस्था अन्त्य हुन्छ।

■ नयाँ लाइसेन्समा चिप्स नहुने, पाँच तहको क्युआर

विभागका अनुसार केन्द्रबाट छापिने लाइसेन्स पनि स्मार्ट कार्ड नै हो। तर, यसमा पहिलेजस्तो चिप्स प्रयोग हुनेछैन, चिप्सको ठाउँमा सुरक्षा विशेषता (सेक्युरिटी फिचर्स) थपिएको क्युआर कोड रहनेछ।

अहिले प्रयोग भइरहेको लाइसेन्समा १८ वटा सुरक्षा फिचर्स थिए। नयाँ लाइसेन्समा तीमध्ये चार हटाइनेछन् र १४ वटा थपिनेछन्। यसो गर्दा नयाँ लाइसेन्समा २८ वटा सुरक्षा फिचर्स हुनेछन्। लाइसेन्सको अगाडिको भागमा सबै २८ फिचर्स तथा पछाडिको भागमा तीमध्येका १० फिचर्स पनि रहनेछन्। सुरक्षा फिचर्स मुद्रण केन्द्रकै विज्ञ कमिटीले निर्धारण गरेको हो।

विभागका अनुसार पहिलो तहको क्युआर सामान्य मोबाइलबाट स्क्यान गर्न सकिनेछ, जसमा चालक, उनका बुबा र बाजेको नाम तथा ठेगाना रहनेछ। यस्तै, दोस्रो तहको क्युआर ट्राफिक प्रहरीको विशेष डिभाइसबाट मात्र स्क्यान गर्न मिल्ने हुनेछ, यसमा लाइसेन्स जारी मिति, चालकको ब्लड ग्रुपलगायत विवरण रहनेछ।

यसबाहेक तेस्रो तहको क्युआरमा लाइसेन्स जारी गर्ने अधिकारीको नाम, हस्ताक्षर, म्यादसम्बन्धी विवरण र ट्राफिक कारबाहीका अभिलेख रहनेछ। चौथो तहको क्युआरमा यातायात कार्यालयको 'एडमिन'लाई मात्र पहुँच हुनेछ। यसमा आवेदन मिति, ट्रायल मिति, पास-फेल विवरण, लाइसेन्सको वर्गलगायत विवरण रहनेछ। पाँचौं तहको क्युआरमा अहिलेका लागि 'खाली' छ, जसमा भविष्यमा आवश्यक सेवा-सुविधा थपिनेछ।

यसैबिच, नयाँ कार्डमा १० वर्षसम्मको ग्यारेन्टी दिइनेछ। यस अवधिमा कार्ड भाँचिने, रंग फिका हुनेजस्ता उत्पादनजन्य समस्या आएमा केन्द्रले निःशुल्क नयाँ कार्ड छापेर दिने बताइएको छ।

५२ अर्ब ऋणले थलिएको निगममा हजार कर्मचारी पहुँचका आधारमा भर्ती

०८०/८१ सम्म साढे १७ अर्ब रहेको वायुसेवा निगमको सञ्चित नोक्सानी चालू आवमा २० अर्ब नाघ्ने अनुमान

निगममा हाल कार्यरत दुई हजार चार कर्मचारीमध्ये नौ सय २६ जना मात्रै स्थायी छन्। पाँच सय ३९ अस्थायी, दुई सय ७३ करारका र दुई सय ६६ ज्यालादारीका छन्। उनीहरूमध्ये अधिकांश राजनीतिक पहुँचका आधारमा भर्ती गरिएका हुन्।

पवन तिमिल्सिना/नयाँ पत्रिका

सञ्चित नोक्सानी २० अर्ब नाघ्ने अनुमान गरिएको वायुसेवा निगम ५२ अर्ब ऋणमा छ। तर, ऋणले थलिएको यही निगमका एक हजारभन्दा धेरै कर्मचारीले राजनीतिक पहुँच लगाएर जागिर खाएका छन्।

'सार्वजनिक संस्थानको वार्षिक स्थिति समीक्षा, ०८२' अनुसार पाँच सय ३९ अस्थायी, दुई सय ७३ करार र दुई सय ६६ ज्यालादारीका रूपमा कुल एक हजार ७८ कर्मचारी पहुँच लगाएर निगममा कार्यरत छन्। एक साताअघि मात्रै बिदा भएका निगमका पूर्वअध्यक्ष युवराज अधिकारीले अवकाशको मुखैमा थप केही कर्मचारी भर्ना गरेका थिए। निगममा हाल दुई हजार चार कर्मचारी रहेकामा ९२६ मात्रै स्थायी छन्।

निगमलाई आर्थिक रूपमा धराशायी बनाउन पहुँचका आधारमा अनावश्यक

» पृष्ठ २ मा क्रमशः

■ निगमको सञ्चित नोक्सानी र ऋणको भारी बढेको बढ्यै



वायुसेवा निगम अहिले १७ अर्बभन्दा बढी सञ्चित नोक्सानीमा छ। जहाज किन्दा लिएको ३४ अर्ब रुपैयाँ ऋणसमेत बढेर ५२ अर्ब पुगेको छ। आम्दानी घट्ने र घाटा बढ्ने नियतिले निरन्तरता पाइरहेको छ। ०७८/७९ मा निगमले १६ अर्ब ८९ करोड आय गरेको थियो। ०७९/८० मा बढेर २३ अर्ब ८६ करोड पुगेको थियो। तर, त्यसपछिका दुई वर्षमा आय घट्दै गएको देखिन्छ। ०८०/८१ मा २१ अर्ब पाँच करोड रहेको कुल आय ०८१/८२ मा घटेर २० अर्ब ६७ करोडमा सीमित भयो। ०७९/८० मा १८ अर्ब ६३ करोड रहेको उडान सञ्चालन आय ०८०/८१ मा घटेर १५ अर्ब ३५ करोडमा सीमित भयो। ०८१/८२ मा अझै घटेर १५ अर्ब १७ करोड मात्र रहने अनुमान गरिएको छ। ग्राउन्ड ह्यान्डलिङबाट सोही वर्ष पाँच अर्ब २२ करोड आम्दानी भएको निगमले जनाएको छ।

लगातारको घाटाका कारण निगमको सञ्चित नोक्सानी बढ्दै गएको छ। ०७८/७९ मा १५ अर्ब १८ करोड रहेको नोक्सानी ०७९/८० मा १५ अर्ब ५९ करोड पुग्यो। ०८०/८१ मा अझै बढेर १७ अर्ब ४६ करोड पुग्यो भने ०८०/८१ मा २० अर्ब नाघ्ने अनुमान गरिएको छ। निगमले जहाज खरिदसम्बन्धी ऋण दायित्व शीर्षकअन्तर्गत ०८२ असोजसम्म कुल आठ अर्ब ४५ करोड २४ लाख १८ हजार रुपैयाँ किस्ता रकम भुक्तानी गरिसकेको जनाएको छ। निमित्त महाप्रबन्धक कालाखेती निगमको आर्थिक अवस्था निदानुदिन दयनीय बन्दै गएको स्विकार्छन्। 'हामी कसरी हुन्छ नोक्सानी व्यवस्थापन गर्दै अघि बढ्ने योजनामा छौं,' उनले भने।

■ तोक आदेशमा भर्ती गरिएका कर्मचारी हटाउन निर्देशन दिँदै प्रधानमन्त्री कार्कीले भनिन्-

निगमको नियति र धनाढ्यको बिग्रेको घर उस्तै-उस्तै छ



जेन-जीले यत्रो रगत बगाएको केका लागि हो ? यस्तै नातावाद, कृपावाद, विभेद अन्त्यका लागि होइन ? यता यत्रो आन्दोलन भइरहेको छ, उता भटाभट आफ्ना मान्छे भर्ती गरेको छ। अवकाश पाएर घर जान लाग्दा पनि मनपरी गर्न छाडिएको छैन। कतिसम्मको बेथिति हो यो ? अहिले वायुसेवा निगमको नियति र धनाढ्यको बिग्रेको घर उस्तै-उस्तै छ, हेर्दा सबैथोक छ, तर भित्र दर्दनाक अवस्था छ। नाफा वा घाटा केही नभएर चलेको मात्र भए पनि पर्याप्त रोजगारी दिएको छ भनेर चित्त बुझाउन हुन्थ्यो, त्यो पनि छैन। यो घाटा त जनताले व्यहोरेको हो नि। राजनीतिक मान्छेहरूले दबाब दिन्छन्। तपाईंहरू किन खुरुखुरु त्यस्तो दबाब मान्ने ? भोलि कारबाहीमा पर्ने त तपाईंहरू हो नि ! तपाईंहरू विधिसम्मत तरिकाले चल्ने हो भने अख्तियारसँग पनि डराउनुपर्दैन। अब यो संस्था सुधार्न कठोर कदम चाल्नुपर्छ, अप्रिय निर्णय गर्न पनि तयार हुनुपर्छ। संस्था सुधारमा लाग्नुस्, सरकार दाहिने हातमा छ।

■ प्रधानमन्त्रीको निर्देशनपछि निगमका निमित्त महाप्रबन्धक जनकराज कालाखेती भन्छन्- तोक आदेशमा नियुक्त गरिएका कर्मचारी हटाउँछौं



कस्ता कर्मचारी आवश्यक छन्, कस्ता अनावश्यक छन् भनेर अध्ययन गर्छौं। सबै करारका कर्मचारी आवश्यक छैनन् भन्न मिल्दैन। अहिलेको मुख्य चासो (प्रधानमन्त्रीको) प्रक्रिया पूरा नगरी तोक आदेशबाट नियुक्त भएका कर्मचारीमै बढी केन्द्रित देखिन्छ। त्यसरी नियुक्ति गरिएका कर्मचारी हटाउने प्रक्रिया अघि बढ्छ।

■ सरकारलाई सर्वोच्चको धक्का
बिदा हुन लागेका ११ राजदूतको थमौती

■ राजदूत थमौतीमा सर्वोच्चले लिएका पाँच आधार

- कार्यसम्पादन मूल्यांकनको विषय उल्लेख नगरी पदमुक्त गरिएको
- ११ जनालाई मात्र छनोट गरी पदमुक्त गर्नुको औचित्य पुष्टि हुन नसकेको
- वर्तमान सरकारको जिम्मेवारी ६ महिनाभित्र चुनाव गराउने रहेको
- तत्काल राजदूतमा पदपूर्ति हुने अवस्था नदेखिएको
- अन्तर्राष्ट्रिय सम्बन्धमा असर पर्न सक्ने



● **थमौती हुने राजदूतहरू** : नरेशविक्रम ढकाल (साउदी अरेबिया), धनप्रसाद पण्डित (इजरायल), शनिल नेपाल (स्पेन), डा. शैल रुपाखेती (जर्मनी), लोकदर्शन रेग्मी (अमेरिका), चन्द्रकुमार घिमिरे (बेलायत), जंगबहादुर चौहान (रुस), रमेशचन्द्र पौडेल (कतार), डा. कृष्णप्रसाद ओली (चीन), डा. नेत्रप्रसाद तिमल्सिना (मलेसिया) र डा. दुर्गाबहादुर सुवेदी (जापान) छन्।

नयाँ पत्रिका

सरकारले पदमुक्त गरेपछि बिदाइ भएर स्वदेश फर्कने तयारीमा रहेका विभिन्न देशमा खटिएका ११ राजदूतको पद थमौती भएको छ। सर्वोच्च अदालतले अन्तरिम आदेशमार्फत उनीहरूलाई फिर्ता बोलाउने निर्णय कार्यान्वयनमा रोक लगाएको हो।

पदमुक्त गर्ने निर्णयविरुद्ध परेका तीन रिटमा सर्वोच्चका न्यायाधीशद्वय शारंगा सुवेदी र श्रीकान्त पौडेलको इजलासले आइतबार सरकारको निर्णय कार्यान्वयन नगर्न अन्तरिम आदेश दिएको छ। राजदूत नियुक्तिसम्बन्धी निर्देशिका, २०७५ मा सरकारले राजदूतलाई फिर्ता बोलाउन सक्ने प्रावधान छ। तर, मन्त्रिपरिषद्बाट निर्णय गर्दा कार्यसम्पादन मूल्यांकन उल्लेख नगरिएको विषयलाई सर्वोच्चले अन्तरिम आदेशको आधार बनाएको छ।

'राजदूत नियुक्तिसम्बन्धी निर्देशिका, २०७५ को दफा ९ मा राजदूतको कर्तव्य सम्बन्धमा स्पष्ट पारिएको पाइन्छ भने दफा १६ मा कार्यसम्पादन मूल्यांकन सम्बन्धमा व्यवस्थाहरू गरिएको पाइन्छ। सो दफा १६ बमोजिम मन्त्रालयले कार्य विवरणका आधारमा राजदूतको कार्य सम्पादनको मूल्यांकन गर्नेछ भन्ने व्यवस्था गरिएको पाइन्छ,' सर्वोच्चको लिखित आदेशमा भनिएको छ, 'तर, मन्त्रिपरिषद्बाट विभिन्न ११ मित्रराष्ट्रहरूमा कार्यरत राजदूतहरूलाई पदमुक्त गरी फिर्ता बोलाउने मिति २०८२/०६/३० मा निर्णय गर्दा

» पृष्ठ २ मा क्रमशः

निर्वाचनको वातावरण बनाउन हातेमालो गर्ने मुख्यमन्त्रीहरूको प्रतिबद्धता

तर, सुरक्षा चुनौती कायमै रहेकाले दल र नागरिक आश्वस्त हुने गरी वातावरण तयार गर्न प्रधानमन्त्रीलाई सुझाव

(विस्तृत पृष्ठ ३)

कर्नर किक

● रवि मिश्र



पाँचकुने तारामुनि आए आठ दल-समूह

एकता प्रक्रियामा सहभागी सबै घटकका केन्द्रीय समितिहरूको संयुक्त भेलाको रूपमा १९ कात्तिकमा एकता राष्ट्रिय सम्मेलन आयोजना गर्ने, सम्मेलनबाटै एकताको घोषणा, घोषणापत्र र आन्तरिक विधान पारित गर्ने र केन्द्रीय समिति गठनलगायतका काम गर्ने सहमति



एकता गर्ने सहमतिपत्रमा हस्ताक्षर गर्दै माओवादी अध्यक्ष प्रचण्ड, एकीकृत समाजवादीका अध्यक्ष माधव नेपाललगायतका नेताहरू

प्रेम गौतम/नयाँ पत्रिका

मूलतः आसन्न २१ फागुनको प्रतिनिधिसभा निर्वाचन केन्द्रित गरेर माओवादी र एकीकृत समाजवादीलगायत आठ दल-समूहले पार्टी एकता सहमतिपत्रमा हस्ताक्षर गरेका छन्। १९ कात्तिकमा राष्ट्रिय एकता सम्मेलन

» पृष्ठ २ मा क्रमशः

■ एकता वार्तामा सहभागी एकीकृत समाजवादीका उपाध्यक्ष एवं वार्ता टोली सदस्य **प्रकाश ज्वाला** भन्छन्-



पार्टीको नाम 'नेकपा समाजवादी'मा आपत्ति होइन, अझ राम्रो नाम हुन्छ कि भनेर छलफल गर्ने जिम्मा शीर्ष नेतृत्वलाई दिइएको छ।

■ समाजवादीको खनाल-भुसाल समूह पुनर्गठनका लागि दस्ताबेज लेखनमा, तर त्यहींभित्र पनि फुट

पार्टी एकताको निर्णयमा असन्तुष्ट माओवादी र एकीकृत समाजवादीका नेताहरू पनि फरक राजनीतिक शक्ति निर्माणको गृहकार्यमा जुटेका छन्। एकीकृत समाजवादी पुनर्गठनको घोषणा गरेको सम्मानित नेता झलनाथ खानाल र महासचिव घनश्याम भुसाल समूह राजनीतिक दस्ताबेज लेखनमा लागेको छ। भुसाल पक्षका नेता दामोदर अर्यालले एकता प्रक्रियाको असन्तुष्टि, कम्युनिस्ट आन्दोलनको पुनर्गठन र ध्रुवीकरण प्रक्रियाबारे दस्ताबेज लेखनको काम सुरु भएको बताए। उता, खनाल-भुसाल समूहभित्रै पनि विभाजन आएको छ। निवर्तमान सांसद किसान श्रेष्ठले एमालेमा फर्किने तयारीमा रहेको बताए। उनका अनुसार रामकुमारी झाँक्री, डा. वंशीधर मिश्र, होम बुढाथोकी, अमरबहादुर थापालगायतका नेताले छुट्टै छलफल गरिरहेका छन्। भुसालले आइतबार बोलाएको छलफलमा पनि उनीहरू सहभागी भएनन्।

■ के गर्छन् जनार्दन शर्मा ?



पार्टी सचिवालय बैठकमा पाँचबुँदे फरक मत राखेका माओवादी नेता जनार्दन शर्माले नयाँ राजनीतिक कोर्सको तयारी थालेका छन्। एकीकृत समाजवादीसँगको एकता प्रक्रिया तत्काल नरोके नयाँ पार्टी गठन गर्ने उनको तयारी छ। स्रोतका अनुसार माओवादीको १८ कात्तिकको केन्द्रीय समिति बैठकपछि शर्मा आफ्नो आगामी कदम सार्वजनिक गर्ने तयारीमा छन्। शर्मानिकट नेता सुदन किराँतीले एकता नरोके नयाँ गठबन्धन निर्माणमा जुट्ने बताए। 'एकता नरोके नयाँ शिराबाट अगाडि बढ्छौं। त्यस्तो अवस्थामा विचार मिल्नेसँग हाम्रो एकता हुन्छ, गठबन्धन पनि हुन्छ। पुरानो र भ्रष्ट प्रवृत्तिलाई हराउने हाम्रो उद्देश्य हो,' उनले भने। शर्मा पक्षले माओवादी अध्यक्ष प्रचण्डलाई संरक्षक र आजीवन नेता बनाउने प्रस्ताव अघि सारेको छ। किराँतीका अनुसार पार्टीमा तेस्रो पुस्तालाई कार्यकारी जिम्मेवारी दिनुपर्ने र जसले पुरानो अनुभव र नयाँ जेन-जी पुस्ताको जोसबिच पुलको भूमिका खेल्नेछ।

नियमित महाधिवेशनको मिति र कार्यतालिकामा सहमति खोज्दै कांग्रेस

केन्द्रीय कार्यसमितिको बैठक रोकेर आइतबार कार्यसम्पादन समितिमा आठ घण्टा छलफल, सोमबार सहमति जुटेपछि मंगलबार मात्रै केन्द्रीय समिति

● **मीन विश्वकर्मा**, प्रचार विभाग प्रमुख



फागुनको चुनाव आसपासमै कसरी महाधिवेशन गर्न सकिन्छ भनेर साझा विन्दुको खोजी भइरहेको छ। सोमबारभित्र एउटा सहमतिमा पुगेर मंगलबार केन्द्रीय कार्यसमिति बैठकमा कार्यतालिका छलफलका लागि प्रस्ताव गरिनेछ। विशेष महाधिवेशन आयोजना गर्दा पार्टीभित्र चर्को गुटबन्दीमा पक्ष-विपक्ष हुने जोखिम हुन्छ।

शुरोजंग पाण्डे/नयाँ पत्रिका

आसन्न प्रतिनिधिसभा निर्वाचन प्रभावित नहुने गरी नियमित महाधिवेशन गर्ने समझदारीसहित कांग्रेस शीर्ष नेताहरू मिति र कार्यतालिकामा सहमति जुटाउन संवादमा जुटेका छन्। केन्द्रीय कार्यसमिति बैठक रोकेर आइतबार कार्यसम्पादनमा आठ घण्टा छलफल गरेका नेताहरू सोमबार सहमति जुटाएर मंगलबार

» पृष्ठ २ मा क्रमशः

■ मिति घोषणाको माग गर्दै केन्द्रीय कार्यालयको मुख्य गेटमा तालाबन्दी



तत्काल १५औं महाधिवेशन मिति घोषणा गर्न माग गर्दै कांग्रेसको केन्द्रीय कार्यालय सानेपास्थित मुख्य गेटमा असन्तुष्ट युवाहरूले तालाबन्दी गरेका छन्। नेविसंघ पूर्वकोषाध्यक्ष शिव रिमाल, नेविसंघ केन्द्रीय सदस्य प्रेमिका रानामगर, भुवन भट्ट, मनीष रायमाझीलगायतले कांग्रेस सुधार अभियानको ब्यानरमा तालाबन्दी गरेका हुन्। युवाको प्रतिनिधित्व सुनिश्चित गर्नुपर्ने र महाधिवेशन कार्यतालिका ल्याउनुपर्ने उनीहरूको माग छ। केहीबेर उनीहरूले कांग्रेस कार्यालयको मुख्य गेटमा प्रदर्शनसमेत गरेका थिए। केन्द्रीय समितिमा ४० प्रतिशत युवाहरूको प्रतिनिधित्व गरिनुपर्नेमा उनीहरूले जोड दिएका छन्।

१५ दिनमा पुराना सर्त कार्यान्वयन गर्ने गरी स्थानीय र सहरी विकास मन्त्रालयबिच सहमति

नयाँ पत्रिका

उपत्यकाको फोहोर विसर्जनमा अवरोध गरिरहेका बन्चरेडाँडा क्षेत्रका स्थानीयवासी र सहरी विकास मन्त्रालयबिच १५ दिनमा पुराना सहमति कार्यान्वयन गर्ने गरी सहमति भएको छ।

सहरी विकास मन्त्रालयसमेत सम्हालेका कुलमान घिसिङसहितको टोली आइतबार ल्यान्डफिल्डसाइट क्षेत्रको अवलोकनमा निस्किएको थियो। अवलोकन गर्दै मन्त्री घिसिङले यसअघि २६ जेठ ०७९ मा स्थानीयसँग सरकारी पक्षले गरेको सहमति कार्यान्वयन गर्ने प्रतिबद्धता जनाउँदै हाललाई फोहोरमा लगाइएको अवरोध हटाउन आग्रह गरेका थिए। आन्दोलित स्थानीयवासी १५ दिनभित्र पुराना सहमति



कार्यान्वयन गर्ने सर्तमा फोहोरको अवरोध हटाउन सहमत भएका हुन्। उनीहरूले १५ दिनभित्र सहमति कार्यान्वयन नगरे फेरि अवरोध गर्ने चेतावनी दिएका छन्। काठमाडौं महानगरपालिकाकी वातावरण विभाग प्रमुख सरिता राईले सहमति भएसँगै आइतबारदेखि नै फोहोर ढुवानी सुरु भएको बताइन्। उनका अनुसार तीन दिनदेखि फोहोर विसर्जनमा समस्या आएको थियो। 'आजदेखि फोहोर ढुवानी हुन थाल्यो, १५ दिनमा पुरानो सहमति कार्यान्वयन हुने भनेर आइतबार स्थानीयसँग फेरि सहमति भयो,' उनले भनिन्।

यसअघि ०७९ मा स्थानीय र सरकारबिच १८ बुँदे सहमति भएको थियो। तर, सहमतिअनुसार काम नगरेको भन्दै बिहीबारदेखि स्थानीयवासीले फोहोर ढुवानी रोकेका थिए।

जेन–जी...

पृष्ठ १ बाट क्रमशः

दर्ता प्रणाली सञ्चालन गर्नका लागि प्रणाली परीक्षणको कार्य भइरहेको हुँदा क्रमशः अन्य कार्यालयहरूबाट समेत छिट्टै प्रणाली सञ्चालन गरिने व्यहोरो जानकारीका लागि अनुरोध छ।' २३ र २४ भदौको जेन-जी आन्दोलनका क्रममा मीनभवनस्थित कार्यालयमा भएको तोडफोड तथा आगजनीका कारण विभागको सर्भर पूर्ण क्षति भएको थियो। साथै, लाइसेन्स छाप्ने मास प्रिन्टर पनि क्षतिग्रस्त भएको छ। त्यसपछि विभागले २९ भदौदेखि लाइसेन्सको छपाइ तथा वितरणसम्बन्धी सेवा अनिश्चितकालीन रूपमा बन्द भएको जनाएको थियो।

अब लाइसेन्स सुरक्षण मुद्रण केन्द्रले छाप्ने, अहिलेभन्दा १०० रुपैयाँ सस्तो पर्ने

जेन-जी आन्दोलनका वेला लाइसेन्स छाप्ने मास प्रिन्टर क्षतिग्रस्त भएपछि विभागले अब सरकारी स्वामित्वको सुरक्षण मुद्रण केन्द्रबाट लाइसेन्स छाप्ने भएको छ। निर्देशक खतिवडाका अनुसार लाइसेन्स छपाइका लागि विभाग र केन्द्रबिच बिहीबार सम्झौता भएको छ।

उनका अनुसार सम्भवतः अब नियमित रूपमा केन्द्रले नै लाइसेन्स छाप्नेछ। यसअघि विभागले विदेशी कम्पनीसँग लाइसेन्सको कार्ड छाप्ने गरेको थियो। पछि ती कार्डमा विभागले आफूसँग भएको मास प्रिन्टरमार्फत चालकको विवरण राखेर छापी वितरण गर्दै आएको थियो।

विभागले सरकार टु सरकार (जिटुजी) मोडलमा लाइसेन्स छाप्ने गरी केन्द्रसँग सम्झौता गर्दा लागत मूल्य पनि घट्ने भएको छ। केन्द्रले लाइसेन्स छाप्दा अहिलेभन्दा १००.१० रुपैयाँ सस्तो पर्ने विभागले जनाएको छ। अहिले एउटा लाइसेन्न छपाइ खर्च २.२५ डलर (आइतबारको विनिमयदर प्रतिडलर १४२.३३ अनुसार ३२०.२४२५ रुपैयाँ) थियो। केन्द्रमा छाप्दा एउटा लाइसेन्सको खर्च २२०.१४ रुपैयाँ आउनेछ। निर्देशक खतिवडाका अनुसार करबाहेक १९५.१७ रुपैयाँ र १३ प्रतिशत भ्याटसहित २२०.१४ रुपैयाँमा लाइसेन्स छाप्न सकिने गरी सम्झौता भएको छ।

विभागले उपलब्ध गराएको सवारीचालकको विवरणअनुसार केन्द्रले भने लाइसेन्स छपाइ गर्नेछ। यसका लागि चाहिने कच्चा पदार्थका साथै कार्डदेखि सुरक्षणका फिचर्स बनाउनेलगायतका काम केन्द्रले गर्नेछ।

०८१ मा आएको सुरक्षण मुद्रणसम्बन्धी ऐनमा सरकारी सुरक्षण प्रिन्ट केन्द्रबाटै छाप्नुपर्ने व्यवस्था छ। त्यसमा लाइसेन्स पनि केन्द्रबाटै छाप्नुपर्ने व्यवस्था छ। त्यसअनुसार पनि विभागलाई केन्द्रबाटै लाइसेन्स छाप्नुपर्ने कानुनी दबाब थियो। अहिले विषम परिस्थितिमा विभाग सोही केन्द्रबाटै लाइसेन्स छाप्ने निर्णयमा पुगेको हो।

२५ लाख चालक लाइसेन्सको पखाईमा, ६ महिनामा १२ लाख छाप्ने सम्झौता

विभागका अनुसार हाल २५ लाख चालक लाइसेन्सको पर्खाइमा छन् भने केन्द्रले ६ महिनामा १२ लाख छाप्ने गरी सम्झौता भएको छ। सुरक्षण मुद्रण केन्द्रले बनेपाको सूचना प्रविधि पार्कमा रहेको आफ्नो मास प्रिन्टरबाट दैनिक २५-३० हजार लाइसेन्स छाप्न सकिने बताइएको छ।

'आवश्यक तयारी भएपछि केन्द्रबाट दैनिक २५-३० हजार लाइसेन्स छाप्न सकिन्छ। अहिले करिब २५ लाख चालक लाइसेन्सको पर्खाइमा छन्। तर, अहिले हामीसँग १२ लाख लाइसेन्स छाप्न पुग्ने बजेट छ। तसर्थ, ६ महिनामा १२ लाख लाइसेन्स छाप्ने गरी सम्झौता भएको छ,' उनले भने, 'यद्यपि, तीन महिनाभित्रै १२ लाख लाइसेन्स छाप्न सकिने देखिन्छ। आवश्यक बजेट व्यवस्था गरेर बाँकी लाइसेन्स छाप्ने प्रक्रिया पनि अघि बढ्छ। अब पहिलाजस्तो लाइसेन्सकै लागि वर्षौं कुर्ने अवस्था अन्त्य हुन्छ।'

उनका अनुसार केन्द्रले एक महिनाभित्र लाइसेन्स छपाइका लागि आवश्यक तयारी गर्नेछ। यद्यपि, अब हप्ता दिनमा आकस्मिक सेवाका लागि दैनिक पाँच सय लाइसेन्स छाप्ने गरी पनि सम्झौता भएको छ।

५२ अर्ब...

पृष्ठ १ बाट क्रमशः

भर्ती गरिएका कर्मचारीको पनि योगदान छ। कर्मचारीको तलब सुविधामा मात्रै निगमले वार्षिक सवा अर्ब खर्च गर्ने गरेको छ। महालेखापरीक्षकको प्रतिवेदनअनुसार निगमले आर्थिक वर्ष ०७९/८० मा कर्मचारीको तलब तथा सेवा-सुविधामा मात्रै एक अर्ब २३ करोड ४९ लाख खर्च गरेको थियो। ०८०/८१ मा भने निगमले लेखापरीक्षण प्रतिवेदन नै नबुझाएको महालेखा परीक्षकको कार्यालयले जानकारी दियो।

पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयसमेत सम्हालेकी प्रधानमन्त्री सुशीला कार्कीले आइतबार निगम सञ्चालक समिति र व्यवस्थापकलाई सिंहदरबार बोलाएर आर्थिक भार बढ्नेगरी पहुँचका भरमा भर्ना गरिएका कर्मचारी हटाउन निर्देशन दिएकी छिन्। निगमका निमित्त महाप्रबन्धक जनकराज कालाखेती पनि बैठकमा सहभागी थिए। उनले केही प्राविधिक कर्मचारी करारमा राख्नुपर्ने बाध्यता रहेको भन्दै प्रक्रिया पुरा नगरी भर्ती भएकालाई हटाउन प्रक्रिया थाल्ने बताएका छन्।

'कस्ता कर्मचारी आवश्यक छन्, कस्ता अनावश्यक छन् भनेर अध्ययन गर्छौं। सबै करारका कर्मचारी आवश्यक छैनन् भन्न मिल्दैन,' उनले भने, 'अहिलेको मुख्य चासो (प्रधानमन्त्रीको) प्रक्रिया पूरा नगरी तोक आदेशबाट नियुक्त भएका कर्मचारीमै बढी केन्द्रित देखिन्छ। त्यसरी नियुक्ति गरिएका कर्मचारी हटाउने प्रक्रिया अघि बढ्छ।'

प्रधानमन्त्रीको निर्देशनपछि निगम सञ्चालक समितिका कार्यवाहक अध्यक्ष विक्रम राईले पनि केही दिनमै देखिने गरी सुधारका कदम चाल्ने प्रतिबद्धता जनाएका छन्। तर, सरकारले साथ दिनुपर्ने उनको भनाइ छ। 'निगममा बोल्ड निर्णय गर्नुपर्ने आवश्यकता छ। धेरै नै अप्रिय निर्णय गर्न पनि म तयार छु। यसका लागि सरकारको साथको अपेक्षा गरेको छु,' उनले प्रधानमन्त्रीसामु प्रतिबद्धता जनाए।

त्यसपछि प्रधानमन्त्री कार्कीले पनि निगम सुधारका सबै निर्णयमा सरकारले साथ दिने बताइन्। 'संस्था सुधारका लागि तपाईंहरू लाग्नुस्, सरकार दाहिने हातमा छ।' प्रधानमन्त्री कार्कीले निगम सुधारका सबै निर्णयमा सरकारले साथ दिने बताइन्।

■ तोक आदेशमा भर्ती गरिएका कर्मचारी हटाउन निर्देशन दिँदै प्रधानमन्त्री कार्कीले भनिन्- **निगमको नियति र धनाढ्यको बिग्रेको घर उस्तै–उस्तै छ**

पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयसमेत सम्हालेकी प्रधानमन्त्री सुशीला कार्कीले आइतबार निगम सञ्चालक समिति र व्यवस्थापकलाई सिंहदरबार बोलाएर आर्थिक भार बढ्ने गरी पहुँचका भरमा भर्ना गरिएका कर्मचारी हटाउन निर्देशन दिएकी छिन्। कार्कीकै सरकार बनेपछि निगमबाट बिदा भएका पूर्वअध्यक्ष युवराज अधिकारीले समेत अवकाशको मुखमै थप कर्मचारी भर्ना गरेपछि 'एक्सन' लिएको स्रोत बताउँछ।

सिंहदरबारमा निगमका निमित्त महाप्रबन्धक जनकराज कालाखेतीलगायतलाई निर्देशन दिँदै उनले भनिन्, 'जेन-जीले यत्रो रगत बगाएको केका लागि हो ? यस्तै नातावाद, कृपावाद, विभेद अन्त्यका लागि होइन ? यता यत्रो आन्दोलन भइरहेको छ, उता भटाभट आफ्ना मान्छे भर्ती गरेको छ। अवकाश पाएर घर जान लाग्दा पनि मनपरी गर्न छाडिएको छैन। कतिसम्मको बेथिति हो यो ?'

प्रधानमन्त्रीले निगमलाई धनाढ्यको बिग्रेको घरसँग तुलना गरिन्। 'अहिले निगमको नियति र धनाढ्यको बिग्रेको घर उस्तै-उस्तै छ, हेर्दाखेरि सबैथोक छ, तर भित्र दर्दनाक अवस्था छ,' उनले भनिन्, 'नाफा वा घाटा केही नभएर चलेको मात्र भए पनि पर्याप्त रोजगारी दिएको छ भनेर चित्त बुझाउन हुन्थ्यो, त्यो पनि छैन।'

कार्कीले निगमभित्रका बेथिति हटाउन कसैको मुख नहेरी कठोर कदम चाल्न निर्देशन दिएकी छिन्। निगम सुधारका लागि अहिलेसम्म बनेका प्रतिवेदनहरूको सुझाव कार्यान्वयन गर्न पनि भनेकी छिन्। त्यस्तै, कतैबाट आउने अनुचित र गैरकानुनी दबाब नसुन्न सुझाएकी छिन्।

'राजनीतिक मान्छेहरूले दबाब दिन्छन्। तपाईंहरू किन खुरुखुरु त्यस्तो दबाब मान्ने ? भोलि कारबाहीमा पर्ने त तपाईंहरू हो नि!' उनको भनाई थियो, 'तपाईंहरू विधिसम्मत तरिकाले चल्ने हो भने कसैले पनि कारबाही गर्दैन। राम्रो काम गर्दा अख्तियारसँग पनि डराउनुपर्दैन। अख्तियारलाई बहाना बनाएर हात बाँधेर पनि नबस्नुहोस्।'

निगमले आफ्नो जहाजको इन्जिन मर्मत गर्न पठाएर नल्याउने, भाडाको इन्जिन चलाएर ठुलो खर्च लेख्ने प्रवृत्तिमाथि पनि प्रधानमन्त्रीले प्रश्न उठाइन्। 'यो घाटा त जनताले व्यहोरेको घाटा हो नि,' उनले भनिन्, 'अब यो संस्था सुधार्न कठोर कदम चाल्नुपर्छ, अप्रिय निर्णय गर्न पनि तयार हुनुपर्छ।'

निजी क्षेत्रका सेवाप्रदायकले ठुलो नाफा कमाइरहँदा निगम घाटामा जानुको कारणबारे पनि उनले प्रश्न गरिन्। 'सरकारले नै यति ठुलो स्रोत-साधन उपलब्ध गराएको छ, सरकारले साथ दिइरहेको छ। तैपनि, यो संस्था घाटामा जानुको कारण के हो ? बरु, यो पैसाले विश्वविद्यालय, स्कुल वा अस्पताल बनाएको भए पनि हुन्थ्यो कि ?' उनले भनिन्, 'संस्था सुधारमा लाग्नुस्, सरकार दाहिने हातमा छ।'

नियमित...

पृष्ठ १ बाट क्रमशः

मात्रै केन्द्रीय कार्यसमिति बैठक बसाउने योजनामा छन्।

विशेष महाधिवेशनमा जाँदा पार्टी विभाजन हुने खतरा देखिएपछि संस्थापन र इतर दुवैपक्षीय नेता नियमितमै जाने गरी मिति र कार्यतालिकामा सहमति खोज्न छलफलमा जुटेका हुन्। केन्द्रीय कार्यसम्पादन समितिमा पदाधिकारी, पार्टीका पूर्वपदाधिकारीसहित ३६ जना 'सिनियर नेता' छन्। केन्द्रीय कार्यसमितिपूर्व कांग्रेस नेताहरू महत्त्वपूर्ण विषयमा कार्यसम्पादनबाट निर्णय लिने गर्दछन्।

कार्यवाहक सभापति पूर्णबहादुर खड्काले आइतबार केन्द्रीय कार्यसम्पादन समितिको अनौपचारिक बैठक राखेर लगातार आठ घण्टा छलफल चलाएका छन्। आइतबार बिहान ९ बजेदेखि साँझ ५ बजेसम्म कार्यसम्पादनमा छलफल चलेको र सोमबार पनि बिहान ९ बजेबाटै छलफल हुने केन्द्रीय कार्यालयका मुख्यसचिव कृष्णप्रसाद पौडेलले बताए। कार्यसम्पादनमा सहमति जुटेपछि मात्र केन्द्रीय समिति बैठक आयोजना गर्ने तयारी छ।

प्रचार विभाग प्रमुख मीन विश्वकर्माले अहिले फागुनका लागि तोकिएको राष्ट्रिय चुनावकै आसपास महाधिवेशन आयोजना गर्ने गरी साझा विन्दुको खोजी भइरहेको बताए। 'फागुनको चुनावआसपासमै कसरी महाधिवेशन गर्न सकिन्छ भनेर साझा विन्दुको खोजी भइरहेको छ। सोमबारभित्र एउटा सहमतिमा पुगेर मंगलबार बस्ने केन्द्रीय कार्यसमिति बैठकमा कार्यतालिका छलफलका लागि प्रस्ताव गरिनेछ,' उनले भने, 'विशेष महाधिवेशन आयोजना गर्दा पार्टीभित्र चर्को गुटबन्दीमा पक्ष-विपक्ष हुने जोखिम हुन्छ। त्यसैले सबै नेताहरू केही समय सारेर भए पनि नियमित महाधिवेशन नै गर्नका लागि सहमत भइसकेका छन्।'

कांग्रेसको हालको केन्द्रीय कार्यसम्पादन समितिको कार्यकाल मंसिर अन्तिममा सकिँदै छ भने २१ फागुनमा प्रतिनिधिसभा निर्वाचनको मिति तोकिएको छ। सर्वसम्मत निर्णयका लागि छलफल भइरहेको केन्द्रीय कार्यालयका मुख्यसचिव पौडेलले बताए। 'चुनावअघि गर्ने कि पछि गर्ने कार्यतालिकामा केन्द्रित रहेर छलफल चलिरहेको छ, यी दुई विचारबिचको छलफलबाट सबैलाई मान्य हुने गरी सर्वसम्मत निर्णय हुन्छ,' पौडेलले भने, 'सबैभन्दा पुरानो प्रजातान्त्रिक पार्टीभित्र स्थापनाकालदेखि नै विभिन्न विचारहरूबिच चिन्तन, मनन, विमर्शहरू हुँदै आएको छ, त्यसैले अहिलेको छलफल पनि कुनै नौलो होइन।'

कांग्रेसभित्र संस्थापन पक्ष आगामी फागुनमा राष्ट्रिय चुनाव घोषणा भएकाले वैशाखमा महाधिवेशन गर्नुपर्ने पक्षमा छ। चुनाव नभएको अवस्थामा भने फागुनभित्रै पनि महाधिवेशन आयोजना गर्ने गरी अहिल्यै सहमति गर्न सकिने तर्क संस्थापन पक्षका नेताहरूले राखेका छन्। इतर पक्ष भने मंसिरभित्र महाधिवेशन नगर्ने हो भने मंसिरमा वडा र पालिका हुँदै जिल्ला अधिवेशनहरू कार्यतालिकाअनुसार अगाडि बढाएर पुसभित्र राष्ट्रिय महाधिवेशन गर्नुपर्ने पक्षमा छ। खासगरी इतर पक्षको तर्फबाट महामन्त्री विश्वप्रकाश शर्माले पछिल्लोपटक यस्तो प्रस्ताव राखेका छन्।

शनिबार कार्यवाहक सभापति पूर्णबहादुर खड्काको संयोजनमा बसेको पदाधिकारी बैठकमा महामन्त्री शर्माले १६-१९ पुसको मिति प्रस्ताव गरेका थिए। यसबाहेक उनले 'यसमा पनि सहमति हुन नसके महासमिति सदस्यहरूको भर्चुअल मतदानबाट निर्णय गर्न' सुझाव दिएका थिए। बैठकमा त्यसबारे छलफल भए पनि सहमति भने जुटेको छैन।

कार्यवाहक सभापति खड्काले सहमति जुटाउन यसबिचमा महामन्त्रीद्वय थापा र शर्मा तथा संस्थापनइतर समूहका नेता डा. शेखर कोइरालाका साथै पूर्वपदाधिकारीहरू विमलेन्द्र निधि, विजयकुमार गच्छदार, कृष्णप्रसाद सिटौला, प्रकाशमान सिंहलगायतसँग पनि छलफल गर्दै आएका छन्।

पाँचकुने...

पृष्ठ १ बाट क्रमशः

गरेर पार्टी एकता घोषणा गर्ने सहमति भए पनि नाम टुंग्याइएको छैन। एकता घोषणालगत्तै नयाँ पार्टी निर्वाचन आयोगमा दर्ता गर्ने तयारी छ।

१८ कात्तिकमा भृकुटीमण्डपबाट एकता घोषणा गर्ने तयारी भए पनि माओवादीको केन्द्रीय समिति बैठक एक दिन पछि सरेकाले एकता घोषणाको मिति पनि सरेको नेताहरूले दाबी गरेका छन्। एकीकृत समाजवादीले केन्द्रीय समितिबाट एकताको अनुमोदन गराइसकेको छ।

एकीकृत पार्टीको नामबारे शीर्ष तहमा थप छलफल हुने भएको छ। 'नेकपा समाजवादी पार्टीको नाममा आपत्ति होइन, अझ राम्रो नाम हुन्छ कि भनेर छलफल गर्ने जिम्मा शीर्ष नेतृत्वलाई दिइएको छ।' एकता वार्तामा सहभागी एकीकृत समाजवादीका उपाध्यक्ष एवं वार्ता टोली सदस्य प्रकाश ज्वालाले भने। चुनावचिह्न पाँचकुने तारा हुनेछ।

पुष्पकमल दाहाल प्रचण्ड नेतृत्वको माओवादी, माधवकुमार नेपाल नेतृत्वको एकीकृत समाजवादी, महिन्द्रराय यादव नेतृत्वको नेसपा, सुवास काफ्ले नेतृत्वको जनसमाजवादी, राजु कार्की नेतृत्वको नेकपा समाजवादी, चिरण पुन नेतृत्वको नेकपा, कर्णजित बुढाथोकी नेतृत्वको माओवादी-समाजवादी र प्रेमबहादुर सिंह नेतृत्वको नेकपा साम्यवादीबिच पार्टी एकता सहमतिपत्रमा हस्ताक्षर भएको छ।

सहमतिपत्रमा एकीकृत पार्टीको राजनीतिक-वैचारिक र संगठनात्मक पक्ष प्रस्ट पारिएको छ। 'पुँजीवादी जनवादी क्रान्तिको उपलब्धिको रूपमा रहेको संघीय लोकतान्त्रिक गणतन्त्रको रक्षा, राष्ट्रिय स्वाधीनताको रक्षा, सुशासन, सामाजिक न्याय र आर्थिक-सामाजिक रूपान्तरण गर्दै समाजवादी क्रान्तिको लक्ष्य पूरा गर्न बृहत् कम्युनिस्ट आन्दोलनको एकीकरण आजको वस्तुगत आवश्यकता भएको,' उनीहरूको ठहर छ।

पार्टीको मार्गनिर्देशक सिद्धान्त मार्क्सवाद-लेनिनवाद, नेपाली क्रान्तिको कार्यक्रम नेपाली विशेषताको वैज्ञानिक समाजवाद हुने भएको छ। पार्टीको तत्कालीन कार्यदिशा पुँजीवादी जनवादी क्रान्तिका उपलब्धिको रक्षा, राष्ट्रिय स्वाधीनताको संरक्षण, सुशासन, सामाजिक न्याय, सामाजिक आर्थिक समृद्धि र रूपान्तरण गर्दै समाजवादको आधार तयार गर्ने रहेको छ। आन्दोलनको स्वरूप मूलतः शान्तिपूर्ण हुने, परिस्थितिअनुसार सडक, सदन र सरकारलगायत आवश्यकताअनुसारका सबै मोर्चाहरू आन्दोलनका मोर्चा हुने सहमति छ।

एकता प्रक्रियामा सहभागी सबै घटकहरूका केन्द्रीय समितिहरूको संयुक्त भेलाको रूपमा एकता राष्ट्रिय सम्मेलनको आयोजना १९ कात्तिकमा गर्ने, एकता राष्ट्रिय सम्मेलनबाट पार्टी एकताको घोषणा, घोषणापत्र र आन्तरिक विधान पारित गर्ने र केन्द्रीय समिति गठनलगायतका काम गर्ने सहमति छ। पार्टी एकता घोषणापश्चात् राजनीतिक प्रतिवेदन, कार्यक्रमलगायतका दस्तावेज निर्माण गर्न कार्यदल गठन गरिने भएको छ।

माओवादीले केन्द्रीय समिति बैठक सोमबार बस्ने गरी बोलाएको थियो। तर, आइतबार बसेको सचिवालय बैठकले केन्द्रीय समिति बैठक एक दिन पछि (१८ कात्तिकमा) सारेको छ। एकताप्रति असन्तुष्ट सचिवालय सदस्य जनार्दन शर्मा आइतबारको बैठकमा उपस्थित थिएनन्। प्रवक्ता अग्नि सापकोटाले मंगलबार पार्टीको केन्द्रीय समिति बैठक बस्ने र १९ कात्तिकमा एकता घोषणा सभा हुने बताए। माओवादी सचिवालय बैठकपछि एकता प्रक्रियामा सहभागी दलहरूको बैठक बसेको थियो।

कस्तो हुनेछ नयाँ दलको संगठनात्मक संरचना ?

नयाँ पार्टीमा केन्द्रीय समितिमा संयोजक र सहसंयोजक पद रहने भएको छ। जसअनुसार माओवादी संयोजक पुष्पकमल दाहाल प्रचण्ड संयोजक र एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल सह-संयोजक रहने तय भएको छ। एकता प्रक्रियामा सहभागी भएका पार्टीहरूका साबिकका केन्द्रीय समितिहरूलाई समायोजन गर्दै आपसी सहमतिका आधारमा केन्द्रीय समिति गठन गरिने भएको छ।

केन्द्रीय समितिभित्रको संरचना पनि तय गरिएको छ। जसमा केन्द्रीय समिति, राजनीतिक समिति (पोलिटब्युरो), सचिवालय र कार्यसंयोजन समिति हुनेछ। संरचना तय भए पनि संख्या टुंगो लाग्न बाँकी छ। गोपाल किरा‍ँती भने माओवादीकै नेताको रूपमा एकतामा सहभागी हुने भएका छन्।

प्रदेश, जिल्ला, पालिका र वडा तहका सबै समितिहरूमा पनि संयोजक र सह-संयोजक रहनेछन्। कुनै पनि सदस्य दुई तहको समितिमा रहन पाउने भएको छ। पार्टी समितिहरूको सञ्चालन सामूहिक नेतृत्व प्रणालीमा आधारित जनवादी केन्द्रीयताको सिद्धान्तअनुरूप हुने भएको छ। आगामी ६ महिनाभित्र एकता राष्ट्रिय महाधिवेशन गर्ने सहमति पनि भएको छ। एकता राष्ट्रिय सम्मेलन र एकता महाधिवेशनमा सहभागी हुने प्रतिनिधि, आयोजक, संगठनात्मक संरचनाको गठन सबै आपसी सहमति र समझदारीमा गरिने सहमति भएको छ।

पार्टी समितिहरू र जनसंगठनमा संगठनात्मक एकता र समायोजनका लागि विभिन्न तहमा कार्यदल गठन गरिने भएको छ। पार्टीको तहगत कार्यकारी समितिहरूमा केन्द्र, भौगोलिक र गैरभौगोलिक प्रदेश, जिल्ला, पालिका र वडा कार्यकारी हुनेछन्। संघ र प्रदेश निर्वाचन क्षेत्रमा समन्वय समिति हुने र टोल तथा प्रारम्भिक स्तरका समितिहरू संगठन समितिको रूपमा रहनेछन्।

बिदा हुन...

पृष्ठ १ बाट क्रमशः

उपरोक्तबमोजिमको कार्य सम्पादन मूल्यांकनसमेतका आधार कारण खुलाइएको पाइँदैन।' लक्ष्मीप्रसाद रेग्मी, प्रतिमा उप्रेती र सुनील भट्टराईले दायर गरेको छुट्टाछुट्टै रिटमा सर्वोच्चको एउटै इजलासले अन्तरिम आदेश दिएको हो। त्यस्तै, नयाँ नियुक्तिको कार्य अगाडि नबढेको, वर्तमान सरकार ६ महिनाभित्र चुनाव गर्नका लागि गठन भएको देखिएको, तत्काल नियुक्ति नहुँदा कूटनीतिक सम्बन्धमा असर पर्न सक्ने आधारसमेत दिएर सर्वोच्चले राजदूतहरूको थमौती गरेको हो। १७ जना नियुक्ति गरिएकोमा ११ जनालाई मात्र छनोट गरी पदमुक्त गर्नुको औचित्य पुष्टि हुन नसकेको सर्वोच्चले जनाएको छ। 'तत्कालीन मन्त्रिपरिषद्बाट एकै मितिमा भएको सिफारिसबमोजिम नियुक्त विभिन्न देशका १७ जना आवासीय राजदूतमध्ये ११ जनालाई मात्र छनोट गरी पदमुक्त गरी फिर्ता बोलाउने निर्णय गर्दा सो निर्णय गर्नुपर्ने आवश्यकता र औचित्य पुष्टि हुने कुनै कारणसमेत निर्णयमा उल्लेख भएको नदेखिँदा प्रस्तुत निवेदनमा अन्तिम आदेश हुँदा ठहरेबमोजिम हुने नै हुँदा हाललाई मन्त्रिपरिषद्बाट मिति २०८२/०६/३० मा भएको राजदूत फिर्ता गर्नेसम्बन्धी निर्णय कार्यान्वयन नगर्नू, नगराउनू, गर्न नलगाउनू, यथास्थितिमा राख्नू, राख्न लगाउनू भनी विपक्षीहरूका नाममा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९(२) बमोजिम अन्तरिम आदेश जारी गरिदिएको छ,' आदेशमा भनिएको छ। यसरी राजदूत हटाएर नयाँ नियुक्त नगर्दा कूटनीतिक सम्बन्धमा असर पर्न सक्ने विषयलाई समेत सर्वोच्चले आधार बनाएको छ।

सरकारले पदमुक्त गरिएका राजदूतहरूलाई २० कात्तिकभित्र फर्कन निर्देशन दिएको थियो। जसअनुसार कतिपय राजदूतहरूको स्थानीय नेपाली संघ/संस्थाले बिदाइ कार्यक्रमसमेत गरिसकेको थिए। सबै राजदूतहरूलाई फर्कन परराष्ट्र मन्त्रालयले टिकटसमेत पठाइसकेको थियो। फर्कने अन्तिम तयारी गरिरहँदा सर्वोच्चले पदमुक्तको निर्णय कार्यान्वयन रोकेपछि उनीहरू त्यहीँ कार्यरत रहने भएका छन्।

UPPER TAMAKOSHI HYDROPOWER LIMITED (UTKHPL)
UPPER TAMAKOSHI HYDROPOWER PLANT (UTKHPP)

INVITATION FOR BIDS (IFB)

Date of Publication: Kartik 17, 2082 (November 03, 2025)

1. Upper Tamakoshi Hydropower Limited (UTKHPL), Upper Tamakoshi Hydropower Plant (UTKHPP) invites electronic bids from eligible Nepalese bidders under the Competitive Bidding procedure.

IFB No.	Description	Last Date of Bid Submission	Cost of Bid Documents	Bid Security
UTKHPP/ NCB/EG/02-2082/83(RE)	SUPPLY AND DELIVERY OF LV ABC CABLE AT UTKHPP	2082-08-02 (18 November 2025) 12:00 hrs	NPR 3,000.00 (Three Thousand Only)	NPR 45,000.00 (Forty Five Thousand Only)
UTKHPP/ NCB/MG/02-2082/83	SUPPLY AND DELIVERY OF SHAFT SLEEVE AND SLIDING BEARING AT UTKHPP	2082-08-18 (04 December 2025) 12:00 hrs	NPR 3,000.00 (Three Thousand Only)	NPR 54,000.00 (Fifty Four Thousand Only)

2. Eligible Bidders may obtain further information and inspect the bidding document at the PPMO website www.bolpatra.gov.np/egp.
3. Bidders must submit their bids electronically (only) through PPMO's National Electronic Government Procurement System portal www.bolpatra.gov.np/egp.

Address:
Upper Tamakoshi Hydropower Ltd.
Bishnudhan Niwas, Gyaneswor, Kathmandu, Nepal
Tel: +977-1-452-0258/0295
Email: office@utkhpl.org.np, website: www.tamakoshihydro.org.np

भावपूर्ण श्रद्धाञ्जली



जन्मः वि.सं. १९९८/०५/१३
स्वर्गारोहणः वि.सं. २०८२/०७/०६

स्व. रामप्रसाद यादव

यस महासंघको साधारण सदस्य जिल्ला निर्माण व्यवसायी संघ सिरहाका महासचिव श्री कमल प्रसाद यादवज्यूका पूजनीय पिता **राम प्रसाद यादव**को स्वर्गारोहण भएको आज १३औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चीरशान्तिको कामना सहित भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोक सन्तप्त परिवार एवं आफन्तजनमा गहिरो समवेदना प्रकट गर्दछौं।

रवि सिंह
अध्यक्ष,
एवं
नेपाल निर्माण व्यवसायी महासंघ
परिवार
अनामनगर, काठमाडौं

मोटरसाइकल हरायो

मिति २०८२/०७/१५ गते अन्दाजी १९:५९ बजेको समयमा काठमाडौं जिल्ला का.म.न.पा.-१५ चमति स्थित सडक पेटीमा पार्किङ गरिराखेको मेरो निम्न व्यहोरा भएको Halcyon Black रंगको Classic 350 CC Royal Enfield मोटरसाइकल हराएको हुँदा देख्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरिदिनु होला।

नामः निराजन न्यौपाने
मो.सा.नं.: बा.प्र. ०२-०४५ प १०४७
चेसिस नं.: ME3J3C5FGPN000433
इन्जिन नं.: J3A5FGP2162068
सम्पर्क नं.: 9861447489

ऋण चुक्ता गर्ने सम्वन्धमा प्रकाशित १५ (पन्ध्र) दिने सार्वजनिक सूचना

प्रथम पटक प्रकाशित मिति २०८२/०७/१७

तपसिलमा उल्लेखित ऋणीले यस पाँच तारा बचत तथा ऋण सहकारी संस्था लि.बाट व्यापार व्यवसाय गर्न भनी बिभिन्न मितिमा ऋण लिनु भएकोमा संस्थासंग भएको सम्झौता बमोजिम नियमानुसार तिर्न बुझाउनु पर्ने सावाँ, ब्याज तथा अन्य दै–दस्तुर नबुझाउनु भएकोले यो सूचना प्रकाशित मितिले १५(पन्ध्र) दिन भित्र यस संस्थामा सम्पर्क राखी संस्थाको लेना रकम तिर्नु बुझाउनु हुन यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र यस संस्थामा सम्पर्क राखी आफूले लिएको ऋणको साँवा, ब्याज, तथा अन्य दै–दस्तुर आदि चुक्ता भुक्तान गर्नुहोला। अन्यथा सहकारी ऐन तथा यस संस्थासँग भए गरेको लिखत अनुसार कारवाही गरि संस्थाको लेना असुल उपर गरिने व्यवहोरा यसै सूचनाबाट जानकारी गराईन्छ।

तपशिल

ऋणीको नाम र ठेगाना

ऋणी : रोशन सापकोटा
बुवा : गुण नाथ सापकोटा
बाजे : खडानन्द सापकोटा
ना.प्र.नं. : ३०१०७३/१६९६५९
ठेगाना : का.म.पा–३२,पेप्सीकोला
फोन नं. : ९८५१०६९९५९



व्यक्तिगत जमानी दिनेको विवरण

जमानीकर्ता : मिना घिमिरे सापकोटा
बुवा : गंगा प्रसाद घिमिरे
बाजे : दुर्गा दत्त घिमिरे
पति : रोशन सापकोटा
ना.प्र.नं. : १५/३२९१४,
ठेगाना : का.म.पा–३२, पेप्सीकोला



जमानीकर्ता : सुवास सापकोटा
बुवा : गुण नाथ सापकोटा
बाजे : खडानन्द सापकोटा
ना.प्र.नं. : ३०/०१/७६/०२३३
ठेगाना : का.म.पा–३२, पेप्सीकोला



पाँच तारा बचत तथा ऋण सहकारी संस्था लिमिटेड
काठमाडौं–३२, पुरानो सिनामंगल
फोन नं. ०१–४५९०७०६, Email : 5starsahakari@gmail.com

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय,सुर्खेत
धनगढी–खुटिया–दिपायल–चैनपुर–उरैभन्ज्याङ्ग सडक योजना
बि.पि.नगर, डोटी

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

यस कार्यालयको मिती २०८१/११/०४ को "अन्नपुर्ण पोष्ट" राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना नं. **02-DKDRP/081/82** बमोजिम तपसिलका ठेक्काको लागि म्यादभित्र **E-Bid** मार्फत दर्ता भएका बोलपत्रहरू मध्ये न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही निम्नानुसारको बोलपत्रहरूको बोलपत्र स्वीकृत गर्ने आशयले सार्वजनिक खरिद ऐन, २०६३(पहिलो संशोधन, २०७३) को दफा २७ (२) तथा दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ।

ठेक्का नं.	कामको विवरण	निर्माण व्यवसायीको नाम	कबोल अंक रु. (VAT,PS बाहेक)
DKDRP/ 33701160/ 081/82-05	Upgrading of Roadway with Blacktop Surface and Structural works in Hatkholi B.P Nagar Road Section[CH:20+000-CH:38+500]	M/s P.S Construction Company Pvt.Ltd/ Royal Construction J/V, Dhangadhi, Kailali	42,27,72,010.80

योजना प्रमुख

निर्वाचनको वातावरण बनाउन हातेमालो गर्ने मुख्यमन्त्रीहरूको प्रतिबद्धता

तर, सुरक्षा चुनौती कायमै रहेकाले दल र नागरिक आश्वस्त हुने गरी वातावरण तयार गर्न प्रधानमन्त्रीलाई सुझाव



■ **प्रधानमन्त्री कार्की**ले भनिन्- अहिलेभन्दा निकै प्रतिकूल अवस्थामा पनि चुनाव भएको छ। दलहरूसँग संवाद हुँदै गएको छ, जेन-जीहरूले पनि चुनावमै जानुपर्ने भनेकाले सुरक्षित वातावरण बन्दै गएको छ। निर्वाचनको वातावरण बनाउन सहयोग गर्नुहोस्।



कमलराज भट्ट/नयाँ पत्रिका

सातै प्रदेशका मुख्यमन्त्रीले निर्वाचनको वातावरण निर्माणका लागि संघ सरकारसँग सहकार्य गर्न तयार रहेको प्रतिबद्धता जनाएका छन्। प्रधानमन्त्री सुशीला कार्कीले आइतबार साँझ प्रधानमन्त्रीनिवास बालुवाटारमा डाकेको बैठकमा मुख्यमन्त्रीहरूले यस्तो प्रतिबद्धता जनाएका हुन्। जेन-जी आन्दोलनपछि चुनाव गराउने म्यान्डेटसहित ६ महिने अन्तरिम सरकारको नेतृत्व गरिरहेकी कार्कीले पहिलोपटक मुख्यमन्त्रीहरूसँग छलफल गरेकी हुन्।

प्रधानमन्त्री कार्कीले आन्दोलनपछिको विशेष परिस्थितिमा सरकार गठन भएको भन्दै निर्वाचनको वातावरण बनाउने भूमिका खेल्न मुख्यमन्त्रीहरूलाई आग्रह गरेकी थिइन्। जवाफमा मुख्यमन्त्रीहरूले राजनीतिक दलसहित सबै पक्षसँग प्रधानमन्त्री कार्कीले संवाद र छलफल अघि बढाएकामा सराहना गर्दै निर्वाचनका पक्षमा वातावरण बनाउन यस्ता कदम फलदायी बन्ने बताए।

मुख्यमन्त्रीहरूले निर्वाचनको प्रमुख चुनौती शान्ति सुरक्षाको विषय रहेकाले यसमा गम्भीरतासाथ लाग्नुपर्ने धारणा राखेका थिए। संघ, प्रदेश र स्थानीय सरकारले आपसी सहकार्य, समन्वय र सहअस्तित्वको भावनासहित काम गरेमा तोकिएकै मितिमा निर्वाचन गर्न सकिने उनीहरूको भनाइ थियो।

कर्णालीका मुख्यमन्त्री यामलाल कँडेलले भने, 'म एमालेबाट प्रतिनिधित्व गर्छु। चुनावबाट भाग्न खोजेको लाग्न सक्छ, त्यस्तो होइन। हामी चुनाव विरोधी होइनौं। चुनावबाट भाग्दैनौं, डराउँदैनौं। चुनावमा जान तयार छौं। तर, चुनावको वातावरण बनाउन संघ सरकार लागोस् र त्यसमा हाम्रो भूमिकालाई पनि नबिर्स्योस्। अबको निकास चुनाव नै हो।'

बागमतीका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले चुनाव गराउन शान्ति सुरक्षाको प्रत्याभूति, सुरक्षाकर्मीको मनोबल वृद्धि र आमनागरिकमा सुरक्षाको अनुभूति गराउनुपर्ने धारणा राखेका थिए। 'सुरक्षाको वातावरण बनाउने काम हाम्रै हो। हामी पनि लाग्छौं, सहकार्य गर्छौं। सहकार्य, समन्वय र सहअस्तित्वको भावनाका साथ अगाडि बढौं,' उनले भने।

प्रधानमन्त्री कार्कीले निर्वाचनको वातावरण बनाउने आफूहरूको मुख्य प्राथमिकता भएको बताइन्। उनका अनुसार सुरक्षा निकायका लागि बन्दोबस्तीका सबै सामानको व्यवस्था हुँदै छ। प्रहरीका लागि तत्काल आवश्यक गाडी खरिदको प्रक्रिया अघि बढिसकेको छ। छिमेकी मुलुकले पनि सवारीसाधन उपलब्ध गराउने जानकारी दिइन्। आन्दोलनमा क्षतिग्रस्त भएका प्रहरीका ९० प्रतिशत संरचना स्थानीय जनताले नै बनाइदिएको उनले उल्लेख गरिन्। यसले प्रहरीको मनोबल उकास्न र जनतासँगको सम्बन्ध थप कसिलो बनाउन मद्दत गरेको भन्दै उनले यो निकै अर्थपूर्ण र संसारका लागि उदाहरणीय पनि भएको बताइन्।

● **यामलाल कँडेल**, मुख्यमन्त्री, कर्णाली प्रदेश



म एमालेबाट प्रतिनिधित्व गर्छु। चुनावबाट भाग्न खोजेको लाग्न सक्छ, त्यस्तो होइन। हामी चुनावविरोधी होइनौं। चुनावबाट भाग्दैनौं, डराउँदैनौं। चुनावमा जान तयार छौं। तर, चुनावको वातावरण बनाउन संघ सरकार लागोस् र त्यसमा हाम्रो भूमिकालाई पनि नबिर्स्योस्। अबको निकास चुनाव नै हो।

● **इन्द्रबहादुर बानियाँ**, मुख्यमन्त्री, बागमती प्रदेश



चुनाव गराउन शान्तिसुरक्षाको प्रत्याभूति, सुरक्षाकर्मीको मनोबल वृद्धि र आमनागरिकमा सुरक्षाको अनुभूति गराउनुपर्ने पर्नेछ। सुरक्षाको वातावरण बनाउने काम हाम्रै हो। हामी पनि लाग्छौं, सहकार्य गर्छौं। सहकार्य, समन्वय र सहअस्तित्वको भावनाका साथ अगाडि बढौं।

बक्यौता नतिर्ने उद्योगीको लाइन काटेकोमा आपत्ति

सातवटै प्रदेशका मुख्यमन्त्रीले डेडिकेटेड ट्रंकलाइन प्रयोग गरेर बक्यौता नतिरेका उद्योगीको विद्युत लाइन काट्ने संघ सरकारको निर्णयप्रति आपत्ति जनाएका थिए। गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले बैठकमा यो विषय प्रवेश गराएका थिए। 'उद्योगहरूलाई यस्तो वेलामा लाइन काटिदिएर झन् संकट निम्त्याउने काम भएको छ। यसबाट मजदुर सडकमा आउने स्थिति बनेको छ। राजस्व पनि उठ्दैन। अन्ततः उद्योग बन्द हुन्छ, यसले कसरी संकटको व्यवस्थापन होला ?' पाण्डेले प्रश्न गरे। त्यसपछि अरू मुख्यमन्त्रीहरूले बक्यौता नतिर्ने उद्योगको पक्षमा संयुक्त रूपमै बोलेका थिए। प्रधानमन्त्री कार्कीले यसबारे उद्योग वाणिज्य संघ र उद्योगीहरूसँग छलफल भइरहेको र कसैलाई अन्याय नहुने आश्वस्त पारिन्। 'तिर्नै नपर्ने बक्यौता तिर्न लाउने हाम्रो नियत होइन। तिर्नैपर्ने दायित्वबाट त भाग्न भएन। कसैलाई पनि अन्याय हुन दिँदैनौं। अन्यायपूर्ण तरिकाले गर्दैनौं,' उनले भनिन्।

मुख्यमन्त्रीहरूले खर्च कटौतीका लागि संघीय सरकारले गरेको परिपत्रले प्रदेश सरकारको क्षेत्राधिकारमा हस्तक्षेप गर्न खोजेको गुनासो गरेका थिए। संघ सरकारले कानुनले तोकेभन्दा बढी सहयोगी र सल्लाहकार राख्न नपाउने, १० लाख रुपैयाँभन्दा माथिका योजनाको ठेक्कामा अनिवार्य बोलपत्र आह्वान गरी प्रतिस्पर्धा गराउनुपर्नेजस्ता मार्गदर्शन गरेको थियो। जेन-जी आन्दोलनबाट गठित सरकारले न्यायिक, प्रशासनिक सुधारका काम नगरेको, तर प्रदेशका राजनीतिक पदाधिकारीको सुविधामा मात्र लक्षित गरी परिपत्र गरेको गुनासो उनीहरूको थियो।

सुदूरपश्चिमका मुख्यमन्त्री कमलबहादुर शाहले खर्च कटौती र मितव्ययिताका लागि भनेर गरिएको परिपत्रले प्रदेश सरकारको अस्तित्वमा प्रश्न उठाएको र संवैधानिक अधिकार मिचेको टिप्पणी गरे। 'यो परिपत्रले भ्रष्टाचार नियन्त्रण मितव्ययिता कायम गर्ने हो वा प्रदेशका केही पदाधिकारीले वरिपरि राख्ने सहयोगीलाई मात्र केन्द्रित गरेको हो ?' उनले प्रश्न गरे।

कोशीका मुख्यमन्त्री हिक्मतबहादुर कार्कीले एउटै कर्मचारीले दुई सयजनाको तलब खाइरहेको भन्दै सरकार राजनीतिक पदाधिकारीमा मात्र केन्द्रित भएको बताए। प्रधानमन्त्री कार्कीले कहाँ छ त्यस्तो भनेर सोध्दा कार्कीले छुट्टै भन्ने जवाफ दिएका थिए। 'त्यस्ता दुई सयभन्दा बढी कर्मचारी छन्, जसले दोहोरो तलब खाइरहेका छन्। यस्ता कुराहरू सुधार हुनुपर्ने, कटौती गर्नुपर्ने हो। न्यायालय, संवैधानिक आयोगमा बेथिति छ। त्यता ध्यान दिनुपर्ने हो,' उनले भने।

अर्थमन्त्री रामेश्वर खनालले उक्त परिपत्र मार्गदर्शन मात्रै भएको बताए। 'कानुनअनुसार गरेका कुरामा तपाईंहरूले निर्देशन भनेर गर्नुपरेन। कानुनले नभनेका कुरामा तपाईंहरूले नियुक्त गरेका हटाउनुसु। कानुनविपरीतका कुराहरू गर्न पाइएन,' खनालले भने। सुदूरपश्चिमका मुख्यमन्त्री शाहले स्वकीय सचिव हटाउने निर्णय प्रदेशको क्षेत्राधिकारमा हस्तक्षेप भएकाले हटाउन माग गरे। मुख्यमन्त्रीहरूले स्थानीय तहले पाउने अनुदान कटौती गर्न खोजेको हो भन्ने प्रश्नमा अर्थमन्त्रीले त्यस्तो नभएको र कुनै पनि अनुदान कटौती नगरेको बताए। मुख्यमन्त्रीहरूले जेन-जी आन्दोलनका क्रममा क्षति पुगेका संरचना पुनर्निर्माणका लागि संघ सरकारले नै प्याकेज ल्याउन माग गरेका थिए।

किसानका लागि राहत घोषणा माग

मधेश प्रदेशका मुख्यमन्त्री जितेन्द्रप्रसाद सोनारले खडेरी र अतिवृष्टिबाट प्रभावित किसानका लागि राहत घोषणा गर्न माग गरेका थिए। 'यसअघि पानी नपर्दा सुक्खा क्षेत्र घोषणा गर्‍यौं। किसानले मार खायौं। अहिले मुन्था चक्रवातले बढी पानी पारेर फलेको बाली उठाउन नपाएर धान खेतमै उम्रिने अवस्था छ। यसका लागि राहतको घोषणा हुनुपर्छ,' उनले भने। प्रधानमन्त्रीले कार्कीले यस विषयलाई अर्थमन्त्रीले आवश्यक निर्णय लिने भनेर जिम्मेवारी दिइन्।

प्रधानमन्त्रीका प्रेस सल्लाहकार राम रावलले परिवर्तित अवस्थामा संघ र प्रदेश सरकारबिच संवाद गर्न र सहकार्य थप सघन बनाउनका लागि प्रधानमन्त्रीले बैठक आह्वान गरेको बताए। उनका अनुसार छलफलको अन्तिममा प्रधानमन्त्री कार्कीले मुलुकभित्रका समस्या मिलेर समाधान गर्नुपर्ने बताइन्। 'मुलुक हाम्रो हो। हामीले सुधार्ने हो, बनाउने हो। हामीले नसुधारे कसैले सुधारिदिँदैन। त्यसैले जे-जस्ता समस्या छन्, मिलेर समाधान गरौं,' उनले भनिन्, 'कतिपय कुरा लेख्दा, बोल्दा तलमाथि होला। तर, हाम्रो नियत खराब छैन। कसैले आशंका पाल्नुपर्ने कारण छैन। हामी तपाईंहरूसँग सहकार्य गरेर नै अघि बढ्ने हो। संविधानले दिएको परिधिभित्रै रहेर काम गर्ने हो। संविधानले बनाएका संरचनाको सम्मान गर्नु नै पर्छ।'

प्रधानमन्त्री कार्कीले स्थायित्वका लागि निर्वाचित सरकार नै चाहिने बताइन्। 'निर्वाचन र राजनीतिक दल एक-अर्काका परिपूरक हुन्। राजनीतिक दल नभई यो व्यवस्था चल्दैन। त्यसैले स्वतन्त्र विज्ञ भनेर नाम चलेका व्यक्तिहरू पनि चुनाव लड्न दल खोल्दै छन्। जेन-जीहरूलाई पनि पार्टी खोलेर चुनावमा सहभागी होऊ र आफ्ना एजेन्डा जनताबाट अनुमोदन गराऊ भनेका छौं। कोही-कोही बरालिएका छन्, कोही उग्र पनि छन्। उनीहरूले यो समयको संवेदनशीलता र अन्तरिम सरकारका सीमा बुझ्नुपर्छ,' उनले भनिन्।

सुन किन्न बोलाएर जंगलमा हत्या

शर्माको हत्यामा संलग्न छिमेकी भारत भाग्नै लाग्दा पक्राउ

झापामा **चिरञ्जीवी घिमिरे**

झापाको शिवसताक्षी नगरपालिका- १० का ३३ वर्षीय सरोज शर्माको हत्यामा छिमेकी युवाको संलग्नता रहेको पाइएको छ। उनको हत्या चिनजानकै छिमेकीले गरेको प्रहरीले जनाएको छ। जिल्ला प्रहरी कार्यालय झापाले आइतबार हत्यामा संलग्नलाई सार्वजनिक गर्दै एक महिनादेखि हत्याको योजना बनाएको जनाएको छ।

शर्माको हत्यामा शिवसताक्षी- १० का २७ वर्षीय सुनील साह र २३ वर्षीय राहुल साहलाई प्रहरीले पक्राउ गरेको छ। शव व्यवस्थापनमा सहयोग गर्ने एक भारतीय नागरिक भने फरार रहेको प्रहरीले जनाएको छ। पक्राउ परेका सुनील र राहुल नातामा मामाभान्जा पर्ने प्रहरीले जनाएको छ।

जिल्ला प्रहरी कार्यालय झापाका प्रवक्ता प्रहरी नायब उपरीक्षक खगेन्द्र खड्काका अनुसार मृतक शर्मा काठमाडौंमा आइटी इन्जिनियरका रूपमा काम गर्दै आएका थिए। उनी दसैं, तिहार र छठ मनाउन झापा आएका हुन्। त्यही समयमा सस्तोमा सुन पाए किन्ने र खोजिदिन शर्माले सुनीललाई आग्रह गरेको डिएसपी खड्काले जानकारी दिए। 'आन्दोलनका क्रममा लुटपाट भएको सुन सस्तोमा पाएमा आफू पनि किन्ने र काठमाडौंमा अरूलाई पनि किनाउने मृतकले भनेको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ,' उनले भने, 'त्यही आधारमा मृतकसँग पैसा भएको र उनको अपहरणपछि हत्या गरी परिवारसँग फिरौती माग्ने योजना सुनीलले बनाएको देखिन्छ।'

शर्मा बेपत्ता भएको दिन ९ कात्तिकमा राहुलले सुन भेटिएको भन्दै किन्न बोलाउँछन्। उनले शर्मालाई सुन जंगलमा गाडेको भन्दै अर्जुनधारा- ४ स्थित दही झोडा सामुदायिक वन पुऱ्याउँछन्। त्यहाँ पुग्नेबित्तिकै राहुल र सुनीलले शर्माको टाउकोमा हथौडाले प्रहार गरेर हत्या गरेको डिएसपी खड्काले जानकारी दिए। 'करिब ५:३० बजे हत्या गर्छन्। त्यसपछि शवलाई जंगलमै छाडेर उनीहरू घर आएर नुहाइधुवाइ गर्छन्। शव व्यवस्थापन गर्न उनीहरू फेरि जंगल नै जान्छन्,' उनले भने, 'शव व्यवस्थापनका लागि भने कुञ्जीबारीमा रहेका भारतीय नागरिक (जो अहिले फरार छन्)लाई बोलाएको देखिन्छ। उनीहरूले शवलाई मृतककै गाडीमा हालेर हुलाकी राजमार्गस्थित बिरिङ खोला पुलमुनि गाडेको देखिन्छ।'

हत्या गरेको भोलिपल्ट मुख्य योजनाकार सुनील मृतक शर्माको घर पुगेर बेपत्ताको खोजी गर्नुपर्ने भन्दै परिवारलाई आग्रह गरेको प्रहरीले जनाएको छ। यसबिचमा उनलाई प्रहरीले सोधपुछ पनि गरेको डिएसपी खड्काले बताए। तर, प्रमाण नभएका कारण उनलाई निगरानीमा छाडिएको थियो।

शर्माकै गाडीबाट शव व्यवस्थापन गरेका उनीहरूले केही दिनसम्म गाडीलाई विभिन्न जंगलमा राख्छन्। तर, १३ कात्तिकमा भने गाडी मेचीनगर नगरपालिका-१३ निचाभोडा सामुदायिक वनमा जलाएको प्रहरीले जनाएको छ। गाडी चलाएको ठाउँमा योजनाकार सुनीलको चप्पल भेटिएपछि प्रहरीले उनको खोजतलास सुरु गर्छ। डिएसपी खड्काका अनुसार अभियुक्तले मृतकको शव वा गाडी भारत लगेर परिवारलाई फोन गरी रकम असुल्ने योजना बनाएका थिए। 'भारतमा शव लगेर लागुऔषध राखेर छुटाउने भन्दै परिवारबाट पैसा असुल्ने योजना देखिन्छ। तर, टाउकोमा चोट धेरै भएकाले त्यो सम्भव भएन,' उनले भने।

संक्षेप

४५ जनालाई सहिद घोषणा गर्न गृह मन्त्रालयको सिफारिस

काठमाडौं/ २३ र २४ भदौको जेन-जी आन्दोलनमा ज्यान गुमाउने ४५ जनालाई सहिद घोषणा गर्न सिफारिस भएको छ। प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका अनुसार सोमबारको मन्त्रिपरिषद्बाट सहिद घोषणाको तयारी छ। गृह मन्त्रालयले छानबिन गरी ४५ जनालाई सहिद घोषणा गर्न सिफारिस गरेको हो। आन्दोलनमा ७६ जनाले ज्यान गुमाएका थिए। तर, कतिपयको शव अझै सनाखत हुन सकेको छैन। जलेको अवस्थामा भेटिएका शवको सनाखत हुन नसकेको हो। जेलबाट भाग्न खोज्ने क्रममा गोली लागेर १० कैदीको मृत्यु भएको थियो। उनीहरूको नाम सहिदको सूचीमा छैन। केही भारतीयको पनि मृत्यु भएको छ। उनीहरूको नाम पनि सूचीमा राखिएको छैन। आन्दोलनमै ज्यान गुमाएकालाई मात्र सहिद घोषणा गर्न लागिएको गृह मन्त्रालय स्रोत बताउँछ। आन्दोलनमा तीन प्रहरीले पनि ज्यान गुमाएका थिए। सरकारको पहिलो मन्त्रिपरिषद् बैठकले नै सहिद घोषणा गर्ने नीतिगत निर्णय गरेपछि औपचारिक रूपमा निर्णय गरेर राजत्रपमा प्रकाशित गरेपछि मात्र त्यो कार्यान्वयन हुन्छ। २३ भदौमा भ्रष्टाचारविरुद्ध बानेश्वरमा भएको आन्दोलनमा गोली लागेर २३ जनाले ज्यान गुमाएका थिए। त्यसको विरोधमा देशैभरि भोलिपल्ट नागरिकहरू सकडमा उत्रिएपछि तत्कालीन केपी ओली नेतृत्वको सरकार अपदस्थ भएको थियो। त्यसपछि पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीको नेतृत्वमा अन्तरिम सरकार गठन गरी चुनावको घोषणा गरिएको छ।

बस्नेतको संयोजकत्वमा युथ भोलेन्टियर्स फोर्स गठन

काठमाडौं/ एमालेले राष्ट्रिय युवा संघका पूर्वअध्यक्ष महेश बस्नेतको संयोजकत्वमा 'युथ भोलेन्टियर फोर्स' घोषणा गरेको छ। भक्तपुरको गुन्डुमा आइतबार आयोजित कार्यक्रममा पार्टीको जनसंगठन समन्वय संयन्त्रले फोर्स घोषणा गरेको हो। घोषणा कार्यक्रममा अध्यक्ष केपी ओली, संयन्त्रका संयोजक भानुभक्त ढकाल, किरण पौडेललगायत सहभागी थिए। फोर्समा पुष्प श्रेष्ठ, विनोद पाण्डे, अमित पौडेल, समिक बडाल र मिनबहादुर शाहीलगायत सदस्य छन्। स्वयंसेवी युवा संगठनका रूपमा फोर्सले समाजमा शान्ति सुव्यवस्था कायम गर्न, अपराधीलाई पक्राउ गरी अमनचयन काम गर्न तथा प्रहरीको मनोबल उच्च बनाउन सहयोगी भूमिका खेल्ने संयोजक बस्नेतले बताए। केही दिनभित्रै काठमाडौं, रामेछाप, काभ्रे, ललितपुरलगायत जिल्लामा पनि फोर्सको संगठन विस्तारित हुने क्रममा रहेको उनको भनाइ छ।

हर्क साम्पाङको दल दर्ता, प्रत्यक्ष निर्वाचित कार्यकारी एजेन्डा

काठमाडौं/ धरान उपमहानगरपालिकाका मेयर हर्कराज राई साम्पाङले आफ्नै नेतृत्वमा गठन गरेको श्रम संस्कृति पार्टी (श्रसंपा) निर्वाचन आयोगमा दर्ता भएको छ। उनले १६ भदौमा दल गठन गरेका थिए। ३१ भदौमा केन्द्रीय समितिबाट निर्णय गराएर ७ असोजमा निर्वाचन आयोगमा दल दर्ताका लागि निवेदन दिएका थिए। आयोगले आवश्यक प्रक्रिया पूरा गरेर आइतबार दल दर्ता गरेर साम्पाङलाई प्रमाणपत्र प्रदान गरेको छ। साम्पाङले २३ सदस्यीय केन्द्रीय समिति बनाएका छन्। केन्द्रीय समितिमा बुढानीलकण्ठ- ११ काठमाडौंका राजकुमार लामा (देवराज) उपाध्यक्ष बनेका छन्। उनी विज्ञान प्रविधि आविष्कार तथा राजनीतिक विश्लेषक हुन्। खोटाङको केपिलासगढी- १ का आरेज राई महासचिव बनेका छन्। उनी सामाजिक सेवामा सक्रिय तथा राजनीतिज्ञ हुन्। झापाको भद्रपुर- ८ की समिता राई कोषाध्यक्ष बनेकी छिन्। उनी समाजसेवी हुन्। धरान- १६ का अरुण गुरुङ प्रवक्ताको जिम्मेवारीमा छन्। उनी राजनीतिज्ञ र समाजसेवी हुन्। केन्द्रीय समितिमा पञ्चलाल तामाङ जनजित, आशा तामाङ, लक्ष्मी राई, समीर तामाङ, मेघराज दुलाल, गायत्री आले, पुष्पा राई, धनबहादुर श्रेष्ठ, गोपालबहादुर खड्का, लोकनाथ चुडाल, सुनिता राईलगायत छन्।

सिद्धार्थ बैंक लिमिटेडको मूल सुधार गरिएको सूचना

सिद्धार्थ बैंक लिमिटेडद्वारा मिति २०८२ कार्तिक १६ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिकामा दोस्रो पटक प्रकाशित चौविसौं वार्षिक साधारण सभाको सूचनामा इक्विटीमा भएको परिवर्तनको आषाढ मसान्त २०८२ (१६ जुलाई, २०२५) को विवरण भुलवस अन्यथा प्रकाशित भएकोमा सो विवरणलाई निम्न अनुसार सच्याई प्रकाशित गरिएको सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ।

इक्विटीमा भएको परिवर्तनको विवरण आषाढ मसान्त २०८२ (१६ जुलाई २०२५)

रकम रु.मा

विवरण	बैंक											
	बैंकका साधारण शेयरधनीका निमित्त										गैर नियन्त्रित स्वार्थ	जम्मा इक्विटी
	शेयर पुँजी	शेयर प्रिमियम	साधारण जगेडा कोष	सटही घटबढ कोष	नियमनकारी कोष	उचित मूल्य कोष	पुनःमूल्याङ्कन कोष	संचित मुनाफा	अन्य कोष	जम्मा		
१ श्रावण २०८० सालको मौज्दात	१४,०८९,९८०,१८९	-	४,४०९,१९५,७५२	६९,८८८,५९६	१,३८६,११८,२४१	१,७३४,४६०,०७१	-	६६३,६१०,४३७	२,९५३,३३७,६८३	२५,३०६,५९०,९७०	-	२५,३०६,५९०,९७०
समायोजन/पुनःस्थापना	-	-	-	-	-	-	-	(२१८,३७९,९३५)	-	(२१८,३७९,९३५)	-	(२१८,३७९,९३५)
१ श्रावण २०८० को समायोजीत/पुनःस्थापित मौज्दात	१४,०८९,९८०,१८९	-	४,४०९,१९५,७५२	६९,८८८,५९६	१,३८६,११८,२४१	१,७३४,४६०,०७१	-	४४५,२३०,५०२	२,९५३,३३७,६८३	२५,०८८,२११,०३५	-	२५,०८८,२११,०३५
यस वर्षको विस्तृत आम्दानी												
यस वर्षको मुनाफा	-	-	-	-	-	-	-	३,०८०,०२८,६८४	-	३,०८०,०२८,६८४	-	३,०८०,०२८,६८४
कर पछिको अन्य विस्तृत आम्दानी												
उचित मूल्यमा मापन गरिएका इक्विटी उपकरणका लगानीबाट भएको नाफा/(नोक्सान)	-	-	-	-	-	४८९,८८३,०९०	-	-	-	४८९,८८३,०९०	-	४८९,८८३,०९०
पुनः मूल्याङ्कनबाट भएको नाफा/(नोक्सान)	-	-	-	-	-	-	-	-	-	-	-	-
परिभाषित लाभ योजनाको बिमाङ्किक (actuarial) नाफा/(नोक्सान)	-	-	-	-	-	-	-	-	(४,७०३,२९३)	(४,७०३,२९३)	-	(४,७०३,२९३)
नगद प्रवाहको हेजिङबाट भएको नाफा/(नोक्सान)	-	-	-	-	-	-	-	-	-	-	-	-
वैदेशिक संचालनको कारण वित्तीय सम्पत्तिको विनिमय परिवर्तन गर्दा हुने सटही नाफा/(नोक्सान)	-	-	-	-	-	-	-	-	-	-	-	-
यस वर्षको विस्तृत आम्दानी	-	-	-	-	-	४८९,८८३,०९०	-	३,०८०,०२८,६८४	(४,७०३,२९३)	३,५६५,२०८,५६०	-	३,५६५,२०८,५६०
जगेडा कोषमा सारिएको रकम	-	-	६२०,९८०,४३५	२८,४९६,३३७	२५४,०६१,५१८	-	-	(२,३७६,५८२,८९८)	१,४७४,६४४,६०७	१,६००,०००	-	१,६००,०००
जगेडा कोषबाट स्थानान्तरण भएको रकम	-	-	-	-	-	(१७,४११,४४६)	-	२४,८७३,४९४	-	७,४६२,०४८	-	७,४६२,०४८
इक्विटीमा सिधै देखाइएको शेयरधनीसँगको कारोबार												
शेयर निष्काशन	-	-	-	-	-	-	-	-	-	-	-	-
शेयरमा आधारित भुक्तानी	-	-	-	-	-	-	-	-	-	-	-	-
शेयरधनीलाई लाभांश वितरण												
बोनस शेयर निष्काशन	-	-	-	-	-	-	-	-	-	-	-	-
नगद लाभांश भुक्तानी	-	-	-	-	-	-	-	(५९३,१८८,१६६)	-	(५९३,१८८,१६६)	-	(५९३,१८८,१६६)
जम्मा योगदान	-	-	-	-	-	-	-	(५९३,१८८,१६६)	-	(५९३,१८८,१६६)	-	(५९३,१८८,१६६)
आषाढ मसान्त २०८१ को मौज्दात	१४,०८९,९८०,१८९	-	५,०३०,१७६,१८८	९८,३८४,९३३	१,६४०,१७९,७५९	२,२०६,९३१,७१५	-	५८०,३६१,६१६	४,४२३,२७९,०७८	२८,०६९,२९३,४७७	-	२८,०६९,२९३,४७७
१ श्रावण २०८१ सालको मौज्दात	१४,०८९,९८०,१८९	-	५,०३०,१७६,१८८	९८,३८४,९३३	१,६४०,१७९,७५९	२,२०६,९३१,७१५	-	५८०,३६१,६१६	४,४२३,२७९,०७८	२८,०६९,२९३,४७७	-	२८,०६९,२९३,४७७
समायोजन/पुनःस्थापना	-	-	-	-	-	-	-	-	-	-	-	-
१ श्रावण २०८१ को समायोजीत/पुनःस्थापित मौज्दात	१४,०८९,९८०,१८९	-	५,०३०,१७६,१८८	९८,३८४,९३३	१,६४०,१७९,७५९	२,२०६,९३१,७१५	-	५८०,३६१,६१६	४,४२३,२७९,०७८	२८,०६९,२९३,४७७	-	२८,०६९,२९३,४७७
यस वर्षको विस्तृत आम्दानी												
यस वर्षको मुनाफा	-	-	-	-	-	-	-	३,३६६,५९४,२८२	-	३,३६६,५९४,२८२	-	३,३६६,५९४,२८२
कर पछिको अन्य विस्तृत आम्दानी												
उचित मूल्यमा मापन गरिएका इक्विटी उपकरणका लगानीबाट भएको नाफा/(नोक्सान)	-	-	-	-	-	१००,३३३,६५२	-	-	-	१००,३३३,६५२	-	१००,३३३,६५२
पुनः मूल्याङ्कनबाट भएको नाफा/(नोक्सान)	-	-	-	-	-	-	-	-	-	-	-	-
परिभाषित लाभ योजनाको बिमाङ्किक (बअतगबचष्वा) नाफा/(नोक्सान)	-	-	-	-	-	-	-	-	(१५१,१५६,२७६)	(१५१,१५६,२७६)	-	(१५१,१५६,२७६)
नगद प्रवाहको हेजिङबाट भएको नाफा/(नोक्सान)	-	-	-	-	-	-	-	-	-	-	-	-
वैदेशिक संचालनको कारण वित्तीय सम्पत्तिको विनिमय परिवर्तन गर्दा हुने सटही नाफा/(नोक्सान)	-	-	-	-	-	-	-	-	-	-	-	-
यस वर्षको विस्तृत आम्दानी	-	-	-	-	-	१००,३३३,६५२	-	३,३६६,५९४,२८२	(१५१,१५६,२७६)	३,३१५,७७१,६५८	-	३,३१५,७७१,६५८
जगेडा कोषमा सारिएको रकम	-	-	७६९,२९२,७९३	१३,२७०,६७३	१७६,७५१,२६३	-	-	(२,४५४,३११,०६९)	१,४९४,९९६,३४०	-	-	-
जगेडा कोषबाट स्थानान्तरण भएको रकम	-	-	-	-	(४२८,९५१,२९०)	(३३५,९०८,७७७)	-	९०८,८२०,९७२	-	१४३,९६०,९०५	-	१४३,९६०,९०५
इक्विटीमा सिधै देखाइएको शेयरधनीसँगको कारोबार												
शेयर निष्काशन	-	-	-	-	-	-	-	-	-	-	-	-
शेयरमा आधारित भुक्तानी	-	-	-	-	-	-	-	-	-	-	-	-
शेयरधनीलाई लाभांश वितरण												
बोनस शेयर निष्काशन	-	-	-	-	-	-	-	-	-	-	-	-
नगद लाभांश भुक्तानी	-	-	-	-	-	-	-	(५६३,५९९,२०८)	-	(५६३,५९९,२०८)	-	(५६३,५९९,२०८)
जम्मा योगदान	-	-	-	-	-	-	-	(५६३,५९९,२०८)	-	(५६३,५९९,२०८)	-	(५६३,५९९,२०८)
आषाढ मसान्त २०८२ को मौज्दात	१४,०८९,९८०,१८९	-	५,७९९,४६८,९८०	१११,६५५,६०७	१,३८७,९७९,७२९	१,९७१,३५६,५९०	-	१,८३७,८६६,५९३	५,७६७,११९,१४०	३०,९६५,४२६,८३०	-	३०,९६५,४२६,८३०

SiddharthaBank

Head Office: Naxal, Kathmandu, Nepal
P.O. Box: 13806, **Ph:** 01-5970720 / 5970020, **SWIFT:** SIDDNPKA
Email: customercare@sbl.com.np, **Web:** www.siddharthabank.com

सामाजिक तथा शैक्षिक रूपान्तरणमा नवयुवा

समयमै सामाजिक तथा शैक्षिक रूपान्तरणमा राज्यको ध्यान गएन भने युवा आक्रोश चुलिँदै गएर कुनै दिन विस्फोटको तहमा पुग्न सक्छ



● किरण कोइराला
अग्रलेख



नवयुवा (जेनेरेसन जेड) विद्यार्थी पुस्ता डिजिटल युगमा हुर्किएको, सामाजिक सञ्जालद्वारा जोडिएको र वैश्विक समस्यामा सचेत युवा जनशक्ति हो। यो पुस्ता राजनीतिक, सामाजिक, आर्थिक, धार्मिक तथा सांस्कृतिक परिवर्तनको नेतृत्वदायी भूमिकामा सधैँ रहन्छ। सामाजिक सञ्जालको रणनीतिक प्रयोग, भ्रष्टाचार र अयोग्य शासनप्रतिको शून्य सहनशीलता र सामाजिक रूपान्तरणका लागि शान्तिपूर्ण तथा दरिलो विद्रोह नवपुस्ताको ऐतिहासिक परिचय हो। शासन र शक्तिमा रहनेहरूको अत्यधिक सेवा-सुविधाका कारण राज्यको स्रोतसाधनले धान्नै नसक्ने राजकीय उच्च जीवनशैली र आमनागरिकमा भने सीपविहीन शिक्षाका कारण बढ्दो बेरोजगारी समस्याले नेपाली युवा पिँढीमा आक्रोश पैदा गरिरहेको छ। नेपालको अस्थिर राजनीति, संस्थागत बन्दै गएको नीतिगत भ्रष्टाचार, सीपविहीन र कमजोर शैक्षिक गुणस्तर, महँगो स्वास्थ्य, मूल्यहीन श्रम र शैक्षिक बेरोजगारी तथा वैदेशिक रोजगारीजस्ता प्रमुख समस्यालाई आलोचकले बारम्बार उठाइरहे पनि समयमै सम्बन्धित पक्ष गम्भीर बन्न सकेनन्।

सिन्डिकेट, तस्करी र भ्रष्टचारीबाट क्षतविक्षत हुँदै गएको अर्थतन्त्र, कमजोर बन्दै गएका सामाजिक सहिष्णुता र मजबुत हुँदै गएका साम्प्रदायिक जग, राजनीतिक स्वार्थ र सत्ताका लागि छिट्टै जुट्ने र टुट्ने अप्राकृतिक जोड-घटाउका सम्बन्ध, आरोप र प्रत्यारोपको कुरुक्षेत्र बनेको संसद्को टिभीमा देखिने प्रत्यक्ष प्रसारणजस्ता कारणले राजनीतिक गतिविधिका आलोचक बनेका युवा तथा नवजवान पुस्ताले पर्ख र हेरको धैर्य गुमाएपछि के भयो, जगजाहेर छ।

नवजवान (जेन-जी) पुस्ताले सामाजिक सञ्जाल सुचारु, भ्रष्टाचार अन्त्य र सुशासनको माग गर्दै गरिएको आन्दोलन व्यवस्था परिवर्तनका लागि होइन भन्दाभन्दै पनि २३ र २४ भदौमा ठुलो मात्रामा जनधनको क्षति भयो। नेपालको इतिहासमा सबैभन्दा छोटो समयमा सत्ता परिवर्तन भएको आन्दोलन बन्यो यो। तैपनि जेन-जीले जितिरहँदा भौतिक तथा ऐतिहासिक संरचनामा भएको ठुलो क्षतिले राज्यले हारेको महसुस हुने अवस्था सिर्जना भयो। देश र युवा पिँढीको सुन्दर भविष्यका लागि परिवर्तन खोज्दै प्रदर्शनमा होमिएका ७६ जनाले आन्दोलनका क्रममा ज्यान गुमाए भने धेरै घाइते भए। आन्दोलनको जगमा प्रतिनिधिसभा विघटन भएर अन्तरिम सरकार बन्यो। आमनागरिकले चाहेको परिवर्तनमा सामाजिक तथा शैक्षिक रूपान्तरणको अवस्था र विकास अर्थात् अबको शैक्षिक प्रणाली कस्तो हुनुपर्छ त ? बहस जरुरी छ।

जेन-जी पिँढीको आन्दोलनमा राजनीतिक सीमाविहीनताका कारण तुफानको गतिमा चल्न, विष्फोटक बन्न र सामाजिक सञ्जालबाट तत्काल जुट्न सहज भयो। सामाजिक सञ्जालमा हराइरहने पुस्तालाई बेरोजगारी, सीपविहीन शिक्षा र वैदेशिक रोजगारीका क्रममा परिवारसँगको विछोडको पीडाले आक्रोशित बनाएको सहजै अनुमान गर्न सकिन्छ। छिमेकी देश चीन र भारत तथा विश्वका विकसित देशका नागरिकले प्राप्त गरिरहेको अवसर र सुविधाले पनि युवा पुस्तामा राजनीतिक वितृष्णा बढ्दै गएको देखिन्छ।

एउटै शासकीय प्रणालीमा शासनको बागडोर नपाउँदा आफूबाहेक अरू सबैलाई भ्रष्ट देख्नु, राजनीतिक समन्वय र सहकार्य चुनाव जित्न र सरकार बनाउन मात्र सीमित रहनुजस्ता समस्या देखिए। दलको प्राथमिकतामा रहेको शासन र सत्तामा आमनागरिकको आधारभूत आवश्यकता, विधिको शासन, सामाजिक विकास अनि नवजवान विद्यार्थीको सीपमूलक शिक्षा र रोजगारीको अवसरबारे कहिल्यै चासो दिइएन। यस्तो अवस्थामा सामाजिक असन्तुष्टि बढ्नु स्वाभाविक हो। तर, दलहरूले समयमै जिम्मेबार बन्न नसक्नुको समष्टिगत अभिव्यक्ति हो, जेन-जी विस्फोट। समयमै सामाजिक तथा शैक्षिक रूपान्तरणमा राज्यको ध्यान गएन भने युवा आक्रोश चुलिँदै गएर कुनै दिन विस्फोटको तहमा पुग्न सक्छ

भूपरिवेष्टित राष्ट्र भएको हुँदा नेपालको दुवै छिमेकी देश भारत र चीनसँग स्थिर र सन्तुलित परराष्ट्र नीति छ। नेपाली युवा शिक्षा तथा रोजगारीका लागि दुवै छिमेकी देशमा ठुलो संख्यामा छन्। नेपालप्रति चीन र भारतको सदासयता दिगो र स्थिर सरकार होस् भन्ने देखिन्छ, तर नेपालमा स्थिर सरकार वर्तमान संवैधानिक व्यवस्थामा सम्भव देखिँदैन। धार्मिक, राजनीतिक, सामाजिक, शैक्षिक, सांस्कृतिक र भाषिक सद्भाव, सहिष्णुता र खुला सिमानाका कारण भारतीयसँग नेपालीको घनिष्ट सम्बन्ध छ। तैपनि आजको अन्तर्राष्ट्रिय सम्बन्ध व्यापारसँग जोडिने भएकाले नेपालजस्तो भूपरिवेष्टित देशमा अस्थिर सरकारको कमजोर शासन प्रणालीका कारण उत्पन्न भ्रष्टाचारले सिर्जित गरेको अति कमजोर आर्थिक, सामाजिक, राजनीतिक, शैक्षिक तथा शासकीय धरातलले बनाएको चरम गरिबीमा दुवै छिमेकी राष्ट्रको व्यापारिक अपेक्षामा नेपाल प्राथमिकतामा देखिँदैन। किनभने भन्सार विभागले सार्वजनिक गरेको आव ०८१/८२ को तथ्यांकअनुसार नेपालको वैदेशिक व्यापार घाटा १५ खर्ब २७ अर्ब पुगेको छ। सो तथ्यांकअनुसार नेपालको सबैभन्दा बढी व्यापार घाटा भारत र चीनसँगै रहेको छ।

नेपालमा स्थिर सरकार र दिगो आर्थिक विकासविना नेपाल सरकारको २५ वर्षे दीर्घकालीन सोच (२०७६-२१००) अनुरूपको 'समृद्ध नेपाल सुखी नेपाली'को राष्ट्रिय लक्ष्य पूरा हुन सक्ने देखिँदैन। सो लक्ष्यअनुसार सन् २०२६ मा नेपाल विकासशील मुलुकमा स्तरोन्नति हुनेछ। नेपाल 'ग्रे लिस्ट'मा परेको हुनाले बाह्य लगानी आउने सम्भावना न्यून हुन सक्छ। नेपालको राष्ट्रिय उत्पादनले अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धा गर्नुपर्नेछ। सहुलियतदरमा उपलब्ध हुने ऋणको ब्याजदरमा पनि वृद्धि हुनेछ। नेपाललाई प्राप्त चुनौतीलाई अवसरमा परिणत गर्न दक्ष र क्षमतावान् जनशक्तिको आवश्यकता पर्छ। त्यो आवश्यकता पूरा गर्न शिक्षालाई साधनका रूपमा उपयोग गरिनुपर्छ। शिक्षामा सन्तुलित विकास नभएसम्म शिक्षासँग अन्तरसम्बन्धित क्षेत्रको विकासमा असन्तुलित अवस्था रहन्छ। यस्तो अवस्थामा सीमित स्रोतसाधनको असमान वितरणले समाजमा द्वन्द्व र असन्तुष्टि चरम हुन्छ।

शैक्षिक प्रणाली मजबुत भए मात्र सीमित स्रोतसाधनको असीमित उपयोग हुन सक्छ। तर, शिक्षा नै कमजोर भए स्रोतसाधनमा हुने अत्यधिक परनिर्भरताले गर्दा सामाजिक असमानताबाट उत्पन्न द्वन्द्व र सामाजिक द्वन्द्वबाट उत्पन्न निराशा र त्यसबाट उत्पन्न नकारात्मक विद्रोहले समाजमा नैतिकताको संकट उत्पन्न गर्छ। देशको शैक्षिक प्रणाली मजबुत नभएसम्म योजना अन्तर्राष्ट्रिय सन्धि-सम्झौता, दबाब र प्रभावका कारण अत्यन्तै राम्रा बन्ने र कार्यान्वयन नहुने अवस्था रहिरहन्छ।

नेपालले अवलम्बन गरेको आर्थिक उदारीकरण र निजीकरणका कारण राजस्व, ऋण र वैदेशिक सहायता तथा अनुदानलाई महत्त्व दिने नीतिगत प्राथमिकताका कारण कृषि पशुपालन र साना तथा मझौला घरेलु उद्योगले सामाजिक अर्थतन्त्रमा योगदान दिन सकेनन्। बजारीकरण गर्ने क्षमता नहुँदा कृषि पारिवारिक उपभोगमा सीमित छ भने पशुपालन तथा घरेलु व्यवसायको बजार स्थानीय समुदायमा आधारित छ। ग्रामीण क्षेत्रका साहु र ऋणीलाई सहकारी तथा वित्तीय संस्थाले विस्थापित गरिदिँदा आर्थिक गतिविधि प्रायः शून्य बन्न पुगेको छ। प्रायः निष्क्रियजस्तै भएको सामाजिक अर्थतन्त्रले गर्दा मानिसलाई रोजगारी अत्यावश्यक बन्यो। स्वदेशमा अवसर नहुनेहरू वैदेशिक रोजगारीमा आकर्षित भए। वैदेशिक रोजगारीले देशमा रेमिट्यान्स त भित्रियो, तर सहरकेन्द्रित भयो। सन्तानको गुणस्तरीय शिक्षाका लागि परिवार सहरकेन्द्रित हुँदा आय-आर्जनका कार्य ग्रामीण क्षेत्रमा सीमित हुँदै गए। व्यक्तिगत तथा पारिवारिक विलासिता बढ्यो। विलासिताको सामानमार्फत पुनः रेमिट्यान्स बाहिरियो। गुणस्तरीय शिक्षा र स्वास्थ्य सहरकेन्द्रित बन्दा रेमिट्यान्स ग्रामीण अर्थतन्त्रसम्म पुग्न सकेन। अत्यधिक ग्रामीण स्रोतसाधनलाई विकासमार्फत ग्रामीण अर्थतन्त्रसँग जोड्न सकिएन।

> जेन-जी आन्दोलनपछि आमनागरिकले चाहेको परिवर्तनमा सामाजिक तथा शैक्षिक रूपान्तरणको अवस्था र विकास अर्थात् अबको शैक्षिक प्रणालीबारे गम्भीर बहस जरुरी छ

राष्ट्रिय जनगणना २०७८ अनुसार जम्मा जनसंख्याको आर्थिक रूपले सक्रिय जनसंख्या ६५.५ प्रतिशत छन्। यो जनशक्ति देश विकासका लागि अत्यन्त उर्वर सम्भावना छ। तर, अधिकांश सीपविहीन अदक्ष जनशक्ति छन्। अबको ३० वर्षपछि नेपाल ज्येष्ट समाज हुनेछ। सत्ता र शक्तिको खेलमा लागिरहँदा यो उर्वर शक्तिलाई कहीँ पनि उपयोग गरिएन। देशको ठुलो जनशक्तिले शैक्षिक बेरोजगार बनेर आफ्नो शक्ति र क्षमता गुमाइरहेको छ। गुणस्तरीय शिक्षा, स्वास्थ्य र रोजगारीका लागि सहरकेन्द्रित आकर्षणले ग्रामीण र सहरी स्रोतसाधनमा असमानता कायम भयो। स्रोतसाधन र शक्तिको असमान वितरणमा सन्तुलित विकास सम्भव छैन। जबसम्म ग्रामीण र सहरी क्षेत्रमा भौतिक तथा मानवीय स्रोतसाधनको सन्तुलन कायम हुँदैन तबसम्म असन्तुलित विकासले सामाजिक रूपान्तरण गर्न सक्दैन।

सन् १९९० मा सरकारले अर्थतन्त्रलाई उदारीकरण र स्वदेशी उद्योगलाई निजीकरण गरेदेखि विदेशी लगानीका लागि देशमा अनुकूल वातावरण सिर्जना भएको छ। नेपालमा वैदेशिक लगानी नाफामुखी रहेको छ। यहाँ लगानी गरेका बहुराष्ट्रिय कम्पनीले वर्षौंदेखि राम्रो लाभांश लगिरहेका छन्। यसैलाई देखाएर सरकारले विसं ०७३, ०७५ र ०८१ को अन्तर्राष्ट्रिय लगानी सम्मेलनमा गरिएको प्रतिबद्धताअनुसार वैदेशिक लगानी भित्रिन सकेको छैन। आफ्ना उद्योग तथा कलकारखाना निजीकरण वा बन्द गरेर लामो समयदेखि गरिएको विदेशी लगानीको प्रतीक्षाले नेपाली नागरिकलाई बेरोजगार बनायो, शिक्षा सिपविहीन भयो र अर्थतन्त्र निष्क्रिय बन्यो। वैदेशिक रोजगारीमा समेत अदक्ष जनशक्तिले जोखिमपूर्ण काम गर्नुपर्‍यो।

आर्थिक गतिविधि बैंकिङ प्रणालीमार्फत केन्द्रीकृत र प्रशासनिक तथा अधिकारका कार्यक्रम तहगत रूपमा विकेन्द्रित छन्। राजनीति र शासनमा जातीय विभाजन छ भने समाज वर्गीय असमानतामा जकडिएको छ। यिनै सैद्धान्तिक असमानताले आर्थिक रूपान्तरणबाट सामाजिक विकासको सम्भावना कमजोर छ। देशमा सुरक्षित व्यावसायिक वातावरण छैन। जनताले रोजगारी मागिरहेका छन् र संविधानमा रोजगारीको हक कार्यान्वयन गर्न रोजगारीको हकसम्बन्धी ऐन तथा नियमावली, २०७५ कार्यान्वयनमा छ। तैपनि सरकार सबै नागरिकलाई रोजगारी दिन सक्ने अवस्थामा छैन। संविधानले नागरिकलाई प्रशस्तै अधिकार दियो, तर अधिकार पूरा गर्ने स्रोतसाधनको पहिचान भने दिएन। सीमित स्रोतसाधनमा असीमित अधिकार पूरा गर्न द्वन्द्व र विद्रोह भइरहने देखिन्छ।

सामाजिक परिवर्तन र विकासका लागि भ्रष्टाचारमा शून्य सहनशीलता, विधिको शासन, न्यायमा जनताको पहुँच, राष्ट्रको पहिचानसहितको सीपमूलक र गुणस्तरीय शिक्षा, कृषिमा आधुनिकीकरण, धार्मिक, सांस्कृतिक तथा पर्यापर्यटनको प्रवर्द्धन, सुशासन र व्यावसायिक वातावरण निर्माण असम्भव छैन। देश भूपरिवेष्टित भए पनि हिमाल, पहाड र तराईको प्रशस्तै विकासको सम्भावना बोकेको स्थानीय अर्थतन्त्रलाई सदुपयोग गर्न सकिएन। प्रशस्तै स्रोतसाधन स्थानीयस्तरमा छ भने युवा जनशक्ति र पुँजी सहरकेन्द्रित छ। आर्थिक, राजनीतिक र प्रशासनिक गतिविधि सहरकेन्द्रित छन्। विकासमा भूगोलले महत्त्व पाउँछ। तर, हाम्रा सबै क्रियाकलाप जनसंख्याकेन्द्रित बन्दा नागरिकको आधारभूत आवश्यकता पूरा गर्न राज्यपक्षले चाहेर पनि सक्ने अवस्था छैन।

अबको हाम्रो राष्ट्रियता अर्थतन्त्रसँग जोडिएको समृद्ध नेपाल र सुखी नेपालीका लागि हुनुपर्छ। संविधानमा खोजिएको गैरयोगदानमूलक अधिकारमा आधारित जन्मसिद्ध न्याय द्वन्द्वात्मक हुने हुँदा अर्थतन्त्रसँग जोडिएको समृद्धि मात्र दिगो हुन्छ। हाम्रा विशालबजार भएका दुई छिमेकी देश चीन र भारतको विशाल जनसंख्याको व्यापारिक अवसरलाई सदुपयोग गरी समृद्ध नेपाल सुखी नेपाली बन्ने सुनौलो भविष्य सबै नेपालीसँग छ। यसका लागि सरकारले राष्ट्रिय उत्पादनको क्रेता र अन्तर्राष्ट्रिय विक्रेताका रूपमा स्रोतसाधन तथा जनशक्तिको व्यवस्थापन र परिचालन गर्नुपर्छ।

koiralakiran!@#@gmail.com

३ प्रश्न

कृषिविज्ञ
उद्धव अधिकारीलाई



धान भित्र्याउने वेलामा वर्षाले सताउनुले कृषि क्षेत्रमा कस्तो प्रभाव पार्ला ?

अत्यन्त ठुलो नकारात्मक प्रभाव परिरहेको छ। प्राकृतिक तथा मानवसिर्जित अनेकौँ समस्याको घेराबाहिर छैन हाम्रो कृषि क्षेत्र। धान रोप्ने वेलामा खडेरी र अहिले वर्षाका कारण हाम्रा किसानहरू ठुलो मर्कामा छन्। एकातिर प्रकृतिले दिनदिनै नेपाली किसानलाई सताउँदै छ भने अर्कातिर बजारले पनि तिनै किसानलाई नै निमोठिरहेको छ। सबैतिरबाट मारमा परेका किसानको पीडामा हाम्रा तीनै तहका सरकार फङ्के किनाराका साक्षी बनिरहेका छन्।

प्राकृतिक विपत्तिमा तीनै तहका सरकारले गर्नुपर्ने चाहिँ के थियो ?

हाम्रा तीन तहका सरकारको त के कुरा गर्नु ? उतिखेर धान रोप्ने समय असार, साउनमा पर्याप्त वर्षा नभएपछि सरकारका मन्त्रीहरू हेलिकोप्टर चढेर बोरिङ खन भन्दै हिँडे। तर, कहाँ-कहाँ बोरिङ खनियो, त्यसबारे भने कसैले चासो दिएन। त्यसबाट हाम्रा किसान कति लाभान्वित भए, त्यसबारे कसैले फर्केर हेरेन। यस्ता जलवायुजन्य विपत्ति बढ्दै छ। बाली बिमा किसानलाई बचाउने एउटा महत्त्वपूर्ण कदम हुनसक्थ्यो। तर, तीनै तहका सरकारले चासो नदिँदा पछिल्लो चार महिनाको अवधिमा जम्मा साढे चार सयजतिले मात्र बिमा गराएका छन्। किसानका समस्या र पीडाप्रति तीनै तहका सरकार बेखबर छन्।

सरकारले तोकेको समर्थन मूल्यमा बजारले किन्ने अवस्था छ कि छैन ?

सरकारले धानको समर्थन मूल्य ३६ सय तोके पनि बजारको मनोमानीका कारण किसान २५ सयमा बेच्न विवश छन्। सरकारले खाद्य कम्पनी लिमिटेडमार्फत धान किन्न पर्याप्त बजेट व्यवस्था गरी बजारलाई हामीले तोकेको मूल्यमा तिमीहरूले किसानको धान खरिद गरेनौ भने हामी नै किन्छौँ भन्न सक्नुपर्थ्यो। तर, व्यापारीले सस्तोमा धान किनेर महँगोमा चामल बिक्री गर्दा पनि राज्य रमिते बनिरहेको छ। यसले गर्दा नेपालको कृषि पेसा नै संकटमा पर्दै गएको छ।

प्रेरक प्रसंग

बालबालिकालाई बोल्ने अवसर देऊ

रातको समयमा एउटा संयुक्त परिवारका सबै सदस्य एकसाथ खाना खाइरहेका थिए। उनीहरू खाना खाने समयमा अनेक विषयमा चर्चा गर्थे। यस क्रममा परिवारका एक सदस्यले सहरको एक मन्दिरमा कताबाट पुग्न सकिन्छ भनेर केटाकेटीलाई सोधे। यथार्थमा ती बालबालिका पढ्ने स्कुलको बाटो हुँदै सो मन्दिर पुग्न सकिन्थ्यो। उनीहरू पनि पटक-पटक सो मन्दिर पुगेका थिए। त्यसैले, आज उनी बालबालिकाको परीक्षा लिन चाहन्थे। बालबालिकाले बाटोबारे ध्यान दिएका छन् कि छैनन् भनेर उनी बुझ्न चाहन्थे।



सबैभन्दा ठुलो बालकले यताउताका कुरा गरेर प्रश्न छल्ने कोसिस गरे। यो सब देखेर सबैले उनलाई त्यसबारे थाहा छैन भन्ने लख काटे। दाजुको अवस्था देखेर बहिनीले भनी- सायद दादालाई मन्दिर जाने बाटो थाहा छैन। त्यो मन्दिर त अस्पतालअगाडिको बाटोबाट गए पुगिन्छ, हैन र ?

छोरीको जवाफ सुन्नासाथ आमाले उनलाई हप्काइन्। तिमी चुप लाग नानु, तिमीलाई केही थाहा छैन। के तिमी दादाभन्दा बढी जान्ने भयौ ? दादाले जवाफ दिइहाल्छ नि ! उसले भन्दै छ त ! आमाको आवाज सुनेपछि बालिका रुन्चे मुख लगाएर चुप लागिन्।

दिदीको अवस्था देखेपछि सानो भाइले दिदीको पक्ष लिँदै भन्यो- दिदीले ठिकै त भन्दै हुनुहुन्छ नि आमा ! दादालाई त बाटो थाहै रहेनछ। आमाले उसलाई पनि हप्काउँदै भनिन्- तिमी पनि चुप लाग सानु !

सबैको कुराकानी सुनिरहेका हजुरबाले बुहारीलाई सम्बोधन गर्दै भने- बुहारी, तिमी केटाकेटीलाई बोल्न देऊ। उनीहरूलाई नरोक। उनीहरूलाई बोल्न प्रोत्साहन गर। हप्काइदप्काइको प्रभावले बालबालिका बोल्न डराउँछन्। आज उनीहरूले घरमा बोल्न पाएनन् भने यिनले कसरी भोलि बाहिरको समाजमा बोल्न सक्छन् ? कसरी तिनले आजको चुनौतीपूर्ण समाजमा प्रतिस्पर्धा गर्न सक्छन् ? आखिर बोल्दाबोल्दै नै त हो उनीहरूले तर्क गर्न सिक्ने !

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

आठ दल मिल्दैमा के होला र ?

आठ दल र समूह मिलेर नेकपा समाजवादी बन्दै गरेको समाचार सुनियो। तर, एकता हुँदैमा देश र जनताका लागि खुसीको कुरा हुन सक्दैन। किनकि, एकता त विगतमा पनि भएकै थिए। तर, एकतापछि के भयो, संसारले देखेबुझेकै छ। त्यसैले, एकता नै गर्ने भए दिगो र दरिलो एकताका लागि पहिले गम्भीर गृहकार्य गर, विचार र सिद्धान्तबारे प्रस्ट बन, देशनिर्माणको 'भिजन' तयार गर। अनि मात्र एकताको निर्णय गर।

● **गोविन्द भुसाल**, सतुंगल, काठमाडौं

केही काम छैन। समाजवादका लागि नीति तथा कार्यक्रम बनाएर संघर्षमा जाने होइन। खालि प्रचण्डले आफ्नो अनुकूलतामा प्रयोग गर्न खोज्छन्। डबल नेकपाको डबल अध्यक्ष भएर त केही भएन।


आठ दल-समूह मिलेर नेकपा समाजवादी बन्दै
महाधिवेशन मितिमा मध्यमार्गी प्रयास

● **महापदम सी**

व्यक्तिगत स्वार्थका लागि गरिने एकताले निकास दिँदैन। इमानदार र वर्गप्रति निष्ठावान् वामहरूले एकता गरे निकास दिन्छ, अन्यथा जो-जो मिले पनि केही हुँदैन भन्ने यथार्थ देशभक्त राष्ट्रप्रेमी सबैले बुझ्नुपर्छ समयमै।

● **विषम सी**
(नयाँ पत्रिका फेसबुक पेजबाट)

कस्तो निर्णय गर्ला कांग्रेसले ?

कांग्रेस केन्द्रीय समिति बैठकले पार्टीको महाधिवेशनबारे के निर्णय लेला ? सबैको चासोको विषय बनेको छ। नियमित महाधिवेशन चुनावअघि नै गर्छौँ भन्छ कि विशेष महाधिवेशनमा जाने निर्णय गर्छ ? महाधिवेशनबारे कुनै पनि निर्णय नगरी बैठक समाप्त भएमा गगन, विश्व र शेखरले स्विकार्लान् कि विद्रोह गर्लान् ? के गगन, विश्व र शेखरविनाको कांग्रेसको कल्पना गर्न सकिएला ? कांग्रेसले नेतृत्व परिवर्तन नगरीकनै निर्वाचनमा जाँदा आममतदाताले कसलाई हेरेर या विश्वास गरेर उसलाई मत देलान् ? अहिलेका यक्ष प्रश्न हुन् यी।


पूर्णबहादुर, प्रकाशशरण, कृष्ण सिटौला या रमेश लेखकहरूको अनुहार हेरेर अब जनताले कांग्रेसलाई मत दिँदैनन्। त्यसका लागि गगन-विश्वजस्ता ऊर्जाशील नेता नै चाहिन्छ। तथापि, देउवाका आज्ञापालकहरूले यो तथ्य छर्लंग बुझेर पनि नबुझेजस्तो गरिरहेका छन्। उनीहरू कुनै पनि बहानामा महाधिवेशन पछि धकेल्न खोजिरहेका छन्। जसले कांग्रेस झनै आममतदाताबाट अलग्गिने निश्चित छ।

कांग्रेसले आउने चुनाव खड्काको नेतृत्वमा लड्ने कि गगन-विश्वको ? त्यो प्रस्ट गर्न सक्नुपर्छ। जेन-जी आन्दोलनको भावना बुझेर महाधिवेशन प्रतिनिधिहरूले गगन-विश्वलाई साथ देलान् कि उही गुटको फेरो समातेर पुरानै नेताहरूसँगै सती जालान् ? यस्तो अवस्थामा दुइटा मात्र विकल्प बाँकी रहन्छन्। एउटा, अब साँच्चीकै बुढा-पुराना अनुहारले चुनाव जिताउन सक्दैनन् भन्ने अनुभूत केन्द्रीय सदस्यहरूमा भई गगन विश्वलाई साथ दिनु र अर्को उपाय भनेको गगन-विश्व स्वयंले कांग्रेस छाडेर नयाँ कांग्रेस बनाउँछौँ भनेर 'अल्टिमेटम' दिने। तैपनि, खड्काहरूले नमाने नयाँ कांग्रेस बनाएर देशभरिका कांग्रेसका कार्यकर्तालाई आफ्नो पार्टीमा आउन आह्वान गर्ने। यसो गरेमा मूलधारको कांग्रेस गगन-विश्वकै हुनेछ।

● **गोपाल देवकोटा**, गोकर्णेश्वर- ८, काठमाडौं
gopaldevkota@gmail.com

अमेरिकी दबाबले थप बलियो बनाउन सक्छ मदुरोलाई

आफ्नो देशको तटनजिक अमेरिकाको बढ्दो सैन्यकरणलाई मदुरोले पनि सैन्य वृद्धिमार्फत जवाफ दिएका छन्



देश/विदेश
● डा. रोबर्ट मुगा


दक्षिण अमेरिकाको उत्तरी तटीय क्षेत्रमा हिजोआज दिनप्रतिदिन अमेरिकी सेनाको उपस्थिति बाक्लिँदै गएको छ। ट्रम्पले ती सेना 'लागुऔषध-आतंकवाद'विरुद्ध लक्षित रहेको बताए पनि विश्लेषकहरू भने त्यसप्रति विश्वस्त छैनन्। ट्रम्प प्रशासनको ध्यान भेनेजुएलामा शासन परिवर्तनमा रहेको उनीहरूको आशंका छ। भेनेजुएलाका वामपन्थी राष्ट्रपति निकोलस मदुरो सन् २०१३ देखि निरन्तर सत्तामा छन्। गत वर्ष जुलाईमा सम्पन्न निर्वाचनबाट पुनः निर्वाचित मदुरोले व्यापक धाँधली गरेको आरोप छ।

आफ्नो देशको तटनजिक अमेरिकाको बढ्दो सैन्यकरणलाई मदुरोले पनि सैन्य वृद्धिमार्फत जवाफ दिएका छन्। यस दिशामा सेप्टेम्बरमा उनले संकटकाल घोषणा गरे। उनले सेना, प्रहरी र अर्धसैनिक मिलिसियालाई २८४ क्षेत्रमा तैनाथ रहन आदेश दिएका छन्। यी तैनाथी मुख्यतः देशको संवेदनशील सीमाक्षेत्रमा लक्षित छ। त्यसबाहेक भेनेजुएलाले अलग रूपमा छिमेकी कोलम्बियातर्फ २५ हजारभन्दा बढी सेना तैनाथ गरेको छ। त्यस अतिरिक्त सन् २००५ मा गठित नेसनल बोलिभेरियन मिलिसियाका लगभग ४५ लाख सदस्य परिचालन गरिएको रिपोर्ट आएका छन्। यसका अलावा सेनाले स्थानीय 'जनरक्षा' समितिलाई रक्षा संरचनामा जोड्न नागरिकलाई हतियार चलाउने तालिम दिइरहेको समाचार आएको छ।

उसो त भेनेजुएलाको तुलनामा अमेरिकी सेना धेरै परिष्कृत र शक्तिशाली छ भनेमा कुनै शंका छैन। तर, काराकासाले गरिरहेको तयारी हेर्दा प्रत्यक्ष मुडभेड भए अमेरिकालाई भेनेजुएलाले बलियो प्रतिक्रिया दिने देखिन्छ। त्यसले अन्ततः देशभित्र मादुरोको अवस्थालाई थप बलियो बनाउन सक्छ। अन्तर्राष्ट्रिय रूपमा भेनेजुएलालाई रुस, क्युबा र इरानको बलियो साथ छ। तर, ती मुलुकले मदुरोको शासन लम्ब्याउन सहयोग त गर्न सक्छन्, तर कुनै दृढ अमेरिकी सैन्य अभियान सुरु भए उनको रक्षामा अघि आउने सम्भावना भने छैन। हुन त वासिङ्टनले पनि प्रत्यक्ष मुठभेडभन्दा आफ्नो दबाबमार्फत भेनेजुएलाभित्र मदुरोविरोधी शक्तिलाई अघि बढाउने प्रयास गरेको हुन सक्छ। तर, घरेलु दृश्य भने वासिङ्टनको अपेक्षाअनुरूप छैन।

मदुरोविरोधी विपक्षी समूह विभाजित र कमजोर छन्। सन् २०२४ को विवादास्पद निर्वाचनपछि मदुरोले विरोधीमाथि तीव्र दमन अभियान चलाएपछि विपक्षी गठबन्धन 'डेमोक्रेटिक युनिटरी प्लाटफर्म' नै छिन्नभिन्न अवस्थामा छ। अक्टोबर १० मा विपक्षी उम्मेदवार मारिया कोरिना माचादोले नोबेल शान्ति पुरस्कार जितेपछि विपक्षीको मनोबल त बढेको छ, तर त्यसको असर अझै व्यावहारिक देखिएको छैन।

यस्तोमा सेनाभित्र ठुलो विभाजन, लामो जनपरिचालनबाट प्रेरित भएर ठुलो संख्यामा अभिजात वर्गले परित्याग नगरेसम्म विपक्षीले मदुरोलाई हटाउन सक्ने सम्भावना न्यून छ। घरेलु सुरक्षा संरचना, अदालत, निर्वाचन परिषद्माथिको मदुरो सरकारको बलियो पकड हेर्दा सेना र अभिजात वर्गमा अचानक विभाजन असम्भव देखिन्छ। ट्रम्प प्रशासनले विगतको प्रशासनभन्दा अगाडि बढेर मदुरोमाथि दबाब बढाउँदै उनका विरोधीलाई प्रोत्साहन गर्ने तत्परता देखाएको छ। यस दिशामा अगस्टमा पेन्टागनले 'युएस साउदर्न कमान्ड्स प्याच'मा



सेनादेखि डिस्ट्रोयर्स र उभयचर जहाजको संख्या बढाएको छ। पछिल्लो समय २४ अक्टोबरमा, वासिङ्टनले 'युएसएस जेराल्ड आर फोर्ड क्यारियर' नामक युद्धपोत भेनेजुएलानजिकको तटीय क्षेत्रमा तैनाथ गर्‍यो।

अमेरिकी सेनाले भेनेजुएलालाई लक्षित गरेर क्यारिबियन सागर र पूर्वी प्रशान्त क्षेत्रमा कम्तीमा १३ वटा हमला गरिसकेको छ जसमा ५७ जनाको मृत्यु भएको छ। प्रत्येक आक्रमणपछि प्रतिक्रिया दिने क्रममा अमेरिकी राष्ट्रपति ट्रम्प लागुऔषध कार्टेलका वाहनलाई निसाना बनाइएको बताउँछन्। ट्रम्प ती कार्टेल भेनेजुएलाको सरकार र मदुरोसँग प्रत्यक्ष जोडिएको उल्लेख गर्न छुट्याउँदैनन्। आगामी दिनमा भेनेजुएलामाथि थप दबाब बढाउन अमेरिकाले देशभित्रै सटिक हमला गर्न सक्ने सम्भावना बढेको छ। क्यारिबियन क्षेत्रमा तैनाथ युद्धपोत र प्युर्टोरिकोमा तयारी अवस्थामा राखिएको एफ-३५ युद्धक विमानले पनि त्यसैतर्फ संकेत गर्छन्।

अमेरिकाले गर्न सक्ने खुला सैन्य कारबाहीलाई गुप्तचरले पनि सघाउन सक्छ। ह्वाइटहाउसले सिआइएलाई भेनेजुएलाभित्र सञ्चालन अधिकार दिएको खुला रूपमा घोषणा गरिसकेको छ। एक रिपोर्टअनुसार एकजना अमेरिकी होमल्यान्ड सेक्युरिटी एजेन्टले भेनेजुएलाका राष्ट्रपतिका प्रमुख पाइलटलाई मदुरोलाई अमेरिका ल्याउन मनाउने प्रयास गरेका थिए। तर, अमेरिका पुगेपछि मदुरोलाई बन्दी बनाउने सो षड्यन्त्र असफल भयो। यस घटनाले अमेरिकाले भेनेजुएलाका नेताविरुद्ध मनोवैज्ञानिक अपरेसन चलाएको संकेत गर्छ।

वैदेशिक सैन्य हस्तक्षेपले मात्र विरलै शक्तिशाली शासक ढाल्छन्। बरु त्यसले शासकलाई शासन लम्ब्याउन व्याकुलता बनाउँदै दमनका लागि प्रोत्साहित गर्न सक्छ। वासिङ्टनले मदुरो सरकार छिट्टै पतन असम्भव रहेको सम्झनुपर्छ। के सम्झनुपर्छ भने भेनेजुएला संकटका कारण करिब ७९ लाखले देश छाडिसके, जसमध्ये ६७ लाखभन्दा बढी विभिन्न ल्याटिन अमेरिकी तथा क्यारिबियन देशहरूमा शरण लिइरहेका छन्। ह्वाइटहाउसले हतारमा निर्णय लिएर सैन्य कदम चाले त्यसले यो संख्या बढाउने काम मात्र गर्न सक्छ।

(मुगा क्याथोलिक युनिभर्सिटी अफ रियो द जेनेरियो, सिंगुलारिटी युनिभर्सिटीका फ्याकल्टी सदस्य हुन्)
द कन्भर्सेसनबाट

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

भारतीय राजनीतिमा वंशवाद

जब राजनीतिक नेतृत्व क्षमता, प्रतिबद्धता वा तल्लो तहको सक्रियताभन्दा कुनै निश्चित परिवारसँग जोडिएका आधारमा तय हुन्छ तब देशको शासनको गुणस्तरमै असर पर्छ



● शशी थरुर

संयुक्त राष्ट्रसंघका पूर्वउपमहासचिव तथा भारतका पूर्वराज्यमन्त्री थरुर अहिले भारतीय राष्ट्रिय कंग्रेसका सांसद हुन् ।

भारतीय राजनीतिमाथि दशकौँदेखि एउटा परिवार हाबी देखिन्छ । भारतका प्रथम प्रधानमन्त्री जवाहरलाल नेहरू, देशको पहिलो महिला प्रधानमन्त्री इन्दिरा गान्धी, अर्का प्रधानमन्त्री राजीव गान्धी र वर्तमान विपक्षी नेता राहुल गान्धी तथा सांसद प्रियंका गान्धी वाड्रा सोही परिवारका सदस्य हुन् । उसो त राजनीतिमा नेहरू-गान्धी परिवारको प्रभाव भारतको स्वतन्त्रता संघर्षको इतिहाससँग जोडिएको छ । तथापि, यस परिवारको विरासतले भारतभर राजनीतिक नेतृत्व कुनै परिवारको जन्मसिद्ध अधिकार हो भन्ने विचारलाई बलियो बनाउन सघायो । अहिले यसले भारतीय राजनीतिमा सबैजसो पार्टी, क्षेत्र र तहमा प्रवेश गरिसकेको छ ।

नेहरू-गान्धी परिवार भारतीय राष्ट्रिय कंग्रेससँग जोडिएको छ भने अन्य दलमा अलग-अलग परिवारको प्रभाव छ । जनता दल पार्टीको गठनमा प्रभावशाली रहेका विजयानन्द (बिजु) पटनायकको निधनपछि रिक्त लोकसभा सिटमा छोरा नवीनले प्रतिनिधित्व गर्न थाले । पछि नवीनले आफ्नो बुबाको सम्मानमा नामकरण गरिएको बिजु जनता दलको स्थापना गरे र पितालाई पछ्याउँदै ओडिसा राज्यको मुख्यमन्त्रीसमेत बने । त्यस पदमा उनी दुई दशकभन्दा बढी समयसम्म रहेर भर्खरै बाहिरिएका छन् ।

उता महाराष्ट्र राज्यकेन्द्रित शिव सेना पार्टीका संस्थापक बाल ठाकरेले जीवनको उत्तरार्द्धमा पार्टी नेतृत्व आफ्ना छोरा उद्धवलाई सुम्पिए । उद्धवले अहिले आफ्ना छोरा आदित्यलाई पार्टीको भावी नेतृत्वका लागि तयार गरिरहेको मानिन्छ । उता समाजवादी पार्टीका संस्थापक मुलायम सिंह यादवपछि गएर उत्तर प्रदेशका पूर्वमुख्यमन्त्री बने । उनका छोरा अखिलेश यादव पछि सोही पदमा पुगे । अखिलेश अहिले सांसद र समाजवादी पार्टीका अध्यक्ष हुन् । उता उत्तर प्रदेशको छिमेकी राज्य बिहारमा लोक जनशक्ति पार्टीका नेता रामविलास पासवानको उत्तराधिकारी उनका छोरा चिराग पासवान थिए ।

हिन्दीभाषी क्षेत्रबाहिर जम्मु-कस्मिरमा अब्दुल्लाह परिवारका तीन पुस्ता मुख्यमन्त्री भए । जबकि, त्यहाँको प्रमुख विपक्षी दलको नेतृत्वमा मुफ्ती परिवारले दुई पुस्तादेखि प्रभुत्व जमाएको छ । त्यस्तै पञ्जाबमा प्रकाश सिंह बादल प्रमुख रहेको शिरोमणि अकाली दल अहिले उनका छोरा सुखवीरले सम्हालिरहेका छन् । उता दक्षिणको तेलंगना राज्यमा हाल 'भारत राष्ट्र समिति' पार्टीको नेतृत्वका लागि यसका संस्थापक के चन्द्रशेखर रावका छोरा र छोरीबिच लडाइँ चलिरहेको छ । तमिलनाडुमा सत्तारुढ 'द्रविड मुन्नेत्र कझगम पार्टी(डिएमके)' स्वर्गीय एम करुणानिधिको परिवारको नियन्त्रणमा छ । करुणानिधिका छोरा एम के स्टालिन अहिले पार्टीका नेताका रूपमा राज्यका मुख्यमन्त्री छन् भने नातिलाई पार्टीको उत्तराधिकारीको रूपमा अभिषेक गरिसकिएको छ ।

भारतीय राजनीतिमा वंशवाद अहिले राजनीतिको माथिल्लो तहमा मात्र व्याप्त नभई भारतीय शासनको तल्लो संरचनासम्मै गहिरोसँग गाँसिइसकेको छ । गाउँ परिषद्को तल्लो तहदेखि संसद्को माथिल्लो पदसम्म नेताको नाताका आधारमा चुनिन थालेको छ ।

हालै गरिएको एक अनुसन्धानले देशका ११ केन्द्रीय मन्त्री र नौ मुख्यमन्त्री राजनीतिक वंशबाट आएको देखायो । त्यस्तै, सन् २००९ को संसदीय चुनाव जित्ने ४५ वर्षमुनिका दुईतिहाइ सांसदको कोही न कोही नातेदार पहिले नै राजनीतिमा रहेको पाइएको थियो । सांसद जति कम उमेरका हुन्छन्, त्यति नै ती राजनीनिक वंशका हुने सम्भावना पाइयो । सबै दलका ७० प्रतिशत महिला सांसद वंशवादी पृष्ठभूमिका पाइए । ममता बनर्जी र मायावतीजस्ता वंश-परिवारको फेरो नसमाई आफ्नै मिहिनेतले राजनीतिमा स्थान बनाएका महिला राजनीतिज्ञले समेत अहिले आफ्ना भतिजाहरूलाई आफ्नो उत्तराधिकारीको रूपमा छनोट गरेका छन् ।



> वंशवाद अहिले गाउँ परिषद्को तल्लो तहदेखि संसद्सम्म विस्तार भएको छ । हालै गरिएको एक अनुसन्धानले देशका ११ केन्द्रीय मन्त्री र नौ मुख्यमन्त्री राजनीतिक वंशबाट आएको देखायो ।

उसो त राजनीतिमा वंश-परम्परा भारतमा मात्र होइन, दक्षिण एसियाभर नै व्याप्त देखिन्छ । पाकिस्तानमा भुट्टो र सरिफ परिवार, बंगलादेशमा शेख र जिया परिवार र श्रीलंकामा बन्दरानायके र राजपक्षे परिवार त्यसैका उदाहरण हुन् । तर, भारतजस्तो जीवन्त लोकतन्त्रसँग भने यो असंगत देखिन्छ । त्यसो भए आखिर भारतले राजनीतिमा वंशवादी मोडेललाई यति बलियोसँग किन अँगालेको छ ? एउटा कारण यो हुन सक्छ कि परिवारको नामले ब्रान्डको काम गर्न सक्छ । अर्थात्, नाम कहलिएका परिवारका उम्मेदवारले मतदाताको ध्यान तान्न वा उनीहरूको विश्वास निर्माण गर्न त्यति कठोर परिश्रम गर्नुपर्दैन ।

मतदाताले विगतमा उम्मेदवारको बुबा, काकी, वा दाजुभाइलाई स्विकारे भने सम्भवतः तिनले सोही परिवारबाट आएका अहिलेका उम्मेदवारलाई स्विकार्नेछन् भन्ने भावना व्याप्त भयो । तर, यस्तो सोच विगतमा न्यून साक्षरता दर र मिडियाको कम प्रभाव रहेको समयमा काम लाग्नुपर्ने हो । अहिले भारतको साक्षरता दर ८१ प्रतिशतनजिक पुगेको छ भने ९५ प्रतिशतभन्दा बढीमा मोबाइल-इन्टरनेटको पहुँच छ । भारतमा वंश-परम्परालाई प्रश्रय दिने सबैभन्दा महत्त्वपूर्ण पक्ष सम्भवतः आन्तरिक पार्टी गतिशीलताबाट उत्पन्न भएको हुन सक्छ । केही अपवादबाहेक भारतका अधिकांश राजनीतिक पार्टी व्यक्तित्व-निर्देशित छन् । पार्टीका विभिन्न तहको नेतृत्व छनोट प्रक्रिया प्रायः अपारदर्शी हुन्छन् । यसको निर्णय सानो गुट वा अझ कतिपय अवसरमा एकल नेताले नै गर्छन् । फलस्वरूप, नातावाद सामान्यतया क्षमतामाथि हाबी हुन्छ । त्यसमाथि भारतमा नेतृत्वको प्रतिस्पर्धामा ठुलो स्रोत चाहिन्छ । पुराना परिवारसँग सामान्यतया पर्याप्त वित्तीय पुँजी हुन्छ, जुन उनीहरूले वर्षौंदेखि सत्तामा रहँदा जम्मा गरेका हुन्छन् । यसबाहेक, उनीहरूसँग लामो चिनजान भएका चन्दादाता, पार्टी कार्यकर्ता र स्थानीय गुन्डाहरूको सञ्जालमाथि पहुँच हुने गर्छ । यसले गर्दा उनीहरूलाई राजनीतिका नवप्रवेशीलाई भन्दा बढी लाभ हुने गर्छ ।

भारतको राजनीतिक वंश-परम्परापछाडि सांस्कृतिक कारण पनि जिम्मेवार हुन सक्छ । भारतले आधुनिकीकरणमा ठुलो फड्को मारे पनि भारतीय समाजमा अझै पुरानो सामन्ती बफादारिताको भावना कायम राखेको देखिन्छ । पहिले यो स्थानीय जमिनदार वा राजपरिवारप्रति कायम थियो, अहिले यो राजनीतिक नेतामा सरेको मात्र हो । यसले राजनीतिक एलिट कुनै न कुनै रूपमा फरक हुन् भन्ने धारणालाई बलियो बनाउन सघाएको छ । साथै यसले उनीहरू र तिनका परिवारहरू शक्तिका लागि उपयुक्त हुन्छन् भन्ने भावनालाई पनि प्रश्रय दिन्छ । यो भावना यति शक्तिशाली छ कि यसले नेताका खराब विगतलाई समेत छायामा पार्न सक्छ । यसैले गर्दा कुनै निश्चित परिवारका नेताले लगातार चुनावी पराजय भोग्दासमेत ती नेतृत्वमा कामय रहन्छन् ।

वंशवादी राजनीति अभ्यास भारतीय लोकतन्त्रका लागि गम्भीर खतरा हो । जब राजनीतिक नेतृत्व क्षमता, प्रतिबद्धता वा तल्लो तहको सक्रियताभन्दा कुनै निश्चित परिवारसँग जोडिएका आधारमा तय हुन्छ, देशको शासनको गुणस्तरमै असर पर्छ । सानो समूहबाट आएका मानिसले सबै क्षमता देखाउन सक्दैनन् । भारतमा हुने चुनावमा उम्मेदवारहरूको मुख्य योग्यता नै उनीहरूको थर हुनु समस्याको विषय हो । राजनीतिक वंशका सदस्यहरू प्रायः आममानिसले सामना गर्ने चुनौतीबारे बेखबर हुने सम्भावना रहने भएकाले उनीहरू आफ्ना निर्वाचन क्षेत्रका आवश्यकताप्रति प्रभावकारी रूपमा प्रतिक्रिया दिन अक्षम हुन्छन् । विगतमा खराब प्रदर्शन गर्दासमेत उनीहरू जवाफदेही बन्ने कुनै ग्यारेन्टी छैन । भारतले राजनीतिमा वंशलाई त्यागेर क्षमता छान्नुपर्ने समय आएको छ ।

- प्रोजेक्ट सिन्डिकेटबाट

ग्लोबल आइएमई बैंक लिमिटेडको

धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने गोप्य शिलबन्दी वोलपत्र आव्हान गरिएको सूचना

प्रकाशित मिति : २०८२/०७/१७ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस बैंकबाट तपसिलमा उल्लिखित ऋणीले ऋण कर्जा उपभोग गर्दाका बखत गरेका लिखत तथा सम्झौता बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर पटक पटक लिखित तथा मौखिक तारताकेता गर्दा समेत चुक्ता भुक्तान नगरे पश्चात् कर्जा तिर्न बुझाउन आउने बारेको ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत ऋणीहरुले उक्त समयमा पनि कर्जाको साँवा, ब्याज नतिरी नबुझाई बसेको हुँदा ऋण कर्जा उपभोग गरे वापत् बैंकको नाममा धितो बन्धक/रोक्का लेखिदिएको तपसिल बमोजिमको चल/अचल सम्पत्तिहरु जहाँ जे जस्तो अवस्थामा छ सोहि अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी गोप्य शिलबन्दी बोलपत्र प्रकृयाद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गरिने भएकाले धितो लिलाम बिक्री गर्ने सम्बन्धी यो १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

उल्लिखित सम्पत्ति खरिद गर्न इच्छुक महानुभावहरुले तपसिलमा उल्लिखित शर्त बन्देजको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ । साथै, धितो सुरक्षणमा रहेको सम्पत्तिको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर हुन नसकेको रकमको हदसम्म बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सो को नियमावली, २०५९ तथा अन्य प्रचलित कानून बमोजिम ऋणी तथा जमानतकर्ताहरुको अन्य घर घरानाबाट असुल उपर गर्न असुली प्रकृया अगाडी बढाइने व्यहोरा समेत यसै सूचनाबाट सम्बन्धित सबैलाई जानकारी गराइन्छ ।
साथै प्रचलित कानून तथा नेपाल राष्ट्र बैंकको निर्देशन, परिपत्र, सूचना अनुसार कर्जासँग सम्बन्धित पक्षहरुलाई कालोसूचीमा समावेश गरिने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ । यसै सूचनालाई आधार मानि ऋणी, धितो जमानत तथा संस्थागत/व्यक्तिगत जमानत दिनुहुने व्यक्तिहरुले लिलाम बिक्री हुने दिन अगावै बैंकको सम्पूर्ण बाँकी बक्यौता रकम चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी प्रकृया स्थगित गरिने व्यहोरा समेत जानकारी गराइन्छ ।

तपसिल

बनस्थली शाखा, काठमाडौं

ऋणीको विवरण	व्यक्तिगत जमानत दिनेको विवरण	धितोको विवरण (घरजग्गाको विवरण)
देवेन्द्र कुमार चौधरी ना.प्र.नं. १६१९, जारी मिति : २०५८/०६/०२ इ.प्र.का. गरुडा, रौतहट बाबुको नाम : नथुनी प्र. चौधरी बाजेको नाम : लङ्गर साह कलवार स्थायी ठेगाना : पोठीयाही-५, रौतहट हालको ठेगाना : काठमाडौं म.न.पा.-१४, कुलेश्वर, काठमाडौं **कर्जा शिर्षक : आवधिक कर्जा**	**पुष्पा कुमारी** ना.प्र.नं. ३२-०१-७१-०१९८२, जारी मिति : २०७१/०३/३२ जि.प्र.का. रौतहट बाबुको नाम : राम रतन चौधरी पतिको नाम : देवेन्द्र कुमार चौधरी ससुराको नाम : नथुनी प्र. चौधरी स्थायी ठेगाना : पोठीयाही-५, रौतहट हालको ठेगाना : काठमाडौं म.न.पा.-१४, कुलेश्वर, काठमाडौं	रामरतन चौधरीको छोरी, नथुनी प्रसाद चौधरीको बुहारी, देवेन्द्र कुमार चौधरीको पत्नी पुष्पा कुमारीको नाममा मालपोत कार्यालय कलंकी, काठमाडौंमा दर्ता श्रेस्ता कायम रहेको काठमाडौं जिल्ला, काठमाडौं म.न.पा.(कलंकी) म.न.पा. वडा नं. १४ (कमल ईंग्लिश बोर्डिङ स्कूल नजिक) स्थित कि.नं. ३८४, ३८६, ५५५ र ५५७ को क्षेत्रफल क्रमशः १६.००, १७.००, २४.०० र २३.०० व. मि. को घरजग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

लिवाङ शाखा, रोल्पा

ऋणीको विवरण	व्यक्तिगत जमानत दिनेको विवरण
१. नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा दर्ता.नं. १९५८०६/०७५/०७६ अन्तर्गत मिति २०७५/०४/२७ मा दर्ता कायम भएको **नेपाल मदर कन्सट्रक्सन कम्पनी प्रा.लि.** कम्पनी दर्ता ठेगानाः रुन्टीगढी गा.पा. -६, रोल्पा स्थायी लेखा नं. ६०६६३१००६ मिति २०७५/०४/३१ **संचालकहरुः इश्वर के.सी. र संकल्प के.सी.** **कर्जा शिर्षकः आवधिक तथा सवारी साधन कर्जा** २. **इश्वर के.सी.** **कर्जा शिर्षकः घर तथा आवधिक कर्जा**	**इश्वर के.सी.** ना.प्र.नं. ५४/४४३८२ जारी मितिः २०६०/०२/०५ जि.प्र.का. रोल्पा बाबुको नामः बीरबहादुर खत्री बाजेको नामः जगत बहादुर खत्री स्थायी ठेगानाः जंकोट -५, रोल्पा हालको ठेगानाः घोराही उ.म.न.पा. -१२, दाङ

व्यक्तिगत जमानत दिनेको विवरण

टिका कुमारी बोहरा	संकल्प के.सी.	बुदी माला खत्री
ना.प्र.नं. ५२३०१७/८२ जारी मितिः २०६३/१०/१८, जि.प्र.का. दाङ बाबुको नामः मेघ ब. बोहरा पतिको नामः ईश्वर के.सी. ससुराको नामः बीरबहादुर खत्री स्थायी ठेगानाः रामपुर -४, दाङ हालको ठेगानाः घोराही उ.म.न.पा. -१२, दाङ	ना.प्र.नं. ५४-०१-७५-०१३६७ जारी मितिः २०७५/०३/२६, जि.प्र.का. रोल्पा बाबुको नामः बीरबहादुर खत्री बाजेको नामः जगत बहादुर खत्री स्थायी ठेगानाः रोल्पा न.पा. -२, रोल्पा हालको ठेगानाः घोराही उ.म.न.पा. -१२, दाङ	ना.प्र.नं. ३४९०, जारी मितिः २०५०/०१/०६, जि.प्र.का. रोल्पा बाबुको नामः देउचन डांगी पतिको नामः विर बहादुर खत्री ससुराको नामः जगत बहादुर खत्री स्थायी ठेगानाः जंकोट -५, रोल्पा हालको ठेगानाः घोराही उ.म.न.पा. -१२, दाङ
	ऋणी नेपाल मदर कन्सट्रक्सन कम्पनी प्रा.लि. का लागि मात्र जमानत रहेको	

धितोको विवरण (जग्गाको विवरण)

१. अनक राम बोहराको नातिनी, मेघ बहादुर बोहराको छोरी, टिका कुमारी बोहराको नाममा मालपोत कार्यालय घोराही, दाङमा दर्ता श्रेस्ता कायम रहेको दाङ जिल्ला, हापुर बिजौरी गा.वि.स/न.पा. वडा नं. ३ क (घोराही बसपार्क नजिक) स्थित कि.नं. ९४५, ३०३ र ७९९ को क्षेत्रफल क्रमशः १९१३.२७, ३९७८.३५ र १७७७.८६ व. मि. को जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।
२. जगत बहादुर खत्रीको नाति, विर बहादुर खत्रीको छोरा, इश्वर के. सी. को नाममा मालपोत कार्यालय घोराही, दाङमा दर्ता श्रेस्ता कायम रहेको दाङ जिल्ला, रावतगाँउ गा.वि.स/न.पा. वडा नं. ३ ख (सर्राफ चोक नजिक) स्थित कि.नं. ९१३ को क्षेत्रफल क्रमशः १६९.३१ व.मि. को जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।
३. काले डाँगीको नातिनी, देउचन डाँगीको छोरी, बुदीमाला खत्रीको नाममा मालपोत कार्यालय रोल्पामा दर्ता श्रेस्ता कायम रहेको रोल्पा जिल्ला, लिवाङ गा.वि.स/न.पा. वडा नं. ४ स्थित कि.नं. १४६९ को क्षेत्रफल ७३.५० व. मि. को जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।
४. जगत बहादुर खत्रीको नाति, विर बहादुर खत्रीको छोरा, इश्वर के. सी. को नाममा मालपोत कार्यालय रोल्पामा दर्ता श्रेस्ता कायम रहेको रोल्पा जिल्ला, लिवाङ गा.वि.स/न.पा. वडा नं. ४ स्थित कि.नं. २१३५ को क्षेत्रफल क्रमशः १७८.०० व.मि. को जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

सवारी साधनको विवरण (ऋणी नेपाल मदर कन्सट्रक्सन कम्पनी प्रा.लि. का लागि)

सवारी मोडेल	सवारी दर्ता नं.	बनेको साल	इन्जिन नं.	च्यासिस नं.
TERRA 25 G BOGI	रा १ ख २७६६	२०२१	12D84524943	MC2L4GRC0ME008711
TERRA 25 G BOGI	रा १ ख २९०३	२०२१	12D84524936	MC2L4GRC0ME008721
TERRA 25 G BOGI	रा १ ख २९०४	२०२१	12D84524924	MC2L4GRC0ME008710
TERRA 25 G BOGI	रा १ ख २९०६	२०२१	12D84524939	MC2L4GRCOME008716
TERRA 25 G BOGI	रा १ ख २९०७	२०२१	12D84525205	MC2L4GRCOME008720
TERRA 25 G BOGI	रा १ ख २९०९	२०२१	12C84524200	MC2L4GRCOMC008695
TERRA 25 G BOGI	रा १ ख २९१०	२०२१	12C84524076	MC2L4GRCOMD008702
TERRA 25 G BOGI	रा १ ख २९११	२०२१	12C84524190	MC2L4GRCOMD008699
TERRA 25 G BOGI	रा १ ख १३०७	२०२०	LMHZ417410	MB1HTLFC7LRMJ1689
Toyota Hilux Gun126R-DTFHH	बा २१ च ८१३६	२०१८	1GD-0597482	MR0BA8CD700232521

नोटः माथि उल्लेखित सवारीसाधनहरु मध्ये यस बैंकको नाममा रहेको बा २१ च ८१३६ नं. र रा १ ख २९०६ को सवारी साधनहरु हाल बैंकको नियन्त्रणमा नरहेकोले लिलाम प्रयोजनका लागि अविलम्ब बैंकको शाखाहरु, कर्जा असुली विभाग वा बैंकको केन्द्रिय कार्यालय, कमलादी, काठमाडौंमा बुझाउनु हुन ऋणी/जमानतकर्तालाई सूचित गरिन्छ ।

ऋणीको विवरण	व्यक्तिगत जमानत दिनेको विवरण	धितोको विवरण (घरजग्गाको विवरण)
३. **तुल बहादुर खड्का** ना.प्र.नं. २८३३४, जारी मिति : २०५७/०४/०५, जि.प्र.का. रोल्पा बाबुको नाम : हरि प्रसाद खड्का बाजेको नाम : चुके खड्का स्थायी ठेगाना : तालावाङ -३, रोल्पा हालको ठेगाना : रोल्पा न.पा.-२, रोल्पा **कर्जा शिर्षक : घर कर्जा**	**रामकुमारी खड्का** ना.प्र.नं. ५३२०३, जारी मिति : २०६२/०३/०२, जि.प्र.का. रोल्पा बाबुको नाम : दिल बहादुर डांगी पतिको नाम : तुल बहादुर खड्का ससुराको नाम : हरि प्रसाद खड्का स्थायी ठेगाना : तालावाङ -३, रोल्पा हालको ठेगाना : रोल्पा न.पा.-२, रोल्पा	चुके खड्काको नाति, हरि प्रसाद खड्काको छोरा, तुल बहादुर खड्काको नाममा मालपोत कार्यालय लिवाङ, रोल्पामा दर्ता श्रेस्ता कायम रहेको रोल्पा जिल्ला, लिवाङ गा.वि.स/न.पा. वडा नं. ५ (रोल्पा नगरपालिकाको कार्यालय नजिक) स्थित कि.नं. ११०५ र १४१४ को क्षेत्रफल क्रमशः १०४.०० र १८१.०० व. मि. को घरजग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

बुटवल मुख्य शाखा, रुपन्देही

ऋणीको विवरण	संचालक तथा व्यक्तिगत जमानत दिनेको विवरण		
नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर काठमाडौंमा दर्ता.नं. २५१५१७/०७७/०७८ अन्तर्गत मिति २०७७/०९/१४ मा दर्ता कायम भएको **लालिगुँरास वाइल्डलाइफ एण्ड एग्रो फार्म प्रा.लि.** कम्पनी दर्ता ठेगानाः रिब्दिकोट गा.पा.-४, ढेकुलडाँडा, पाल्पा स्थायी लेखा नं. ६०९८९२१९२ मिति २०७७/०९/१५ **संचालकहरुः सागर रायमाझी, महर्षि खनाल र दिनेस कार्की** **कर्जा शिर्षकः ओभरड्राफ्ट तथा आवधिक कर्जा**	**महर्षि खनाल** ना.प्र.नं. ३७-०१-७०-०५१४८ जारी मितिः २०७०/०४/०१, जि.प्र.का. रुपन्देही बाबुको नामः लक्ष्मी कान्त खनाल बाजेको नामः देवी प्रसाद खनाल स्थायी ठेगानाः मक्रहर-४, रुपन्देही	**दिनेस कार्की** ना.प्र.नं. ३९१०२७/२०१ जारी मितिः २०६५/०८/१५ जि.प्र.का. पाल्पा बाबुको नामः चिन्त बहादुर के.सी बाजेको नामः दान बहादुर कार्की स्थायी ठेगानाः तेल्घा-७, पाल्पा	**सागर रायमाझी** ना.प्र.नं. ३९-०१-७१-०४७३२ जारी मितिः २०७१/०६/३१ जि.प्र.का. पाल्पा बाबुको नामः राजेन्द्र सिं रायमाझी बाजेको नामः भुमान सिं रायमाझी स्थायी ठेगानाः भैरवस्थान-१, पाल्पा

धितोको विवरण (जग्गाको विवरण)

देवि प्रसाद खनालको नाति, लक्ष्मीकान्त खनालको छोरा, महर्षि खनालको नाममा मालपोत कार्यालय बुटवल रुपन्देहीमा दर्ता श्रेस्ता कायम रहेको रुपन्देही जिल्ला, मक्रहर गा.वि.स/न.पा. वडा नं. ४ क (४ नं. चोक नजिक) स्थित कि.नं. १४३०, १४२९ र १४२७ को क्षेत्रफल क्रमशः ०-३-३.२५-०, ०-०-१३.२५-० र ०-१-०-० विगाहाको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

तिनपैनी शाखा, मोरङ

ऋणीको विवरण	व्यक्तिगत जमानत दिनेको विवरण
नेपाल सरकार, उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाडौंमा दर्ता नं. २२६१४०/०७६/०७७ अन्तर्गत मिति २०७६/०६/१२ मा दर्ता कायम भएको **बेलबारी हाउजिङ्ग प्रा.लि.** कम्पनी दर्ता ठेगाना : विराटनगर म.न.पा.- ३, मोरङ स्थायी लेखा नं. ६०९६३८९६१ मिति २०७७/०९/२३ **संचालक तथा अध्यक्ष : श्रीमती गंगा सुवेदी** **कर्जा शिर्षक : अल्पकालीन तथा सवारी साधन कर्जा**	**दिनेश सुवेदी** ना.प्र.नं. २७१०६०/१०१९५९ जारी मिति २०६९/०५/२५ जि.प्र.का. काठमाडौं बाबुको नाम : स्व. जय प्रसाद सुवेदी बाजेको नाम : प्रेम प्रसाद सुवेदी स्थायी ठेगाना : काठमाडौं म.न.पा.- १०, काठमाडौं

सञ्चालक तथा व्यक्तिगत जमानत दिनेको विवरण

श्रीमती गंगा सुवेदी	दिपेश सुवेदी	दिवस सुवेदी
ना.प्र.नं. ११०९ जारी मिति २०४१/०२/१५ जि.प्र.का. मोरङ पतिको नाम : दिनेश सुवेदी ससुराको नाम : स्व. जय प्रसाद सुवेदी स्थायी ठेगाना : बेलवारी - ३, मोरङ	ना.प्र.नं. ६०४२७ जारी मिति २०५८/०५/१८ जि.प्र.का. मोरङ बाबुको नाम : दिनेश सुवेदी बाजेको नाम : स्व. जय प्रसाद सुवेदी स्थायी ठेगाना : विराटनगर उ.म.न.पा. - १३ , मोरङ	ना.प्र.नं. ७०९२४ जारी मिति २०५९/०८/२० जि.प्र.का. मोरङ बाबुको नाम : दिनेश सुवेदी बाजेको नाम : स्व. जय प्रसाद सुवेदी स्थायी ठेगाना : विराटनगर उ.म.न.पा.- १३, मोरङ

धितोको विवरण (घर /जग्गाको विवरण)

१. बेलबारी हाउजिङ प्रा. लि. को नाममा मालपोत कार्यालय बेलबारी, मोरङमा दर्ता श्रेस्ता कायम रहेको मोरङ जिल्ला, कसेनी गा.वि.स./न.पा. वडा नं. ३ ख (भगवती उच्च मा. बि. नजिक) स्थित कि.नं. १०६३, १०६४, १०६५, १०६६, १०६७, १०६८, १०६९, १०७०, १०७१, १०७२, १०७३, १०७४, १०७५, १०७६, १०७७, १०७९, १०८२, १०८३, १०८४, १०८५, १०८६, १०८७, १०८८, १०८९, १०९०, १०९१, १०९२, १०९३, १०९४, १०९५, १०९६, १०९७, १०९८, १०९९, ११००, ११०१, ११०२, ११०७, ११०८, ११०९, १११०, ११११, १११२, १११३, १११४, १११९, ११२०, ११२१, ११२२, ११२३, ११२४, ११२५, ११२६, ११२७, ११२८, ११२९, ११३०, ११३१, ११३२, ११३३, ११३४, ११३५, ११३६, ११३७ २९७, २५२, ६६३ र ६६२ को क्षेत्रफल क्रमश : ०-४-४-३, ०-४-४-३, ०-०-१९-३, ०-०-१०-२, ०-०-१२-२, ०-०-१३-३, ०-०-१४-१, ०-०-१४-२, ०-१-५-२, ०-०-१३-२, ०-०-१२-३, ०-०-१३-१, ०-०-१३-१, ०-०-१३-०, ०-०-१२-३, ०-०-१३-१, ०-०-१०-०, ०-०-१०-०, ०-०-१०-०, ०-०-१०-०, ०-०-१०-०, ०-०-१०-०, ०-०-१०-०, ०-०-१०-०, ०-०-१२-२, ०-०-१३-१, ०-०-११-१, ०-०-१०-०, ०-०-११-०, ०-०-११-३, ०-०-११-३, ०-०-११-३, ०-०-११-३, ०-०-११-३, ०-०-११-३, ०-०-११-३, ०-०-११-३, ०-०-१४-३, ०-०-११-१, ०-०-१०-१, ०-०-१०-२, ०-०-१०-१, ०-०-१०-१, ०-०-१०-२, ०-०-१०-०, ०-०-८-१, ०-०-८-३, ०-०-११-०, ०-०-११-०, ०-०-११-०, ०-०-११-०, ०-०-११-०, ०-०-११-०, ०-०-११-०, ०-०-११-०, ०-०-१३-०, ०-०-११-३, ०-०-१३-१, ०-२-३-१, ०-०-१२-०, ०-०-१०-२, ०-०-१०-२, ०-०-१०-३, ०-०-१४-३, ०-३-०-०, ०-२-१०-०, ०-४-१०-० र ०-०-१०-० बिगाहाको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।
२. बेलबारी हाउजिङ प्रा. लि. को नाममा मालपोत कार्यालय बेलबारी, मोरङमा दर्ता श्रेस्ता कायम रहेको मोरङ जिल्ला, कसेनी गा.वि.स./न.पा. वडा नं. ३ ख (भगवती उच्च मा. बि. नजिक) स्थित कि.नं. १०७८, १०८१, १०८०, ११०४, ११०३, १११७, १११८, १११६, १११५ र ११०६ को क्षेत्रफल क्रमश : ०-०-११-३, ०-०-११-०, ०-०-१०-२, ०-०-१२-३, ०-०-१२-३, ०-०-९-०, ०-०-८-१, ०-०-१०-२, ०-०-१०-० र ०-२-५-१ बिगाहाको घरजग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

सवारी साधनको विवरण

सवारी मोडेल	सवारी दर्ता नं.	बनेको साल	इन्जिन नं.	च्यासिस नं.
BYD All E6	बागमती प्रदेश ०१ ०२६ च ६७२६	२०२१	BYD1814TZXSF321012450	LCOCE4DCXM0051804
JCB 3DX Super BHL	प्र.१ ०२ ००१ क ४३६१	२०२१	H00298315	HAR3DXSUC03017725

लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरुः

१. बोलपत्र आवेदन फाराम यस बैंकको केन्द्रिय कार्यालय कर्जा असुली विभाग तथा सम्बन्धित शाखा कार्यालयबाट कार्यालय समय भित्र रु. १,०००/- पछि फिर्ता नहुने गरी) तिरी प्राप्त गर्न सकिनेछ ।
२. बोलपत्र फाराममा आफूले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ ।
३. माथि उल्लिखित धितो सुरक्षणहरु सम्पूर्ण जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा खरिद गर्न बेग्लाबेग्लै वा एकमुष्ठ बोलपत्र पेश गर्न सकिनेछ ।
४. बोलपत्रसाथ आफूले कबोल गरेको रकमको कम्तीमा १० प्रतिशतले हुन आउने धरौटी रकम यस बैंकको नाममा खिचिएको बैंकको गुड फर पेमेन्ट चेक वा बैंकको ड्राफ्ट वा नगद बैंकको खाता नं. EARNEST MONEY DEPOSIT FOR AUCTION A/C NO XXX 2610524002 मा जम्मा गरेको भौचर समेत गोप्य शिलबन्दी बोलपत्र साथ समावेश गरी पेश गर्नुपर्नेछ । साथै उपरोक्त बमोजिम बोलपत्र पेश गर्दा शिलबन्दी खामको बाहिर पृष्ठमा के कुन सम्पत्तिको लागि बोलपत्र पेश गरेको हो सो कुरा स्पष्ट रुपमा उल्लेख गरेको हुनु पर्नेछ ।
५. बोलपत्रमा बोलपत्रदाता व्यक्ति भए नागरिकता प्रमाणपत्रको प्रतिलिपि र फर्म/कम्पनी/संस्था भएमा दर्ता प्रमाणपत्र, पान दर्ता प्रमाणपत्र, कर दाखिला प्रमाणपत्र तथा कम्पनीको निर्णयको प्रतिलिपि पेश गर्नु पर्नेछ ।
६. बोलपत्र खोलिने दिनमा सार्वजनिक बिदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा तोकिएको स्थान र समयमा लिलाम बिक्री सम्बन्धी कार्य हुनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पुग्ने छैन ।
७. लिलाम बिक्री हुने सम्पत्ति सम्बन्धी कागजात र अन्य कुरा बुझ्न हेर्न चाहनुहुने महानुभावहरुले यस बैंकको कर्जा असुली विभाग तथा धितो रहेको नजिकको शाखामा कार्यालय समय भित्र सम्पर्क राख्न सक्नु हुनेछ ।
८. बोलपत्र स्वीकृत भएको पत्रको भाखा अवधि भित्र बोलकबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ति आफ्नो नाममा नामसारी गरी लिनु पर्नेछ । सो म्याद भित्र रकम जम्मा नगर्नु भएमा बोलपत्र रद्द भई धरौटी रकम स्वतः जफत हुनेछ । सम्पत्ति नामसारी भईसकेपछि साविकको भोगचलनकर्ताबाट हकभोग छुटाइ सकार गर्नेको हकभोग कायम गर्ने दायित्व सम्बन्धित खरिदकर्ताको हुनेछ ।
९. स्वीकृत भएको बोलपत्र अनुसारको सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखेल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, घरजग्गा कर, पूँजीगत लाभकर तथा अन्य शुल्क इत्यादी बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ । स्वीकृत बोलपत्रदाताको नाममा सम्पत्ति दा.खा. गर्दा कुनै कानुनी वा अन्य कारणबाट समयमानै घर जग्गा नामसारी हुन नसकेमा नामसारी हुन नसकेको अवधिमा बोलपत्रदाताले जम्मा गरेको रकममा कुनै ब्याज प्रदान गरिने छैन साथै कानुनी वा अन्य बाधा अडचनहरु समाधान पश्चात धितो नामसारी गरि हक हस्तान्तरण गरिनेछ ।
१०. बोलपत्र दाखिल भईसकेपछि बोलपत्रमा उल्लिखित रकम वा शर्तमा कुनै हेरफेर हुने छैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने निर्णय नभएसम्म धरौटी रकम फिर्ता दिइने छैन ।
११. रित नपुगी वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ ।
१२. कारण खुलाई वा नखुलाई बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ ।
१३. बोलपत्र सदर भई सम्बन्धित स्वीकृत बोलपत्रदाताको नाममा धितो सम्पत्ति नामसारी हुनु अगावै ऋणी वा जमानतकर्ताले सम्पूर्ण रकम बुझाई कर्जा चुक्ता गरेमा वा प्राप्त बोलपत्र बैंकलाई स्वीकार्य नभएमा बोलपत्रहरु रद्द गरी बोलपत्रदाताले बोलपत्रवापत बुझाएको सम्पूर्ण रकम बिना ब्याज फिर्ता दिइनेछ ।
१४. लिलाम बिक्री गर्ने भनिएको उल्लिखित सम्पत्ति कसैले सकार नगरेमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरि यस बैंकले आफैं सकार गरी सो को स्वामित्व लिन वा पुनः लिलामी प्रक्रियामा लैजान सक्नेछ ।
१५. प्राप्त बोलपत्र बैंकलाई चित्तबुझ्दो नलागेमा बोलपत्र दाखिला गर्ने सम्पूर्ण बोलपत्रदातालाई आफुले कबोल गरेको बोलपत्र रकममा थप सहितको रकम अंकित गरी पुनः निवेदन मार्फत कुल सकार रकम सहितको बोलपत्र पेश गर्न निश्चित समयसीमा दिई बैंकले लिखित अनुरोध गर्न सक्नेछ । यसरी थप सहितको कबोल गरेको अधिकतम कबोल रकममा लिलाम स्वीकार गर्ने नगर्ने सम्पूर्ण अख्तियारी बैंकमा निहित रहनेछ ।
१६. लिलाम बिक्री प्रकृयाबाट धितो सकार गर्न स्वीकृत भएको बोलपत्रदाताले लिलाम सकार गर्ने सम्पत्ति खरिद गर्न कर्जा माग गरेमा बैंकको आन्तरीक नियम तथा प्रचलित ऐन कानूनको अधिनमा रहि Auction Finance को सुविधा प्रदान गर्न सकिनेछ । यस सम्बन्धमा निर्णय गर्ने पूर्ण अधिकार बैंकमा निहित रहनेछ ।
१७. अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछ ।

बोलपत्र पेश गर्ने अन्तिम मिति : २०८२ मंसीर १ गते (कार्यालय समय भित्र)
बोलपत्र खोलिने मिति : २०८२ मंसीर २ गते, समय : दिउँसो ३ बजे
स्थान : सम्बन्धित शाखा कार्यालयमा

नोट : ऋणी तथा जमानतकर्ता बाहेकका सूचनामा उल्लिखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनका लागि मात्र प्रयोग गरिएको ।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

कर्पोरेट कार्यालयः कमलादी, काठमाडौं
फोन नं.: ०१-५३२८६७१/५३२६३४७
ग्लोबल कनेक्टः ०१-५९७०६००

अर्थ पत्रिका
नयाँ पत्रिका
सोमबार १७ कातिक ०८२

नागढुंगा सुरुङमार्ग सञ्चालनको जिम्मा विदेशी कम्पनीलाई दिइने

नेपालमा सुरुङमार्ग सञ्चालन गर्ने कम्पनी नभएपछि अन्तर्राष्ट्रिय बोलपत्र आह्वान, तर नेपालीसँग जेभी अनिवार्य

मिलन विश्वकर्मा/नयाँ पत्रिका

नेपालको पहिलो आधुनिक 'सिस्नेखोला-नागढुंगा' सुरुङमार्ग सञ्चालनको जिम्मा विदेशी कम्पनीलाई दिइने भएको छ। सडक विभागअन्तर्गतको नागढुंगा सुरुङ निर्माण आयोजनाले सेवाप्रदायक कम्पनी छनोट गर्न आइतबार अन्तर्राष्ट्रिय बोलपत्र आह्वान गरेको छ। इच्छुक अन्तर्राष्ट्रिय कम्पनीले २ पुस (२५ डिसेम्बर)सम्म बोलपत्र पेस गर्न सक्नेछन्। विभागले सुरुङमार्ग सञ्चालनमा पहिलो पाँच वर्षका लागि सेवाप्रदायक कम्पनी ल्याउन लागेको हो।

नेपालमा सञ्चालनमा आउन लागेको यो पहिलो आधुनिक सुरुङमार्ग हो। तर, सुरुङमार्ग सञ्चालन गरेको अनुभव नेपालका कुनै पनि निकाय तथा कम्पनीसँग छैन। त्यसमाथि सडक विभागले जापानिज निर्माण कम्पनी हाज्मा एन्डो कर्पोरेसनसँग निर्माणसम्बन्धी मात्रै काम गर्ने गरी ठेक्का सम्झौता गरेको थियो। अहिले सुरुङमार्ग भौतिक रूपमा सञ्चालन गर्न सकिने अवस्थामा छ। तर, सेवाप्रदायक कम्पनी नहुँदा त्यो सम्भव भएको छैन। छनोट हुने कम्पनीले पाँच वर्षसम्म सुरुङमार्ग सञ्चालन तथा मर्मतसम्बन्धी सम्पूर्ण काम गर्नुपर्नेछ। सुरुङमार्ग सञ्चालन गर्न वार्षिक ३५ देखि ४० करोड रुपैयाँसम्म लाग्ने अनुमान विभागले गरेको छ। यद्यपि, अब ठेक्का सम्झौता कतिमा हुन्छ ? त्यो हेर्न बाँकी छ।

अत्याधुनिक प्रणाली समावेश रहेको सुरुङमा विभागको हाल उपलब्ध जनशक्तिबाट सञ्चालन एवं मर्मत कठिन हुने भएकाले विशेष तालिमप्राप्त दक्ष जनशक्तिमार्फत सञ्चालनका लागि अन्तर्राष्ट्रिय प्रतिस्पर्धाबाट सेवाप्रदायक छनोट गर्न लागिएको विभागको भनाइ छ। बोलपत्रमा सहभागी हुने कम्पनीले संयुक्त उपक्रम (जेभी) का रूपमा नेपाली कम्पनी अनिवार्य रूपमा राख्नुपर्ने परियोजना निर्देशक सौजन्य नेपालले जानकारी दिए।

'नेपाली कम्पनीसँग सुरुङमार्ग सञ्चालन गरेको अनुभव छैन। सधैं विदेशी कम्पनी ल्याउने कुरा पनि भएन। तसर्थ, सुरुङमार्ग सञ्चालनसम्बन्धी ज्ञान तथा प्रविधि नेपालीलाई पनि हस्तान्तरण होस् भन्ने उद्देश्यले नेपाली कम्पनीलाई पनि जेभीका रूपमा समावेश गर्नु अनिवार्य सर्त राखिएको छ,' उनले भने, 'यो भयो भने भविष्यमा नेपालीबाटै सुरुङमार्ग सञ्चालन गर्न सक्ने अवस्था आउँछ।'

सुरुङ २४सै घण्टा सञ्चालन गर्नुपर्ने हुनाले दुर्घटना, आगलागी वा प्रणाली बिग्रिएमा तत्कालै आपत्कालीन सेवा आवश्यक हुन्छ। सेवाप्रदायकले सिफ्ट प्रणालीमा कर्मचारी खटाउने, आपत्कालीन टोली स्थापना गर्ने हुनाले समयमै सेवा दिने व्यवस्था गर्न सक्छ। यसका लागि एक सय ५० जनाको दरबन्दी प्रस्ताव गरिएको छ।



■ निर्माणको ठेक्का थप्ने तयारी

सुरुङमार्गमा काम गर्न जापानिज कम्पनीलाई समय थप गर्ने तयारी पनि गरिएको छ। परियोजना निर्माण ठेक्का सम्झौताको पछिल्लो म्याद गत ७ कात्तिकमै सकिएको छ। तर, काम भने सकिएको छैन। अब पहिरो नियन्त्रणको काम गर्न लाग्ने समयका आधारमा म्याद थप गरिने परियोजना निर्देशक नेपालले जानकारी दिए। 'सामान्यत ६ महिना थप गर्न सकिन्छ। तर, अहिले हामीले पहिरो नियन्त्रणको डिजाइन अध्ययन गरिरहेका छौं। त्यसमा कुन डिजाइनमा काम गर्दा कति समय लाग्ने भनेर उल्लेख गरिएको छ,' उनले भने, 'त्यसकै आधारमा म्याद थप हुन्छ।' यसअघि पनि तीनपटक म्याद गरिसकिएको थियो। सुरुङमार्ग निर्माणका लागि सडक विभाग र कम्पनीबिच सेप्टेम्बर ०१९ मा ठेक्का सम्झौता भएको थियो। त्यसको ४२ महिना अर्थात् अप्रिल ०२३ भित्र आयोजनाको निर्माण सम्पन्न गर्नुपर्ने पहिलो सम्झौता थियो। तर, बिचमा कोरोना महामारीलगायतका कारण पनि आयोजनाको निर्माणकार्य प्रभावित भयो। त्यसपछि कोरोनाका कारण ८६ दिनसहित गरेर दुईपटक म्याद थप गरेर अप्रिल ०२४ सम्म पुऱ्याइएको थियो। तर, त्यस अवधिमा पनि कम्पनी सम्पन्न हुन सकेन। त्यसपछि कम्पनीलाई १८ महिना म्याद थप गरेर २५ अक्टोबर ०२५ सम्म पुऱ्याइएको थियो, जुन म्याद गत ७ कात्तिकमा सकिएको थियो।

परियोजनाको लागत २८ अर्ब रहेको छ। त्यसमा साढे २२ अर्ब जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (जाइका)ले ऋण दिइरहेको छ। बाँकी सरकारले लगानी गरेको छ। यो आयोजना बनाउन विभाग र निर्माण कम्पनी हाज्मा एन्डो कर्पोरेसनबिच २३ सेप्टेम्बर ०१९ मा सम्झौता भएको थियो। त्यसमा डिसेम्बर ०२० (पुस ०७७) देखि सुरुङ निर्माणको काम सुरु गरेको थियो। त्यसको पाँच वर्षमा परियोजना सञ्चालनमा आउन लागेको हो।

सुरुङ सञ्चालन तथा मर्मत प्रमुखको नेतृत्वमा कर्मचारी रहनेछन्। सुरक्षा व्यवस्थापन युनिटमा सबैभन्दा बढी ६४ जना कर्मचारी रहने व्यवस्था गरिएको छ। त्यसपछि टोल उठाउन ५४ जना कर्मचारी रहनेछन्। ट्राफिक सुविधा अनुगमन तथा नियन्त्रणका लागि १४ जना, सिभिल संरचना तथा अन्य संरचना मर्मतका लागि आठ-आठजना कर्मचारी रहने व्यवस्था गरिएको छ। बढीमा तीन महिनामा खरिद प्रक्रिया टुंगो लगाएर छनोट हुने कम्पनीलाई सुरुङमार्ग सञ्चालन गर्न दिने प्रमुख नेपालले बताए। '४५ दिन त बोलपत्र पेस गर्ने समय नै छ। त्यसपछिको एक महिनामा खरिद प्रक्रिया टुंग्याएर कम्पनी छनोट गर्ने हो।

समग्रमा अबको तीन महिनामा छनोट हुने कम्पनीलाई नागढुंगा सुरुङमार्ग सञ्चालन गर्न दिने योजना हो,' उनले भने, 'यद्यपि, कति कम्पनीले आवेदन दिन्छन्, उनीहरूको कागजात कस्तो हुन्छ ? त्यसले पनि मूल्यांकनको समय प्रभावित बनाउँछ। यद्यपि, सकेसम्म छिटो कम्पनी छनोट गर्ने हाम्रो उद्देश्य हो।'

यसअघि १ जनवरी २०२६ बाट सुरुङमार्ग सञ्चालन गर्न लक्ष्य राखिएको थियो। तर, अब त्यो मितिमा सुरुङमार्ग सञ्चालनमा आउने छैन। खरिद प्रक्रिया टुंगिएर सेवाप्रदायक कम्पनी छनोट भएपछि मात्रै सुरुङमार्ग सञ्चालन गरिनेछ। त्यो हुँदा सुरुङमार्ग सञ्चालनमा आउने मिति केही समय पछि धकेलिने परियोजना निर्देशक नेपालले बताए। यद्यपि, बिचमा परीक्षणका लागि सुरुङमार्ग खुला गर्ने विषयमा छलफल भइरहेको उनको भनाइ छ। सुरुङमार्ग प्रयोग गर्ने सवारीसाधनका लागि उपभोग दस्तुर (टोल ट्याक्स) स्वीकृत गरेको छ। परीक्षणको अवधिमा निःशुल्क प्रयोग गर्न दिएपछि व्यावसायिक सञ्चालनमा तोकिएको शुल्क तिर्नुपर्नेछ।

सुरुङमार्ग हुँदै काठमाडौं भित्रिँदा कार तथा भ्यानहरूलाई ६५ रुपैयाँ, मिनीबस तथा ट्रकलाई एक सय १५ रुपैयाँ, ठुला बस तथा ट्रकलाई दुई सय ६० रुपैयाँ र भारी उपकरणलाई ६ सय रुपैयाँ शुल्क तोकिएको छ। यस्तै, सुरुङमार्ग हुँदै काठमाडौंबाट बाहिरिँदा कार तथा भ्यानलाई ६० रुपैयाँ, मिनीबस तथा ट्रकलाई ८० रुपैयाँ, ठुला बस तथा ट्रकलाई दुई सय रुपैयाँ र ठुला उपकरणलाई दुई सय ५० रुपैयाँ शुल्क तोकिएको छ। सडकको बोर्डमा जम्मा हुने गरी सेवाप्रदायक कम्पनीले नै टोल ट्याक्स उठाउनुपर्नेछ।

■ पहिरो नियन्त्रणको काम बाँकी

सुरुङमार्ग तयार भए पनि परियोजनाका अन्य केही भौतिक काम भने बाँकी नै छ। विशेष गरी सुरुङमार्गको पश्चिम प्रवेशद्वार जोड्ने सडकमा पहिरो नियन्त्रणको काम गर्न बाँकी छ। पश्चिम सडकको माथिल्लो साइटमा भिरालो पहाड छ, जहाँ पटक-पटक पहिरो जाने समस्या छ। त्यहाँ पहिरो नियन्त्रणको काम गर्न बाँकी छ।

निर्माण कम्पनीले पहिरो नियन्त्रणको काम गर्न सडक विभागको डिजाइन पेस गरिसकेको छ। विभागले त्यो स्वीकृति गरेपछि पहिरो नियन्त्रणको काम अघि बढ्नेछ। 'कम्पनीले गएको मनसुनमा त्यहाँको भूगोलमा आएको परिवर्तन तथा हलचलको तथ्यांक संकलन गरेर पहिरो नियन्त्रणको डिजाइन बनाएर पेस गरेको छ। त्यो अहिले हामीले अध्ययन गरिरहेका छौं,' उनले भने, 'डिजाइन स्वीकृत भएपछि पहिरो नियन्त्रणको काम अघि बढ्नेछ।'

पहिलो नियन्त्रणको काम नहुँदा पश्चिम क्षेत्रको सडक चौडा गर्न सकिएको छैन। साथै, टोलबुथ पनि बनाउन सकिएको छैन। अबको दुई-तीन महिनामा सेवाप्रदायक छनोट गर्ने र पश्चिमतर्फ पहिरो नियन्त्रणको काम सुरु गरेर सडक चौडा गर्ने तथा टोलबुथ बनाएर सुरुङमार्ग सञ्चालन गर्ने लक्ष्य छ।

वाणिज्य बैंक बन्ने मुक्तिनाथको निर्णय

स्थापनाको २० वर्षपछि 'क' वर्गको लाइसेन्स लिएर कारोबार गर्न राष्ट्र बैंकमा मंसिर पहिलो साता निवेदन दिने



कास्कीमा **रोहितराज पराजुली**

मुक्तिनाथ विकास बैंकले वाणिज्य बैंकमा स्तरोन्नति हुने निर्णय गरेको छ। बैंक सञ्चालक समिति अध्यक्ष खिमप्रकाश मल्लको अध्यक्षतामा आइतबार सम्पन्न साधारणसभामा चुक्ता पुँजी नौ अर्ब तीन लाख ८८ हजार सात सय ६७ रुपैयाँ पुऱ्याएर वाणिज्य बैंकमा स्तरोन्नति गर्ने प्रस्ताव पारित भएसँगै वाणिज्य बैंक बन्ने बाटो खुलेको हो।

अहिले मुलुकभर २० वाणिज्य बैंक सञ्चालनमा छन्। वाणिज्य बैंकका लागि राष्ट्र बैंकले न्यूनतम आठ अर्ब चुक्ता पुँजी हुनुपर्ने मापदण्ड तोकेको छ। बैंकका सञ्चालक भरत ढकालले आगामी मंसिरको पहिलो साताभित्रै केन्द्रीय बैंकमा स्तरोन्नतिको प्रस्ताव लैजाने तयारी रहेको जानकारी दिए। 'वाणिज्य बैंकमा स्तरोन्नति हुन न्यूनतम चुक्ता पुँजी आठ अर्ब पुऱ्याउनुपर्ने व्यवस्था छ। सात अर्ब चार करोड चुक्ता पुँजी रहेको मुक्तिनाथको बोनस सेयर पारित भएसँगै चुक्ता पुँजी बढ्नेछ,' उनले भने।

व्यवसायको आकार र क्षेत्रका हिसाबले भने यसअघि नै वाणिज्य बैंक हुने मापदण्ड पुगिसकेको उनले जानकारी दिए। 'अब मुक्तिनाथले प्रबन्धपत्र र विनियमावली संशोधन गरेर प्रस्ताव बोर्डमा लैजान्छ। बोर्डबाट पारित भएपछि मंसिरको पहिलो साता राष्ट्र बैंकमा निवेदन दिनेछौं। राष्ट्र बैंकले सहमति दिन्छ भन्ने अपेक्षा छ,' उनले भने, 'मुक्तिनाथ स्तरोन्नति हुनका लागि पूर्वाधारमा पहिलेदेखि नै सक्षम छ। हामीले मर्जर र प्राप्ति गरेर भन्दा पनि बैंकको क्षमता बढाएर स्तरोन्नतिको तयारी गरेका हौं। त्यसैले हामीलाई चुनौतीभन्दा पनि अवसर बढी छ।'

साधारणसभाबाट वाणिज्य बैंकमा स्तरोन्नति हुनेसँगै १८.२० प्रतिशत लाभांश वितरण गर्ने प्रस्तावसमेत पारित भएको छ। ०८०/८१ को वार्षिक प्रतिवेदन पारित गर्दै सेयरधनीलाई १८.२० प्रतिशत लाभांश दिने प्रस्ताव स्वीकृत भएको हो। उक्त लाभांशमध्ये १३.५३ प्रतिशत बोनस सेयर र बाँकी ४.६७ प्रतिशत नगद लाभांश (बोनस सेयर र नगद लाभांशको करसहित) वितरण हुने बैंकले जनाएको छ।

यस्तो छ स्तरोन्नतिको प्रक्रिया

बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०७३ बमोजिम तल्लो वर्गको वित्तीय संस्था माथिल्लो वर्गमा परिणत हुनका लागि वा दुई वा दुईभन्दा बढी संस्था एक-आपसमा गाभ्न-गाभिन वा यसरी गाभिइसकेपछि स्तरोन्नति हुन तथा हालको वर्गमा नै रही कार्यक्षेत्र विस्तार गर्न केन्द्रीय बैंकमा निवेदन दिन सक्ने उल्लेख छ। स्तरोन्नति हुन चाहने संस्थाले सम्बन्धित वर्गको वित्तीय कारोबार गर्न लाइसेन्स प्राप्त गरेको अवधि पाँच वर्ष पूरा गरेको हुनुपर्ने उल्लेख छ। त्यस्तै, पछिल्लो पाँच आर्थिक वर्षमा लगातार नाफामा रहेको र सञ्चित नोक्सानीमा नरहेको हुनुपर्ने व्यवस्था छ। विगत पाँच वर्षको औसत कुल निष्क्रिय कर्जा अनुपात पाँच प्रतिशतभन्दा तल रहेको हुनुपर्ने मापदण्ड छ।

केन्द्रीय बैंकद्वारा जारी पुँजी पर्याप्तता, प्रतिग्राहक कर्जा सीमा, कर्जा निक्षेप अनुपात, कर्जा नोक्सानी व्यवस्था र वित्तीय स्रोत परिचालनसम्बन्धी निर्देशनहरू पूर्ण रूपमा पालना गरेको तथा विगत पाँच वर्षदेखि लगातार तोकेको न्यूनतम पुँजी पर्याप्तता अनुपात कायम गरेको हुनुपर्ने मापदण्डसमेत छ।

संस्था वा सञ्चालक समिति-पदाधिकारीलाई केन्द्रीय बैंकबाट जारी निर्देशन पालना नगरेको विषयमा कारबाही भएको भए सो कारबाही फुकुवा भएको अवधि तीन वर्ष पूरा भएको हुनुपर्ने उल्लेख छ। त्यस्तै, शीघ्र सुधारात्मक कारबाही भएको भए सो कारबाही फुकुवा भएको पनि तीन वर्ष पूरा भएको हुनुपर्ने उल्लेख छ। अघिल्लो आर्थिक वर्षसम्मको लेखा परीक्षण सम्पन्न गरेका र सो लेखा परीक्षण प्रतिवेदनमा लेखा परीक्षकले कैफियतरहित राय व्यक्त गरेको हुनुपर्ने मापदण्डमा भनिएको छ। अघिल्लो आर्थिक वर्षमा व्यवसायको आकार (निक्षेप तथा कर्जाको कुल योग) न्यूनतम चुक्ता पुँजीको १५ गुणा (हालको वर्गको) र ग्राहक संख्या २५ हजार (निक्षेपकर्ता र ऋणी) भएको हुनुपर्ने केन्द्रीय बैंकको मापदण्डमा उल्लेख छ। मापदण्ड पूरा गरेको वित्तीय संस्थाले स्तरोन्नति हुने सैद्धान्तिक सहमतिका लागि केन्द्रीय बैंकसमक्ष निवेदन दिन सक्नेछ।



काठमाडौं चलान भएको पेट्रोल हेटौंडामा चोरी



हेटौंडा/ आयल निगमको अमलेखगन्ज डिपोबाट काठमाडौंस्थित थानकोट डिपो निस्केको ट्यांकर बिचबाटोमै रोकेर पेट्रोल चोरी गर्ने चारजनालाई प्रहरीले पक्राउ गरेको छ। जिल्ला प्रहरी कार्यालय मकवानपुरका अनुसार आइतबार साँझ करिब ४:३० बजे निगमको अमलेखगन्ज डिपोबाट थानकोट डिपोका लागि निस्केको ना.४ख ९३७७ नम्बरको ट्यांकरबाट मनहरी गाउँपालिका- ८ स्थित जय शिव शरणम् फ्युल सेन्टरमा अवैध रूपमा पेट्रोल झिक्दै गरेको अवस्थामा प्रहरीले पक्राउ गरेको हो।

घटनास्थलमा प्रहरी पुग्दा ट्यांकरबाट पेट्रोल झिक्ने कार्य भइरहेको देखेपछि ट्यांकरका चालकसहित पेट्रोलपम्पमा काम गर्ने तीनजनालाई नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रवक्ता एवं डिएसपी पुष्कर बोगटीले जानकारी दिए। घटनाको विषयमा अनुसन्धान भइरहेकाले पक्राउ परेका व्यक्तिहरूको नाम सार्वजनिक गर्न नमिलने प्रवक्ता बोगटीले बताए।घटनामा दोषी ठहरिए आयल निगमले पनि ट्यांकर ढुवानीकर्ता, चालक र पेट्रोलपम्पलाई कारबाही गर्ने जनाएको छ। आयल निगमको विनियमावलीमा तेल चोरीमा संलग्नलाई तीनदेखि ६ महिनासम्म कारोबार रोक्का राख्नेदेखि लाइसेन्स रद्द गर्नेसम्मको कारबाहीको व्यवस्था छ।

तीन महिनामा मधेश सरकारको साढे तीन प्रतिशत बजेट खर्च

कुल बजेट ४६ अर्ब ९८ करोड रहेकोमा तीन महिनामा एक अर्ब ६४ करोड मात्रै खर्च

जनकपुरधाममा **हरिश खुद्दार**

मधेश प्रदेश सरकारले चालू आर्थिक वर्ष ०८२/८३ को पहिलो तीन महिनामा कुल बजेटको साढे ३ प्रतिशत मात्रै खर्च गरेको छ। चालू आवमा प्रदेश सरकारको कुल बजेट ४६ अर्ब ९८ करोड ३३ लाख ५१ हजार रहेकोमा साउनदेखि असोजसम्म एक अर्ब ६४ करोड २८ लाख १८ हजार नौ सय १४ रुपैयाँ (३ दशमलव ५ प्रतिशत) मात्रै खर्च भएको प्रदेश लेखा नियन्त्रक कार्यालयले जनाएको छ।

प्रदेश सरकारले चालूतर्फ १६ अर्ब ७२ करोड पाँच लाख र पुँजीगततर्फ ३० अर्ब २६ करोड २८ लाख विनियोजन गरेको छ। त्यसमध्ये चालूतर्फ एक अर्ब २८ करोड ४२ लाख र पुँजीगततर्फ ३५ करोड ८५ लाख खर्च भएको लेखा नियन्त्रक कार्यालयका सूचना अधिकारी नीरेन्द्रलाल कर्णले जानकारी दिए।

उनका अनुसार प्रदेश लोकसेवा आयोगले सबैभन्दा बढी १५.१९ प्रतिशत बजेट खर्च गरेको छ। आयोगका लागि विनियोजित १० करोड ४९ लाख ९९ हजार बजेटमध्ये एक करोड ५९ लाख ४७ हजार खर्च भएको छ। त्यसपछि प्रदेश सभाका लागि विनियोजन ४५ करोड ९८ लाख ८४ हजारमध्ये ६ करोड ५० लाख (१४.१४ प्रतिशत) खर्च भएको छ। त्यसैगरी, प्रदेश नीति तथा योजना आयोगले १२ दशमलव ७७ प्रतिशत, अर्थ मन्त्रालयले ११ दशमलव १७ प्रतिशत, मुख्य न्यायाधिवक्ताको कार्यालयले ९ दशमलव ७८ प्रतिशत, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले ९ दशमलव ७८ प्रतिशत, श्रम तथा यातायात मन्त्रालयले ८ दशमलव ४९ प्रतिशत र वन तथा वातावरण मन्त्रालयले ७ दशमलव ५१ प्रतिशत खर्च गरेको छ। त्यसैगरी, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले ६ दशमलव ३१ प्रतिशत, गृह, सञ्चार तथा कानुन मन्त्रालयले ४ दशमलव ३९ प्रतिशत, ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्रालयले ३ दशमलव २६ प्रतिशत, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले ३, शिक्षा तथा संस्कृति मन्त्रालयले २ दशमलव ५६ प्रतिशत, भौतिक पूर्वाधार तथा विकास मन्त्रालयले १ दशमलव ९२ प्रतिशत, उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालयले १ दशमलव २१ प्रतिशत र सबभन्दा कम खेलकुद तथा समाज कल्याण मन्त्रालयले शून्य दशमलव ४२ प्रतिशत बजेट खर्च गर्न सकेको छ।



अर्थ मन्त्रालयका प्रवक्ता अंशुकुमार झाले जेन-जी आन्दोलन, चाडपर्व र सरकार विस्तार नहुँदा बजेट खर्च न्यून भएको बताए। उनले भने, 'जेन-जी आन्दोलन भएदेखि सरकार एक्टिभ मोडमा आउन सकेको छैन, अब गठन भएको नयाँ सरकार विस्तार भएपछि मात्रै सरकारको गतिविधि बढेपछि स्वाभाविक रूपमा बजेट खर्च बढ्छ।'

प्रभु बैंक लिमिटेड,शाखा कार्यालय कपन, काठमाडौंका तपसिलमा उल्लेखित ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने तथा धितोमा रहेको सम्पति गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गर्ने बारेको ७ दिने सार्वजनिक सूचना ।

(सूचना प्रकाशित मिति २०८२/०७/१७ गते सोमबारको नयाँ पत्रिका राष्ट्रिय दैनिक)

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीले लिएको कर्जाको किस्ता (साँवा, व्याज) भुक्तानी सम्बन्धी शर्त कबुलियत उल्लघंन गर्नु भएको तथा पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुनाले बैंकले कर्जा असुलीका लागि मिति २०८१/११/०२ गते शुक्रबारको नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिकामा ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको सम्पत्ती गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गर्ने बारेको ७ दिने सार्वजनिक सूचना प्रकाशित गरिएकोमा सो सूचना बमोजिम ऋणीले कर्जा चुक्ता तथा धितो लिलाम बिक्री हुन नसकेकोले मिति २०८२/०४/२२ गते बिहिबारको नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिककामा ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने तथा धितो लिलाम बिक्री गर्ने बारेको १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गरिएकोमा सो सूचना बमोजिम समेत कर्जा चुक्ता तथा धितो लिलाम बिक्री नभएकोले कर्जा असुलीका लागि कर्जा सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ, सोही अवस्थामा गोप्य शिलवन्दी बोलपत्रको माध्यमवाट लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्ति के कति दर भाउ र मुल्यमा खरिद गरी लिने हो सो व्यहोरा खुलाई यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र गोप्य शिलबन्दी बोलपत्र बैंकको शाखा कार्यालय कपन, काठमाण्डौंमा दाखिल गर्नु हुन ईच्छुक व्यक्ति तथा संगठित संस्था सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ८ औं दिन अर्थात् मिति २०८२/०७/२४ गते सोमबार (सो दिन सार्वजनिक विदा परेमा सोको लगत्तै बैंक खुलेको दिन) बैंकको शाखा कार्यालय कपन, काठमाण्डौंमा दिनको ठीक १:०० (एक) बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षणधनी, ईच्छुक बोलपत्रदाता तथा सम्बद्ध सबैमा अनुरोध छ। प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाई स्वीकार वा अस्वीकार गर्न सक्ने व्यहोरा समेत जानकारी गराईन्छ। पुनश्चः यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र उक्त बांकी सम्पूर्ण कर्जाको साँवा व्याज तथा हर्जाना लगायतका अन्य दै दस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता फछ्यौंट गर्न गराउनको लागि सम्बन्धित ऋणी, धितो सुरक्षण धनी तथा जमानतकर्ता समेतलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। उक्त म्याद भित्र समेत कर्जा चुक्ता नभएमा ऋणी तथा जमानतकर्ता लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गराउन सकिने व्यहोरा जानकारी गराउँदै कर्जाको सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लिखित अचल जायजेथा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी प्रस्तुत सूचनाको म्याद भित्र प्राप्त हुन आएका गोप्य शिलवन्दी बोलपत्रको माध्यमवाट लिलाम बिक्री गरिने र कुनै कारणवश तपसिलमा उल्लेखित जायजेथा लिलाम बिक्री नभएमा सो जायजेथा अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा नियमानुसार बैंकले आफ्नो नाममा सकार गरी लिन सक्ने तथा उक्त जायजेथाबाट बैंकको सम्पूर्ण बक्यौता असूल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गरी लिइने व्यहोरा समेत जानकारी गराइन्छ।

तपसिल

क.ऋणी तथा जमानतकर्ताको विवरण :

ऋणी : नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर काठमाण्डौमा कम्पनी ऐन २०६३ बमोजिम मिति २०६२/०९/२९ गते **दर्ता नं. ३७८६१/०६२/०६३** मा दर्ता भई नेपाल सरकार अर्थ मन्त्रालय आन्तरिक राजस्व विभाग, आन्तरिक राजश्व कार्यालय, काठमाण्डौं बाट मिति २०६२/१०/११ मा स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं.३०२९०३९४६ को प्रमाणपत्र प्राप्त **काठमाण्डौं विनायक शिक्षालय प्रा.लि.। रजिष्ट्रर्ड ठेगाना : काठमाण्डौ जिल्ला का.म.न.पा.** वडा नं ९, गैरीगाँउ ।

सञ्चालक तथा जमानतकर्ता : सम्झना लामा	**जमानतकर्ता : कर्म ध्वज लामा**
(ना.प्रं.नं. १४३२४६) जारी मिति २०६२/०५/२७ जारी गर्ने कार्यालय जि.प्र.का. काभ्रेपलान्चोक)।	ना.प्र.नं २४८४४, जारी मिति २०४४/०४/०६ प्रतिलिपि जारी मिति २०७६/०३/२० जारी गर्ने कार्यालय जि.प्र.का. काभ्रेपलान्चोक)।
ठेगाना : काभ्रेपलान्चोक जिल्ला, कानपुर कालापानी गा.वि.स. वडा नं. १ (हाल नमोबुद्ध न.पा. वडा नं. ५)।	ठेगाना : काभ्रेपलान्चोक जिल्ला, नमोबुद्ध न.पा.वडा नं.५ ।
बाबु : सुर्य तमाङ।, बाजे : साजी तामाङ ।	बाबु : माहीला तामाङ। बाजे : सानताई तामाङ।

ख. लिलाम बिक्री हुने सम्पत्तिको विवरण :

१. **कर्म ध्वज लामा**को नाममा मालपोत कार्यलय, काभ्रेपलान्चोकमा दर्ता श्रेष्ता कायम रहेको काभ्रेपलान्चोक जिल्ला, कानपुर कालापानी गा.वि.स.वडा नं. १ नक्सा सिट नं. १ स्थित कित्ता नं. २६४, ४६ र ७७०, क्षेत्रफल १-०-३-१, १-१-३-० र १-०-०-० (रोपनी)को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पुर्ण लिगलगापात समेत १

२. ऋणी **काठमाण्डौं विनायक शिक्षालय प्रा.लि.**को स्वमित्वमा रहेको चालु सम्पत्तिहरु उपर हाइपोथिकेसन सुरक्षण १

पुनश्च :

१. बोलपत्र सम्बन्धी शर्त बन्देज सहितको बोलपत्र फारम **बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग र शाखा कार्यालय कपन**बाट समेत प्राप्त गर्न सकिनेछ।

२. सम्पत्ति दाखेलखारेज नामसारी गर्दा नेपाल सरकारले तोके बमोजिम लाग्ने राजश्व लगायत सम्पूर्ण दैदस्तुर सकारकर्ता स्वयंले तिर्नुपर्नेछ।

३. लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नु परेमा वा धितो लिलाम सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा **बैंकको प्रधान कार्यालय बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग र शाखा कार्यालय कपनमा** सम्पर्क राख्न सकिनेछ।

prabhu Bank
प्रभु बैंक लिमिटेड
प्रधान कार्यालयः बबरमहल, काठमाडौं, नेपाल
फोन नं. ०१-५७१५०००

एयरबस हेलिकोप्टरले गर्‍यो उडान सुरक्षा छलफल

काठमाडौं/ हेलिकोप्टर सञ्चालनमा सुरक्षा सचेतना र उत्कृष्ट अभ्यासहरूलाई प्रवर्द्धन गर्न एयरबस हेलिकोप्टरले छलफल गरेको छ। नेपालभरका सयभन्दा बढी विमान व्यवसायी, निकाय, सञ्चालनकर्ता र सुरक्षाविज्ञहरूले दुर्घटना रोकथाम र डेटा-आधारित सुरक्षा प्रणालीका विषयमा छलफल गरेका थिए। कार्यक्रम नेपालस्थित फ्रान्सकी राजदूत ह.ई. भर्जिनी कोर्तेवाल र नेपाल नागरिक उड्डयन प्राधिकरणका महानिर्देशक प्रदीप अधिकारीले संयुक्त रूपमा कार्यक्रमको उद्घाटन गरेका थिए। दिनभरको कार्यक्रममा सहभागीले एयरबसको विश्वव्यापी सुरक्षा दृष्टिकोण, दुर्घटना तथ्यांक, सुरक्षा व्यवस्थापन प्रणाली र हेलिकोप्टर फ्लाइट डेटा मोनिटरिङका सत्रहरूमा भाग लिए।

नेपाल एसबिआई बैंकका अध्यक्ष कुंचाले लिए शपथ



काठमाडौं/ नेपाल राष्ट्र बैंकका गभर्नर प्राडा विश्वनाथ पौडेलले नेपाल एसबिआई बैंकका नवनियुक्त अध्यक्ष वेंकट वंशीधर कुंचालाई पद तथा गोपनीयताको शपथग्रहण गराएका छन्।

१४ कात्तिकमा बसेको सञ्चालन समितिको ५३६औं बैठकले स्टेट बैंक अफ इन्डियालाई प्रतिनिधित्व गरी आएका सञ्चालक कुंचालाई अध्यक्षमा चयन गरेको थियो। कुंचा एसबिआईको मुम्बईस्थित प्रधान कार्यालयको अन्तर्राष्ट्रिय बैंकिङ समूहमा मुख्य महाप्रबन्धकको पदमा कार्यरत छन्।

प्रभु महालक्ष्मी लाइफको अभिकर्ता एडुटेडमेन्ट कार्यक्रम

काठमाडौं/ प्रभु महालक्ष्मी लाइफ इन्स्योरेन्सका अभिकर्ता लिडरहरूको एडुटेडमेन्ट कार्यक्रम सम्पन्न भएको छ। चितवनको सौराहामा १३, १४ र १५ कात्तिकमा क्षमता अभिवृद्धि तालिमसहित विभिन्न कार्यक्रमका साथ सम्पन्न भएको हो। इन्स्योरेन्सका प्रमुख कार्यकारी अधिकृत सन्तोष प्रसाईंले कार्यक्रमको उद्घाटन गरेका थिए। प्रमुख कार्यकारी अधिकृत प्रसाईंले स्तरीय तालिमले अभिकर्ता लिडरहरूको क्षमता अभिवृद्धिमा उल्लेख्य योगदान गर्ने र राष्ट्रिय-अन्तर्राष्ट्रियस्तरमा अभिकर्ताहरूको पहिचान बनाउन महत्त्वपूर्ण साबित हुने बताए।

NIC ASIA
एन आई सी एशिया बैंक लि.

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११११७७/७८/८८, फ्याक्स: +९७७-१-५१११९८०, टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्री बोलपत्र आव्हान सम्बन्धी १५ (पन्ध्र) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गर्नु भएको ऋणकर्जा बैकसँगको सम्झौताको शर्त बमोजिम नर्तिनु नबुझाउनु भएको हुँदा सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा तथा ऋणकर्जा चुक्ता गर्नको लागि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत उक्त ऋणकर्जाको बाँकी साँवा ब्याज नर्तिनु नबुझाउनु भई ऋणीले बैकसँग गरेको ऋण कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले सो ऋण कर्जाको सुरक्षण वापत धितो लेखिदिएको तपसिलमा उल्लेखित चल अचल सम्पति जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा प्रचलित कानूनको अधिनमा रही ओप्य शिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ संस्थाले यो सूचना प्रकाशित भएको ५५ (पन्ध्र) दिन (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगातै कार्यालय खुलेको दिन) को कार्यालय समयभित्र बोलपत्र फारममा उल्लेखित शर्तहरुको अधिनमा रही रीतपुर्वक भरी यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा आईपुग्ने गरी बोलपत्र आवेदन पेश गर्न आह्वान गरिन्छ । साथै, प्रस्तुत लिलाम प्रक्रियाबाट धितो मा रहेको तपसिल वमोजिमको चल अचल सम्पति लिलाम विक्री हुन नसकेमा वा लिलाम बिक्री हुँदा बैंकले असुल उपर गर्नुपर्ने सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, सोको नियमावली, २०५९ तथा प्रचलित कानून वमोजिम ऋणी तथा जमानीकर्ताको अन्य चलअचल जायजेथा, श्रीसम्पतिबाट समेत बैंकको सम्पूर्ण बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी तथा जमानत दिनु हुने व्यक्ति तथा सम्बन्धित सबैलाइ यसै सूचनाद्वारा अवगत गराईन्छ ।

तपसिल

क्र.सं.	ऋणीको विवरण
१)	**१. ऋणी कम्पनी : सुप्रिम पोल्ट्री फार्म प्रा.लि., संचालक तथा जमानतकर्ता : मथुरा थापा** दर्ता नं. : कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा दर्ता नं. २४१०२०/०७७/०७८, दर्ता मितिः २०७७/०५/२१, ठेगाना : जिल्ला चितवन, रत्ननगर न.पा. वडा नं. १२
	२. ऋणी फर्म : आशुतोष केरा फार्म, प्रोप्राईटर तथा जमानतकर्ता : कल्पना अधिकारी दर्ता नं. : घरेलु तथा साना उद्योग कार्यालय भरतपुर, चितवनमा लघु उद्यम दर्ता नं. ३०४/०७५/०७६, दर्ता मितिः २०७५/०७/२९, ठेगाना : जिल्ला चितवन, रत्ननगर न.पा. वडा नं. १२
	धितोको विवरण
	१) नरजंगाको नाती, ठंक बहादुर थापाको छोरा, चितवन जिल्ला, चित्वन जिल्ला, रत्ननगर न.पा. वडा नं. ११ बस्ने मथुरा थापाको नाममा मालपोत कार्यालय चितवनको लगातमा दर्ता कायम रहेको चितवन जिल्ला, पंचकन्या गा.वि.स. वडा नं. ३ख (हाल र त्ननगर न.पा. वडा नं. १२) स्थित कित्ता नं. ९२१ र १०२३ को क्षेत्रफल क्रमशः ०-३-१० र ०-२-४ (विगाह)को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । २) भिम प्रसाद अधिकारीको नातीनी, फ्रोज बहादुर अधिकारीकी छोरी, चितवन जिल्ला, रत्ननगर न.पा. वडा नं. ११ बस्ने कल्पना अधिकारीको नाममा मालपोत कार्यालय चितवनको लगातमा दर्ता कायम रहेको चितवन जिल्ला, पंचकन्या गा.वि.स. वडा नं. ३क (हाल रत्ननगर न.पा. वडा नं. १२) स्थित कित्ता नं. ४७२ को क्षेत्रफल ०-६-० (विगाह)को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । ३) सुप्रिम पोल्ट्री फार्म र आशुतोष केरा फार्म को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।
	३. ऋणी : मथुरा थापा स्थायी ठेगाना : चितवन जिल्ला, पंचकन्या गा.पं. वडा नं. ३, हालको ठेगाना : चितवन जिल्ला, रत्ननगर न.पा. वडा नं. १२, बाबु : ठंक बहादुर थापा, बाजे : नरजंग थापा
	धितोको विवरण
	नरजंगाको नाती, ठंक बहादुर थापाको छोरा, चितवन जिल्ला, रत्ननगर न.पा. वडा नं. ११ बस्ने मथुरा थापाको नाममा मालपोत कार्यालय चितवनको लगातमा दर्ता कायम रहेको चितवन जिल्ला, पंचकन्या गा.वि.स. वडा नं. ३ख (हाल रत्ननगर न.पा. वडा नं. १२) स्थित कित्ता नं. ९२१ र १०२३ को क्षेत्रफल क्रमशः ०-३-१० र ०-२-४ (विगाह)को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत ।
२)	**ऋणी फर्म : फियाली कृषि तथा पशुपन्छी फर्म, प्रोप्राईटर तथा जमानतकर्ता : श्याम फियाली मगर** दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, बागमती प्रदेश, भरतपुर, चितवनमा प्रा.फ.द.नं. २१३४/०७७/०७८, दर्ता मिति : २०७८/०१/०६, ठेगाना : जिल्ला चितवन, रत्ननगर न.पा. वडा नं. १६
	धितोको विवरण
	१) पदम सिंकी बुहारी, रित बहादुर फियाली मगरकी पत्नी, चितवन जिल्ला, पिठुवा गा.वि.स. वडा नं. १ बस्ने दुर्गा कुमारी मगरको नाममा मालपोत कार्यालय चितवनको लगातमा दर्ता कायम रहेको चितवन जिल्ला, पिठुवा गा.वि.स. वडा नं. १ख (हाल : रत्ननगर न.पा. वडा नं. १६) स्थित कित्ता नं. २३६ र ४१९ को क्षेत्रफल क्रमश : ०-०-१०-० र ०-६-०-० (विगाहा) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । २) फियाली कृषि तथा पशुपन्छी फर्म को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।
३)	**ऋणी फर्म : घनमाया कृषी तथा पशुपंक्षी फर्म, प्रोप्राईटर तथा जमानतकर्ता : घनमाया मगर** दर्ता नं. : घरेलु तथा साना उद्योग कार्यालय, बागमति प्रदेश, भरतपुर, चितवनमा प्रा.फ.द.नं. ५७६/०७८/०७९, दर्ता मिति : २०७८/०६/०४, ठेगाना : जिल्ला चितवन, रत्ननगर न.पा. वडा नं. १६
	धितोको विवरण
	१) विर्जे मगरकी छोरी, खडग वहादुर मगरकी बुहारी, गोरे मगरकी पत्नि, चितवन जिल्ला, पिठुवा गा.वि.स. वडा नं. १ बस्ने घनमाया मगरको नाममा मालपोत कार्यालय चितवनको लगातमा दर्ता कायम रहेको चितवन जिल्ला, पिठुवा गा.वि.सु. वडा नं. १ क (हाल र त्ननगर न.पा. वडा नं. १६) स्थित कित्ता नं. १९२० को क्षेत्रफल ८१२.७० (व.मी.) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । २) घनमाया कृषी तथा पशुपंक्षी फर्मको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।
४)	**ऋणी फर्म : रिद्धी सिद्धी दाना उद्योग, प्रोप्राईटर तथा जमानतकर्ता : सज्जु कुमार आचार्य** दर्ता नं. : घरेलु तथा साना उद्योग कार्यालय, भरतपुर, चितवनमा प्रा.फ.द.नं. ८२१/०७३/०७४, दर्ता मिति : २०७४/०२/१९, ठेगाना : जिल्ला चितवन, रत्ननगर न.पा. वडा नं. ४
	धितोको विवरण
	१) नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय, भरतपुर, चितवनमा प्रा.फ.द.नं. ८२१/०७३/०७४ अन्तर्गत मिति २०७४/०२/१९ मा प्राइमेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम दर्ता भएको चितवन जिल्ला, रत्ननगर न.पा. वडा नं. ४ स्थित रिद्धी सिद्धी दाना उद्योगको नाममा मालपोत कार्यालय चितवनको लगातमा दर्ता कायम रहेको, चितवन जिल्ला, देवौली गा.वि.स. वडा नं. १२ख (हाल रत्ननगर न.पा. वडा नं. ४) स्थित कित्ता नं. १३१५ र १२४८ को क्षेत्रफल क्रमशः ०-०-१२.२५-० र ०-२-०-० (विगाह)को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । २) रिद्धी सिद्धी दाना उद्योग स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।
५)	**ऋणी फर्म : एस मानवीया सप्लायर्स, प्रोप्राईटर तथा जमानतकर्ता : शैलेन्द्र श्रेष्ठ** दर्ता नं. : घरेलु तथा साना उद्योग कार्यालय, भरतपुर, चितवनमा प्रा.फ.र.नं. : १७५/२०८०/०८१ दर्ता मिति : २०८०/०६/१८, ठेगाना : जिल्ला चितवन, रत्ननगर न.पा. वडा नं. ११
	धितोको विवरण
	१) बख्त बहादुर श्रेष्ठको नाति, कृष्ण कुमार श्रेष्ठको छोरा, गोरखा जिल्ला, खोप्लाङ गा.वि.स. वडा नं. ७ बस्ने शैलेन्द्र श्रेष्ठको नाममा मालपोत कार्यालय चितवनको लगातमा दर्ता कायम रहेको चितवन जिल्ला, पदमपुर गा.वि.स. वडा नं. ३ (हाल कालिका न.पा. वडा नं. २) स्थित कित्ता नं. १२२९ को क्षेत्रफल ५८४.१२ (व.मि) को घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । २) एस मानवीया सप्लायर्सको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।
६)	**१. ऋणी कम्पनी : किसान प्रोडक्सन प्रा.लि., संचालक तथा जमानीकर्ताहरु : १) ईश्वर लामा , २) दिनेश लामा, ३) सफलता अधिकारी, ४) सरोज लामा (तामाङ)** दर्ता नं. : कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा दर्ता नं. १३९५५७/०७२/०७३, दर्ता मिति : २०७२/०५/१७, ठेगानाः जिल्ला चितवन, चन्द्रागिरी न.पा. वडा नं. ३
	२. ऋणी : ईश्वर लामा स्थायी ठेगाना : काठमाडौं जिल्ला, थानकोट गा.वि.स. वडा नं. १, हालको ठेगाना : काठमाडौं जिल्ला, चन्द्रागिरी न.पा. वडा नं. ४, बाबु : इन्द्र बहादुर लामा, बाजे : मान बहादुर लामा
	धितोको विवरण
	१) शेर बहादुर **तामाङ**की छोरी, मान बहादुरकी बुहारी, इन्द्र बहादुर लामाकी पत्नी, काठमाडौं जिल्ला, थानकोट गा.वि.स. वडा नं. १ बस्ने आशा लामाको नाममा मालपोत कार्यालय कलंकी, काठमाडौंको लगातमा दर्ता कायम रहेको काठमाडौं जिल्ला, थानकोट गा.वि.स. वडा नं. ०१ इ (हाल चन्द्रागिरी न.पा. वडा नं. ०४) स्थित कित्ता नं. ११४ को क्षेत्रफल ०-९-२-० (रोपनी)को घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । २) किसान प्रोडक्सन प्रा.लि.को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।
७)	**ऋणी फर्म : शिव शक्ती गाल्ला भण्डार, प्रोप्राईटर तथा जमानीकर्ता : सुग्रीम भर** दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय नवलपरासी प्रा.फ.द. ०४३३-७-२०७९/८० दर्ता मिति : २०७९/१२/२४, ठेगाना : जिल्ला नवलपरासी , पाल्हीनन्दन गा.पा. वडा नं. २
	२) ऋणी : सुग्रीम भर स्थायी ठेगाना : रुपन्देही जिल्ला, साडी गा.वि.स. वडा नं. ५, हालको ठेगाना : रुपन्देही जिल्ला, गौंडहवा गा.पा. वडा नं.१, बाबु : कल्लु भर, बाजे : गोल्है भर
	धितोको विवरण
	१) गोल्है भरकी बुहारी, कल्लु भरकी पत्नी, रुपन्देही जिल्ला, साडी गा.वि.स. वडा नं. २ बस्ने किसुना भरिनको नाममा मालपोत कार्यालय रुपन्देहीको लगातमा दर्ता कायम रहेको रुपन्देही जिल्ला, साडी गा.वि.स. वडा नं. ५ ख(हाल रुपन्देही जिल्ला, गौंडहवा गा.पा. वडा नं.१) स्थित कित्ता नं. २३५ को क्षेत्रफल : २-१७-१०-०(विगाह)को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । २) शिव शक्ती गाल्ला भण्डारको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।
८)	**१) ऋणी फर्म : युनिक फर्निसिङ्ग सप्लायर्स, प्रोप्राईटर तथा जमानीकर्ता : कमला न्यौपाने ढुंगाना** दर्ता नं.: वाणिज्य कार्यालय रुपन्देहीमा प्रा.फ.र.नं.: २५२४७/०६७, मिति २०६७/०६/१७, ठेगाना : जिल्ला रुपन्देही, देवदह गा.वि.स. वडा नं. ४
	२) ऋणी कम्पनी : सौगात स: मिल एण्ड फर्निचर उद्योग प्रा.लि., संचालक तथा जमानीकर्ता : सन्दिप ढुंगाना दर्ता नं.: कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाण्डौंमा दर्ता नं.: २३९४३९/०७७/०७८, मिति २०७७/०४/१६, ठेगाना : जिल्ला रुपन्देही, देवदह न.पा. वडा नं. ७
	३) ऋणी फर्म : सौगात काठ सप्लायर्स, प्रोप्राईटर तथा जमानीकर्ता : सन्दिप ढुंगाना दर्ता नं.: वाणिज्य आपुर्ति तथा उपभोक्ता संरक्षण कार्यालय, भैरहवा, रुपन्देहीमा प्रा.फ.र.नं.: ४५१३४/०७६/०७७, मिति २०७६/०५/२० ठेगाना : जिल्ला रुपन्देही, देवदह न.पा. वडा नं. ६
	४) ऋणी : कमला न्यौपाने ढुंगाना स्थायी ठेगाना : रुपन्देही जिल्ला, देवदह गा.वि.स. वडा नं. ७, हालको ठेगाना : रुपन्देही जिल्ला, देवदह न.पा. वडा नं. ७, बाबु : शिव प्रसाद न्यौपाने, ससुरा : तारा प्रसाद ढुंगाना, पति : सन्दिप ढुंगाना
	धितोको विवरण
	१) जयलालको नाती, तारा प्रसाद ढुंगानाको छोरा, रुपन्देही जिल्ला, देवदह गा.वि.स. वडा नं. ३ बस्ने सन्दिप ढुंगानाको नाममा मालपोत कार्यालय बुटवल रुपन्देहीको लगातमा दर्ता कायम रहेको रुपन्देही जिल्ला, केरवानी गा.वि.स. वडा नं. ८ख (हाल देवदह न.पा. वडा नं. ७) स्थित कित्ता नं १९३५ र १८४८ को क्षेत्रफल क्रमशः ०-०-५-० र ०-०-१०-० (बिघा) को घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । २) युनिक फर्निसिङ्ग सप्लायर्स, सौगात स: मिल एण्ड फर्निचर उद्योग प्रा.लि.र सौगात काठ सप्लायर्स को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

९)	**१) ऋणी फर्म : रुपा एण्ड उषा कोल्ड स्टोर, प्रोप्राईटर तथा जमानतकर्ता : महेन्द्र थारु** दर्ता नं. : वाणिज्य आपुर्ति तथा उपभोक्ता संरक्षण कार्यालय, रुपन्देहीमा प्रा.फ.र.नं. ३१०००, मिति २०७०/०४/१८, ठेगाना : जिल्ला रुपन्देही, छो.रामनगर गा.वि.स. वडा नं २,
	२) ऋणी : महेन्द्र थारु स्थायी ठेगाना : रुपन्देही जिल्ला, छो.रामनगर गा.वि.स. वडा नं. २, हालको ठेगाना : रुपन्देही जिल्ला, ओमशतीया गा.पा. वडा नं. ६ बाबु : चन्नर थारु, बाजे : भुवन थारु
	धितोको विवरण
	१) भुवन थारुको नाती, चन्नर थारुको छोरा, रुपन्देही जिल्ला, छो.रामनगर गा.वि.स. वडा नं. २ बस्ने महेन्द्र थारुको नाममा भैरहवा मालपोत कार्यालय रुपन्देहीको लगातमा दर्ता कायम रहेको रुपन्देही जिल्ला, छो.रामनगर गा.वि.स. वडा नं. २ क (हाल ओमशतीया गा.पा. वडा नं. ६) स्थित कित्ता नं. १०२५ को क्षेत्रफल क्रमशः ०-६-१५ (विगाहा)को घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । २) रुपा एण्ड उषा कोल्ड स्टोरको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।
११)	**१) ऋणी फर्म : न्यु पि.आर सप्लायर्स, प्रोप्राईटर तथा जमानतकर्ता : जीव लाल चापागाई** दर्ता नं.: वाणिज्य कार्यालय रुपन्देहीमा, प्रा.फ.र.नं.३५७६५/०७२/०७३, मिति २०७२/०५/१०, ठेगाना : जिल्ला रुपन्देही, देवदह न.पा. वडा नं. ७
	२) ऋणी : जीव लाल चापागाई स्थायी ठेगाना : रुपन्देही जिल्ला, देवदह गा.वि.स वडा नं. १, हालको ठेगाना : रुपन्देही जिल्ला, देवदह न.पा. वडा नं. ५, बाबु : लोक नाथ चापागाई, बाजे : देव भक्त चापागाई
	धितोको विवरण
	१) लोकनाथकी बुहारी, रुक्मागत चापागाईकी पत्नी, रुपन्देही जिल्ला, देवदह न.पा. वडा नं. ५ बस्ने भुमिदेवी पाण्डे चापागाईको नाममा मालपोत कार्यालय बुटवल, रुपन्देहीको लगातमा दर्ता कायम रहेको रुपन्देही जिल्ला, देवदह गा.वि.स. वडा नं. ८क (हाल देवदह न.पा वडा नं. ७) स्थित कित्ता नं. ३१३७ र ३१३८ को क्षेत्रफल क्रमशः ०-०-५.७५-० र ०-०-५.७५-० (विगाह) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । २) देउभक्तकी बुहारी, लोकनाथ चापागाईकी पत्नी, रुपन्देही जिल्ला, देवदह गा.वि.स वडा नं. १ बस्ने शोभा चापागाईको नाममा मालपोत कार्यालय बुटवल, रुपन्देहीको लगातमा दर्ता कायम रहेको रुपन्देही जिल्ला, केरवानी गा.वि.स. वडा नं. ७ घ (हाल देवदह न.पा वडा नं. ५) स्थित कित्ता नं. ११९८ को क्षेत्रफल : ०-०-११-० (विगाह) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । ३) देउ भक्त चापागाईको नाती, लोकनाथ चापागाईको छोरा, रुपन्देही जिल्ला, देवदह गा.वि.स/न.पा. वडा नं. ११ बस्ने रुक्मागत चापागाईको नाममा भुमिसुधार तथा मालपोत कार्यालय परासी, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम)को लगातमा दर्ता कायम रहेको नवलपरासी जिल्ला, जहदा गा.वि.स. वडा नं. ३ गा (हाल बर्दघाट न.पा वडा नं. १३) स्थित कित्ता नं. २९८ को क्षेत्रफल : ०-५-०-३ (विगाह) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । ४) न्यु पि.आर सप्लायर्सको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।
	३) ऋणी फर्म : पि.आर. एग्रो फर्म, प्रोप्राईटर तथा जमानतकर्ता : भुमादेवी पाण्डे चापागाई दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय सिद्धाथनगर, रुपन्देहीमा प्रा.फ.र.नं. २४०४५/०७९/८०, मिति २०७९/०७/२८, ठेगाना : जिल्ला रुपन्देही, देवदह न.पा. वडा नं. ३
	धितोको विवरण
	१) लोकनाथकी बुहारी, रुक्मागत चापागाईकी पत्नी, रुपन्देही जिल्ला, देवदह न.पा. वडा नं. ५ बस्ने भुमिदेवी पाण्डे चापागाईको नाममा मालपोत कार्यालय बुटवल, रुपन्देहीको लगातमा दर्ता कायम रहेको रुपन्देही जिल्ला, देवदह गा.वि.स. वडा नं. ८क (हाल देवदह न.पा वडा नं. ७) स्थित कित्ता नं. ३१३७ र ३१३८ को क्षेत्रफल क्रमशः ०-०-५.७५-० र ०-०-५.७५-० (विगाह) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । २) पि.आर. एग्रो फर्मको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।
१२)	**ऋणी : सुमित्रा देवि यादव** स्थायी ठेगाना : सुनसरी जिल्ला, राजगन्ज सिनवारी गा.वि.स. वडा नं. ३, हालको ठेगाना : सुनसरी जिल्ला, देवान्गन्ज गा.पा. वडा नं. ७, बाबु : पुनित लाल यादव, ससुरा : भिखो यादव, पति : चौधरी यादव तथा **संजय कुमार यादव** स्थायी ठेगाना : सुनसरी जिल्ला, राजगन्ज सिनवारी गा.वि.स. वडा नं. ३, हालको ठेगाना : सुनसरी जिल्ला, देवान्गन्ज गा.पा. वडा नं. ७, बाबु : चौधरी यादव, बाजे : भिखो यादव
	धितोको विवरण
	१) भिखो यादवका नाती, चौधरी यादवको छोरा, सुनसरी जिल्ला, सिनुवारी रामगन्ज गा.वि.स./न.पा. वडा नं. ३ बस्ने संजय कुमार यादव.....१ तथा भिखो यादवको नाती, चौधरी यादवको छोरा, सुनसरी जिल्ला, देवानगन्ज गा.पा. वडा नं. ७ बस्ने सुनिल कुमार यादव .....१ समेत गरी २ व्यक्तिको संयुक्त नाममा मालपोत कार्यालय मोरङको लगातमा दर्ता कायम रहेको मोरङ जिल्ला, बरवरी गा.वि.स. वडा नं. ७क (हाल विराटनगर मे.न.पा. वडा नं. ५) स्थित कित्ता नं. ३८२८ को क्षेत्रफल ०-०-१०-० (विगाहा) को जग्गा सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । २) पुनित लाल यादवकी छोरी, चौधरी यादवकी पत्नी, सुनसरी जिल्ला, देवान्गन्ज गा.पा. वडा नं. ७ बस्ने सुमित्रा देवि यादवको नाममा मालपोत कार्यालय सुनसरीको लगातमा दर्ता कायम रहेको सुनसरी जिल्ला, राजगन्ज सिनवारी गा.वि.स. वडा नं. ३ख (हाल देवान्गन्ज गा.पा. वडा नं. ७) स्थित कित्ता नं. १३१ को क्षेत्रफल २-१-४.५०-० (विगाहा) को जग्गा सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत ।

नोट: ऋणी तथा प्रोप्राइटर/संचालक बाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिका नाम ऋणी तथा प्रोप्राइटर/संचालकको नाम परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको ।

बिक्रिमा रहेको घर/जग्गाको स्थान पहिचानको लागि GoogleMap

लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरु:
१) बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौं वा शाखा कार्यालयबाट रु. १०००।-(रुपैंया एक हजार मात्र) तिरि प्राप्त गर्न सकिनेछ) ।
२) प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण स्वीकार वा अस्वीकार गर्न सक्ने छ। शिलबन्दी बोलपत्रबाट उक्त सम्पति लिलाम बिक्री हुन नसकेमा उक्त सम्पतिको स्वामित्व बैंकले लिन सक्नेछ ।
३) लिलाम हुने सम्पति निरीक्षण अवलोकन गर्नुपरेमा वा धितो लिलाम सम्बन्धी विस्तृत जानकारी आवश्यक भएमा बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा सम्पर्क राख्नुहोला ।
४) बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलिपल्ट दिनको ३ बजे (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगातै कार्यालय खुलेको दिन) यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा बोलपत्र खोलिने हुँदा उक्त दिन ऋणी, धितो जमानतकर्ता, इच्छुक बोलपत्रदाता तथा सम्बन्धित सबैलाई उपस्थितिको लागि जानकारी गराईन्छ ।
५) बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन् ।

पुनश्चः ऋणी एवं धितो लेखिदिनेलाई सूचना:
उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र शिघ्र कर्जा भुक्तानी गरी आफ्नो सम्पतिको उचित संरक्षण गर्नु हुन पुनः अनुरोध गरिएको छ । अन्यथा तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले उक्त दिन स्वयम उपस्थित भई लिलामबाट कायम हुने लिलामबाट कायम हुने धितो सम्पत्तिको मुल्य घटि वा बढि हुने प्रक्रियामा समेत प्रत्यक्ष अवलोकनको लागी सूचित गरिन्छ । उल्लस्खित धितो सम्पति लिलाम बिक्री गरि वा बैंक आफैले सकार गर्दा समेत सोविकमा बैंकबाट भएको मुल्यांकन भन्दा कम मुल्यमा लिलाम विक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि हाम्रो सम्पतिको उचित मुल्य प्राप्त नभई कम मुल्यमा बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कति कतै उजुर वाजुर गर्न पाउनुहुने छैन । उक्त सम्पति लिलाम बिक्री गर्दा वा पुनरमुल्यांकन गरि बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभई बाँकी रहेमा ऋणीको अन्य श्रीसम्पतिहरुबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईएको छ ।

का.नि.द.नं.१२८/०६३/६४, म.क्षे.हु.नि.द.नं. १७/०६९/०७०
सोमबार १७ कात्तिक ०८२
www.nayapatrikadaily.com
नयाँ पत्रिका

दोस्रो नेपाल प्रिमियर लिग

न्युजिल्यान्डका गुप्तिल विराटनगरमा

सन् २००९ देखि ०२२ सम्म न्युजिल्यान्डको राष्ट्रिय टोलीमा रहेका मार्टिन गुप्तिलले समग्रमा २३ अन्तर्राष्ट्रिय शतक तथा ७६ अर्धशतक बनाएका छन्



नयाँ पत्रिका

न्युजिल्यान्डका विश्वचर्चित ब्याट्सम्यान मार्टिन गुप्तिलले दोस्रो संस्करणको नेपाल प्रिमियर लिग क्रिकेटमा विराटनगर किङ्सबाट खेल्ने भएका छन् । विराटनगरले दोस्रो सिजनका लागि गुप्तिललाई निरन्तरता दिएको जनाएको छ । विराटनगरका लागि उनी चौथो विदेशी खेलाडीका रूपमा भित्रिएका हुन् । विराटनगरले गत शुक्रबार दक्षिण अफ्रिकाका आक्रामक ब्याट्सम्यान फाफ डु प्लेसिसलाई अनुबन्ध गरेको थियो । विराटनगरले यसपटक एनपिएलमा दमदार उपस्थिति जनाउन विश्वस्तरीय खेलाडी भित्र्याउने क्रमलाई निरन्तरता दिएको छ ।

उनले समग्रमा ३५१ टी-२० खेल खेलेका छन् । उनले न्युजिल्यान्डको राष्ट्रिय टोलीबाट १२२ टी-२० आईमा तीन हजार ५३१ रन जोडेका छन् । उनीसँग अन्तर्राष्ट्रिय र फ्रेन्चाइज क्रिकेटको धेरै अनुभव छ । विराटनगरले स्कटल्यान्डका अनुभवी जर्ज मन्से र अस्ट्रेलियाका साम हिजलेटलाई अनुबन्ध गरेको छ । गुप्तिलले इन्डियन प्रिमियर लिगमा मुम्बई इन्डियन्स, सनराइजर्स हैदराबाद र पन्जाब किंग्सबाट खेलिसकेका छन् । यसैगरी उनीसँग बिग बास लिग, क्यारेबियन प्रिमियर लिग, पाकिस्तानी सुपर लिगलगायत फ्रेन्चाइज लिगको अनुभव छ । विराटनगरले दोस्रो सिजनका लागि मार्की सन्दीप लामिछानेसहित लोकेश बम, प्रतिश जिसी, बसिर अहमद, नरेन भट्ट र सुवास भण्डारीलाई रिटेन गरेको छ ।

गुप्तिलले पहिलो संस्करणको उद्घाटन खेलमा जनकपुर बोल्टविरुद्ध अर्धशतकीय इनिङ्स खेलेका थिए । उनले पहिलो खेलमै ४३ बलमा ५५ रनको योगदान दिएका थिए । एनपिएलको पहिलो संस्करणमा पहिलो अर्धशतकीय इनिङ्स खेल्ने रेकर्ड उनको नाममा छ ।

विश्वकपका दोहोरो शतकधारी

एकदिवसीय विश्वकप इतिहासमा दुईपटक मात्र दोहोरो शतक बनेको छ । सन् २०१५ को विश्वकपमै यो रेकर्ड बनेको थियो । २४ फेब्रुअरी २०१५ मा वेस्ट इन्डिजका क्रिस गेलले जिम्बाबेविरुद्ध २१५ रनको दोहोरो शतक लगाएका थिए । सोही विश्वकपमा न्युजिल्यान्डका बायाँहाते ब्याट्सम्यान गुप्तिलले गेलको रेकर्ड बराबरी गरे । उनले घरेलु मैदान वेलिंटनमा वेस्ट इन्डिजविरुद्धको खेलमा २३७ रनको दोहोरो शतकीय योगदान दिएका थिए । वेस्ट इन्डिजविरुद्धको सेमिफाइनल खेलमा उनले १६३ बलमा ११ छक्का र २४ चौका प्रहार गरेका थिए । विश्वकपमा सर्वाधिक २३७ रन बनाउने गुप्तिलको कीर्तिमान तोडिएको छैन । उनले वेस्ट इन्डिजविरुद्धको खेलमा अन्तिम ५२ बलमा १३७ रन बटुलेका थिए । एकदिवसीय इतिहासमा उनको यो शतकीय इनिङ्स दोस्रो बृहत् हो । सन् २०१४ मा भारतका रोहित शर्माले श्रीलंकाविरुद्ध २६४ रनको सर्वाधिक व्यक्तिगत बनाएका थिए ।

१५ वर्ष न्युजिल्यान्डको टोलीमा

गुप्तिलले सन् २००९ मा भारतविरुद्ध टेस्ट खेलबाट अन्तर्राष्ट्रिय डेब्यु गरेका थिए । सन् २०२२ मा उनले अन्तिमपटक टोलीबाट टी-२० आई फर्म्याटमा बंगलादेशसँग प्रतिस्पर्धा गरे ।

लगभग १५ वर्ष न्युजिल्यान्डको टोलीबाट अन्तर्राष्ट्रिय खेल खेलेका उनले टेस्टमा तीन, एकदिवसीयमा १५ तथा टी-२० आईमा दुई शतक लगाएका छन् । यसैगरी टेस्टमा १७, एकदिवसीयमा ३९ र टी-२० आईमा न्युजिल्यान्डका लागि २२ अर्धशतकीय इनिङ्स खेलेका छन् । समग्रमा उनले २३ अन्तर्राष्ट्रिय शतक तथा ७६ अर्धशतकीय इनिङ्स खेले । गुप्तिलले एकदिवसीयमा सात हजार ३४६ रन, टेस्टमा दुई हजार ५८६ रन तथा टी-२० आईमा तीन हजार ५३१ रन बटुलेका छन् । उनले न्युजिल्यान्डका लागि पहिलो श्रेणीमा ३१ शतक तथा ५१ अर्धशतकको सहयोगमा १० हजार ४४४ रन जोडेका छन् ।

अमेरिकाका हर्मित सुदूरपश्चिममा

सुदूरपश्चिम रोयल्सले अमेरिकाका बलिङ अलराउन्डर हर्मित सिंहलाई तेस्रो विदेशी खेलाडीका रूपमा अनुबन्ध गरेको छ । यससँगै हर्मितले लगातार दोस्रो सिजन पनि सुदूरपश्चिमबाट खेल्ने भएका छन् । पहिलो सिजनमा उनले पाँच खेलमा आठ विकेट लिएका थिए । उनी पहिलो सिजनको एनपिएलमा सबैभन्दा इकोनोमीमा बलिङ गर्ने बलर बनेका थिए । 'म नेपाल प्रिमियर लिगमा फेरि एकपटक फर्किँदै छु । गत सिजनको अधुरो कामलाई यसपटक पूरा गर्नु छ,' हर्मितले भनेका छन् । सुदूरपश्चिमका प्रमुख कार्यकारी अधिकृत प्रकाश खड्काले हर्मितको आगमनले टोली थप बलियो बन्ने बताए । ३२ वर्षीय हर्मित बाँयाहाते बलर र बाँयाहाते ब्याट्सम्यान हुन् । उनले २५ टी-२० आईमा २४ विकेट र २३५ रन बनाएका छन् । अमेरिकाका लागि उनले २१ एकदिवसीय खेलमा ३१ विकेट र ३२५ रन बनाएका छन् । सन् २०१२ को यू-१९ विश्वकप विजेता भारतीय टोलीका उनी सदस्य थिए । उनले इन्डियन प्रिमियर लिग (आइपिएल)मा राजस्थान रोयल्सका लागि समेत खेलेका छन् ।



नेपालको लिपुलेक क्षेत्रमा भारतले गऱ्यो अल्ट्रा म्याराथन

नेपाली पक्षलाई छैन औपचारिक जानकारी

उत्तराखण्ड राज्य स्थापनाको २५औँ वार्षिकोत्सवका अवसरमा दार्चुलाको उत्तर-पश्चिम क्षेत्रमा भएको अल्ट्रा म्याराथनमा सात सय धावक सहभागी



बैतडीमा लोकेश साउद

भारतको उत्तराखण्ड राज्य स्थापनाको २५औँ वार्षिकोत्सवका अवसरमा आइतबार दार्चुलाको उत्तर-पश्चिमी क्षेत्रमा अल्ट्रा म्याराथन दौड आयोजना भएको छ । नेपाली पक्षलाई जानकारी नदिई भारतले दौड आयोजना गरेको हो । १५ हजार फिट उचाइमा भारत सरकारले अल्ट्रा म्याराथन आयोजना गरेको इन्डो-तिब्बतियन बोर्डर पुलिस (आइटिबिपी)का महानिरीक्षक (आइजी) सञ्जय गुञ्ज्यालले जानकारी दिएका छन् । ६० किलोमिटरको अल्ट्रा म्याराथनमा सात सय धावकले प्रतिस्पर्धा गरेका थिए । उच्च हिमाली क्षेत्रमा ६० किलोमिटर दुरी चार घण्टा ४४ मिनेटमा पूरा गर्दै दिगम्बर सिंह पुरुषतर्फ पहिलो भएका छन् ।

महिलातर्फ पौडी गडवालकी मीनाक्षी नेगी ५ घण्टा ४३ मिनेटमा ६० सेकेन्डमा पूरा गर्दै पहिलो भइन् । अल्ट्रा म्याराथनमा भारतका २२ राज्य र विदेशीले भाग लिएका थिए । जसमध्ये भारतका सात सय धावक सहभागी थिए । नेपाली भूमिमै अल्ट्रा म्याराथन आयोजना भए पनि आफूलाई जानकारी नै नभएको दार्चुलाका प्रमुख जिल्ला अधिकारी अनिल पौडेलले बताए । 'लिपुलेक क्षेत्रमा आयोजना भएको दौडबारे औपचारिक रूपमा कुनै जानकारी छैन, कार्यक्रमका लागि नेपाली पक्षसँग कुनै समन्वय भएको छैन,' पौडेलले भने । भारत सरकारका सडक परिवहन राज्यमन्त्री अजय टमटा प्रमुख अतिथिका रूपमा सहभागी थिए । भारतको मुम्बईबाट पहिलोपटक सहभागी हुन आएकी महिला धावकले आफू १० किमि दौडिन आएको र सबैभन्दा राम्रो लोकेसन रहेको बताइन् । मध्य प्रदेशबाट आएका राजेश पोरवाल ६० किमिको अल्ट्रा रनिङमा सहभागी भए । ६० वर्षभन्दा माथि उमेर समूहमा दौडिएका उनले दक्षिण अफ्रिका, मलेसियामा म्याराथनको अनुभव रहेको बताए । भारतका विभिन्न क्षेत्रबाट आएका धावक पाँचदेखि ६० किमिसम्मको दूरीको दौडमा सहभागी भए ।

उनीहरूका लागि गुन्जी, नाबीलगायतका गाउँ र आर्मी क्याम्पमा व्यवस्थापन गरिएको थियो । सहभागीका लागि नाबी गाउँमा सांस्कृतिक कार्यक्रम तथा सहभोज कार्यक्रम आयोजना गरिएको थियो । कैलाश क्षेत्रमा अल्ट्रा म्याराथन आयोजनाले पर्यटनलाई एक्सपोज गर्न सकिने आयोजकले जनाएको छ ।

उत्तराखण्डका मुख्यमन्त्री पुष्करसिंह धामीले कैलाश क्षेत्रमा पहिलो हाई अल्टिच्युडको अल्ट्रा रन सञ्चालन भएको बताए । 'कैलाशमा भएको ऐतिहासिक अल्ट्रा दौडले साहस र समर्पणको उदाहरण मात्र होइन, सीमावर्ती क्षेत्रमा साहसिक पर्यटन र खेलकुद संस्कृतिलाई पनि नयाँ दिशा दिन्छ,' मुख्यमन्त्री धामीले भने । लिपुलेक क्षेत्रमा पिथौरागढ जिल्लाका जिल्ला मजिस्ट्रेट (डिएम) आशिषकुमार भटगानी, धारचुलाका एसडिएम जितेन्द्र बर्मालगायत पुगेका थिए ।

दार्चुलाका प्रमुख जिल्ला अधिकारी पौडेलले अल्टा म्याराथन दौडका लागि नेपाली पक्षसँग कुनै समन्वय नभएको बताए । 'हामीलाई औपचारिक जानकारी छैन, तर कार्यक्रमबारे अनौपचारिक रूपमा सूचना पाएका छौं,' उनले भने, '१०-१२ दिनदेखि तयारी भइरहेको थियो । तर, कुनै समन्वय भएन ।'

खेल संक्षेप

बाँकेमा फिफाको फुटबल फर स्कुल

नेपालगन्ज/ बाँकेमा तीन हजार बालबालिकाको सहभागितामा फिफा फुटबल फर स्कुल कार्यक्रम आइतबारदेखि सुरु भएको छ । अखिल नेपाल फुटबल संघ (एन्फा)को सहयोग र बाँके जिल्ला फुटबल संघको आयोजनामा सुरु भएको कार्यक्रममा बालबालिकाले प्रशिक्षण गर्नेछन् । बाँकेको नेपालगन्ज रंगशालामा भएको उद्घाटनमा आठदेखि १२ वर्ष उमेर समूहका खेलाडीले प्रशिक्षणसँगै मैत्रीपूर्ण अभ्यास खेल खेलेका थिए । एन्फा अध्यक्ष पंकजविक्रम नेम्वाङले फुटबलको माध्यमबाट समाजमा सकारात्मक प्रभाव पार्ने बताए ।

भेट्रान एथलेटिक्स खेल्दै नेपाल

काठमाडौं/ नेपाली भेट्रान टोलीले २३औँ एसियाली मास्टर्स एथलेटिक्स च्याम्पियनसिपमा प्रतिस्पर्धा गर्ने भएको छ । भारतको चेन्नईमा च्याम्पियनसिप ५ देखि ९ नोभेम्बरसम्म हुनेछ । प्रतियोगितामा नेपालबाट २२ खेलाडीले विभिन्न स्पर्धामा प्रतिस्पर्धा गर्नेछन् । खेलाडीमा ग्रिवानविक्रम शाह, शिवहरि खनाल, गौतम माझी, तेजेन्द्र थापा, हरिगोपाल जोशी, राजेशकुमार श्रेष्ठ र कृष्णप्रसाद सिग्देल छन् । यसैगरी, शर्मिला श्रेष्ठ प्रधान, विष्णु मल्ल, सीता गुरुङ, इन्द्रकुमारी मल्ल, सुनीलकुमार लालवनी, श्रवणकुमार श्रेष्ठ, रामचन्द्र श्रेष्ठ, आसनारायण चौधरी, अरुणकुमार वैद्य, एन्थोनी अमात्य, गोविन्दबहादुर थापा र सन्तोषबहादुर खड्काले प्रतिस्पर्धा गर्ने संघले जनाएको छ ।

करांतेमा अनुष्का पहिलो

काठमाडौं/ दर्सी कंकेश्वरी अन्तरविद्यालय एकायन करांते प्रतियोगिताअन्तर्गत महिला ३५ केजी तौल समूहमा अनुष्का राई पहिलो भएकी छिन् । फाइनलमा रजिसा पुनमगरलाई हराउँदै उनी पहिलो भइन् । यसैगरी, महिला ४० केजीमुनि तौल समूहमा रेखा रोकायाले फाइनलमा अञ्जु राईलाई हराइन् । ४५ केजीमुनि तौल समूहमा साहाना भुजेल पहिलो र सभ्यता नेपाली दोस्रो भएका छन् । पुरुषतर्फ २५ केजीमुनि तौल समूहमा सुवास शाहीले उपाधि भिडन्तमा समिक घिमिरेलाई हराएका छन् । ३० केजीमुनि तौल समूहमा लविन कार्की पहिलो भएका छन् ।

झापा महिला गोल्डकप आजदेखि

प्रतियोगिताको विजेताले १० लाख १० हजार र उपविजेताले पाँच लाख रुपैयाँ पाउनेछन्



झापामा चिरञ्जीवी घिमिरे

झापा महिला गोल्डकप अन्तर्राष्ट्रिय आमन्त्रण फुटबल प्रतियोगिता सोमबार सुरु हुँदै छ । गोल्डकपको सम्पूर्ण तयारी सकिएको आयोजकले आइतबार जानकारी दिएको छ । निरन्तरको वर्षाका कारण प्रतियोगिता दुई दिन सरेको हो । २४ कात्तिकसम्म शिवसताक्षीस्थित दुधे रंगशालामा गोल्डकप हुनेछ । उद्घाटन खेलामा नेपाल पुलिसले चर्च ब्वाइज युनाइटेडको सामना गर्नेछ । प्रतियोगिताका लागि तीन हजार दर्शक क्षमताको पक्की स्थायी प्यारापिट निर्माण गरिएको छ । १० हजार दर्शक क्षमताको बाँसको अस्थायी प्यारापिट बनाइएको आयोजकका अध्यक्ष सन्तोष थोप्राले जानकारी दिए ।

प्रतियोगितामा एपिएफ, नेपाल पुलिस, चर्च ब्वाइज युनाइटेड, त्रिभुवन आर्मी, संकटा, झापा, आरएस पोखरा र सिक्किमको सिंग्लिङ स्पोर्टिङ क्लब गरी आठ टोलीले सहभागिता जनाउनेछन् ।

प्रतियोगिताको विजेताले १० लाख १० हजार रुपैयाँ र उपविजेताले पाँच लाख रुपैयाँ पाउनेछन् । आयोजकले महिला गोल्डकपकै सबैभन्दा धेरै पुरस्कार दाबी गरेको छ । प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडीलाई एक लाख ५० हजार रुपैयाँ प्रदान गरिने थोप्राले बताए ।

उत्कृष्ट गोलरक्षक, डिफेन्डर, मिडफिल्डर, स्ट्राइकर, उदीयमान खेलाडी, प्रशिक्षक र उच्च गोलकर्ताले समान २५ हजार रुपैयाँ पुरस्कार पाउनेछन् ।

एन्फा र 'ए' डिभिजन क्लबबिचको बैठक आज

नयाँ पत्रिका

अखिल नेपाल फुटबल संघ (एन्फा)ले सोमबार सहिद स्मारक 'ए' डिभिजन लिग आयोजनाका सम्बन्धमा १४ क्लबका प्रतिनिधिसँग छलफल गर्न बैठक बोलाएको छ । एन्फाले सातदोबाटोस्थित एन्फा मुख्यालयमा दिउँसो २ बजे बस्ने बैठकमा क्लबका पदाधिकारीलाई अनिवार्य उपस्थित हुन भनेको छ । गत शुक्रबार नवनियुक्त खेलकुदमन्त्री बब्लु गुप्ताले फुटबलको पछिल्लो अवस्थाबारे चासो राख्दै 'ए' डिभिजन लिग नहुनुको कारण एन्फा महासचिव किरण राईलाई सोधेका थिए ।

मन्त्री गुप्ताले सिंहदरबारस्थित मन्त्रालयमै एन्फा र शीर्ष डिभिजन क्लबसँग छुट्टाछुट्टै बैठक गरेका थिए । मन्त्रीसँगको बैठकपछि एन्फा महासचिव राईले 'ए' डिभिजन लिगमा आबद्ध १४ क्लबका पदाधिकारीसँग छलफल गर्ने बताए । राईले ५० दिनभित्र शीर्ष डिभिजन लिग सुरु गर्ने विषयमा छलफल भएको मन्त्रीलाई जानकारी गराएका थिए । एन्फाले आगामी वर्षको २६ असारसम्म सहिद स्मारक 'ए' डिभिजन लिग आयोजनाको प्रस्ताव राखेको थियो । त्यसपछि २६ असोजमा एन्फाले क्लबहरूलाई राष्ट्रिय लिगको प्रस्ताव राख्यो । एन्फाको पछिल्लो बैठकले तयारी नपुगेका कारण 'ए' डिभिजन लिग गर्न नसकिने र राष्ट्रिय लिगको प्रस्ताव राखेको हो । एन्फाले तीन सातापछि पुनः बैठक बोलाएको हो । एन्फाको गत २६ वैशाखमा काभ्रेको धुलिखेलमा भएको वार्षिक साधारणसभामामा 'ए' डिभिजन लिग १ पुस देखि ०८३ जेठ ३१ सम्म हुने गरी क्यालेन्डर सार्वजनिक गरेको थियो ।



खेलकुदमन्त्री बब्लु गुप्ताले तीन वर्षदेखि हुन नसकेको 'ए' डिभिजन लिगबारे चासो देखाएपछि एन्फा र १४ क्लबका पदाधिकारीबिच सोमबार बैठक बस्न लागेको हो

मुख्य प्रशिक्षक खड्काको प्रारम्भिक लिस्टमा ३५ खेलाडी

राष्ट्रिय फुटबल टोलीका मुख्य प्रशिक्षक हरि खड्काले मलेसिया र बंगलादेशविरुद्धको खेलका लागि प्रारम्भिक टोलीमा ३५ खेलाडी समावेश गरेका छन् । खड्काले बंगलादेशविरुद्धको मैत्रीपूर्ण खेल र एएएफसी एसियन कप छनोट खेल्न आइतबार प्रारम्भिक टोली घोषणा गरेका हुन् । गत बुधबार मुख्य प्रशिक्षक म्याट रोसले पदबाट राजीनामा दिएपछि एन्फाले १४ कात्तिकमा खड्कालाई मुख्य प्रशिक्षकको जिम्मेवारी दिएको थियो । राष्ट्रिय टोलीका पूर्वकप्तान तथा स्ट्राइकर खड्काको पहिलो प्रशिक्षणमा नेपालले २७ कात्तिकमा बंगलादेशविरुद्ध फिफा विन्डोमा अन्तर्राष्ट्रिय खेल खेल्नेछ । यस दिन बंगलादेशले अफगानिस्तानसँग खेल्ने तय थियो । तर, अफगानिस्तानले भ्रमण रद्द गरेपछि बंगलादेशले नेपालसँग प्रतिस्पर्धा गर्न लागेको हो । त्यसपछि नेपालले एएफसी एसियन कप छनोटअन्तर्गत २ मंसिरमा मलेसियासँग प्रतिस्पर्धा गर्नेछ ।

प्रभु बैंक लिमिटेड, शाखा कार्यालय कपन, काठमडौंका,
तपसिलमा उल्लेखित ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने तथा धितोमा रहेको सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गर्ने बारेको ७ दिने सार्वजनिक सूचना ।

(सूचना प्रकाशित मिति २०८२/०७/१७ गते सोमबारको नयाँ पत्रिका राष्ट्रिय दैनिक)

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीले लिएको कर्जाको किस्ता (साँवा, व्याज) भुक्तानी सम्बन्धी शर्त कबुलियत उल्लघंन गर्नु भएको तथा पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुनाले बैंकले कर्जा असुलीका लागि मिति २०८१/११/०६ गते मंगलबारको आर्थिक राष्ट्रिय दैनिक पत्रिकामा ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको सम्पत्ती गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गर्ने बारेको ७ दिने सार्वजनिक सूचना प्रकाशित गरिएकोमा सो सूचना बमोजिम ऋणीले कर्जा चुक्ता तथा धितो लिलाम बिक्री हुन नसकेकोले मिति २०८२/०५/०२ गते सोमबारको नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिकामा ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने तथा धितो लिलाम बिक्री गर्ने बारेको १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गरिएकोमा सो सूचना बमोजिम समेत कर्जा चुक्ता तथा धितो लिलाम बिक्री नभएकोले कर्जा असुलीका लागि कर्जा सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ, सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्ति के कति दर भाउ र मुल्यमा खरिद गरी लिने हो सो व्यहोरा खुलाई यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र गोप्य शिलबन्दी बोलपत्र बैंकको शाखा कार्यालय कपन, काठमाण्डौंमा दाखिल गर्नु हुन ईच्छुक व्यक्ति तथा संगठित संस्था सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ८ औं दिन अर्थात् मिति २०८२/०७/२४ गते सोमबार (सो दिन सार्वजनिक विदा परेमा सोको लगत्तै बैंक खुलेको दिन) बैंकको शाखा कार्यालय कपन, काठमाण्डौंमा दिनको ठीक ३:०० (तीन) बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षणधनी, ईच्छुक बोलपत्रदाता तथा सम्बद्ध सबैमा अनुरोध छ । प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाई स्वीकार वा अस्वीकार गर्न सक्ने व्यहोरा समेत जानकारी गराईन्छ । पुनश्चः यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र उक्त बांकी सम्पूर्ण कर्जाको साँवा ब्याज तथा हर्जाना लगायतका अन्य दै दस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता फछ्यौंट गर्न गराउनको लागि सम्बन्धित ऋणी, धितो सुरक्षण धनी तथा जमानतकर्ता समेतलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । उक्त म्याद भित्र समेत कर्जा चुक्ता नभएमा ऋणी तथा जमानतकर्ता लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गराउन सकिने व्यहोरा जानकारी गराउँदै कर्जाको सूरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लिखित अचल जायजेथा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी प्रस्तुत सूचनाको म्याद भित्र प्राप्त हुन आएका गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट लिलाम बिक्री गरिने र कुनै कारणवश तपसिलमा उल्लेखित जायजेथा लिलाम बिक्री नभएमा सो जायजेथा अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा नियमानुसार बैंकले आफ्नो नाममा सकार गरी लिन सक्ने तथा उक्त जायजेथाबाट बैंकको सम्पूर्ण बक्यौता असूल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गरी लिइने व्यहोरा समेत जानकारी गराइन्छ ।

तपसिल

क.ऋणी तथा जमानतकर्ताको विवरण :

ऋणी : नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर काठमाण्डौमा कम्पनी ऐन २०६३ बमोजिम मिति २०७८/०४/२१ गते **दर्ता नं. २६६९८१**/०७८/०७९ मा दर्ता भई नेपाल सरकार अर्थ मन्त्रालय आन्तरिक राजस्व विभाग, आन्तरिक राजश्व कार्यालय, ललितपुर १ बाट मिति २०७८/०४/२८ (मु.अ.कर दर्ता मिति २०७८/०४/२८) मा स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ६१००४६५८० को प्रमाणपत्र प्राप्त **उद्देश्य ट्रेड एण्ड इन्भेष्टमेन्ट प्रा.लि.। रजिष्टर्ड ठेगाना :** ललितपुर जिल्ला ललितपुर.महानगरपालिका वडा नं २, सानेपा ।

सञ्चालक तथा जमानतकर्ता : नमराज खत्री (ना.प्रं.नं. ५३३७१) जारी मिति २०४८/०४/०२, प्रतिलिपि जारी मिति २०७७/०८/११ जारी गर्ने कार्यालय जि.प्र.का. ललितपुर) । ठेगाना : ललितपुर जिल्ला गोदावरी नगरपालीका .वडा नं. ४ । बाबु : कृष्ण बहादुर खत्री । बाजे : रण बहादुर खत्री ।	**सञ्चालक जमानतकर्ता : नित्य गुरुङ** (ना.प्र.नं ४५-०१-७१-०१२८२, जारी मिति २०७१/०३/१५ जारी गर्ने कार्यालय जि.प्र.का. लमजुङ) । ठेगाना : लमजुङ जिल्ला, खुदी गा.वि.स.वडा नं.३ (हाल मर्स्याङदी गा.पा. वडा नं. ३) । बाबु : तिर्थ बहादुर गुरुङ । बाजे : शेर बहादुर गुरुङ ।
जमानतकर्ता : शान्ता खत्री (ना.प्र.नं २८-०१-०६७-०७९३६, जारी मिति २०६७/१२/०७ जारी गर्ने कार्यालय जि.प्र.का. ललितपुर) । ठेगाना : ललितपुर जिल्ला, बडिखेल गा.वि.स.वडा नं. ६ (हाल गोदावरी न.पा. वडा नं. ४) । बाबु : राम बहादुर अधिकारी । बाजे/पति : दल बहादुर अधिकारी / नमराज खत्री ।	**जमानतकर्ता : रविना गुरुङ,** (ना.प्रं.नं. ४५१००५/९०९९) जारी मिति २०६६/०२/३१ जारी गर्ने कार्यालय जि.प्र.का. लमजुङ) । ठेगाना : लमजुङ जिल्ला, खुदि गा.वि.स. वडा नं. ३ (हाल मर्स्याङदी गा.पा. वडा नं. ०३) । बाबु : रघु घले । बाजे/पति : कान्छा राम गुरुङ /तिर्थ बहादुर गुरुङ ।

ख. लिलाम बिक्री हुने सम्पत्तिको विवरण :

१. **नित्य गुरुङ** को नाममा मालपोत कार्यलय, बारा कलैया मा दर्ता श्रेष्ठा कायम रहेको बारा जिल्ला, गढहल गा.बि.स.वडा नं. ९ नक्सा सिट नं. ९ स्थित कित्ता नं. २८८ र २१८, क्षेत्रफल ०-१६-८-० र ०-४-१५-० (बिघा) घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पुर्ण लिगलगापात समेत.....१

२. ऋणी **उद्देश्य ट्रेड एण्ड इन्भेष्टमेन्ट प्रा.लि.**को स्वमित्वमा रहेको चालु सम्पत्तिहरु उपर हाइपोथिकेसन सुरक्षण.....१

पुनश्च :

१. बोलपत्र सम्बन्धी शर्त बन्देज सहितको बोलपत्र फारम **बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग र शाखा कार्यालय कपन**बाट समेत प्राप्त गर्न सकिनेछ ।

२. सम्पत्ति दाखेलखारेज नामसारी गर्दा नेपाल सरकारले तोके बमोजिम लाग्ने राजश्व लगायत सम्पूर्ण दैदस्तुर सकारकर्ता स्वयंले तिर्नुपर्नेछ ।

३. लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नु परेमा वा धितो लिलाम सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा **बैंकको प्रधान कार्यालय बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग र शाखा कार्यालय कपनमा** सम्पर्क राख्न सकिनेछ ।

prabhu Bank
प्रभु बैंक लिमिटेड
प्रधान कार्यालयः बबरमहल, काठमाडौं, नेपाल
फोन नं. ०१-५७१५०००

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com